Visit Dwarkadheeshvastu.com For
FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
****
All Music is also available in CD format. CD Cover can also be print with your Firm Name
****
We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.
Contact : Ankit Mishra (+91-8010381364, dwarkadheeshvastu@gmail.com)

****

SHREE SHIV GEETA

(Nepali)

****

सम्मतयः

यथा कोमलनाथेन कोमलैर्ललितैः पदैः ।
अनूक्ता श्रीकृष्णगीता गीयते सर्वतो जनैः ।।१।।
तथा श्रीशिवगीता च हृद्यैः पद्यैस्तु तत्समैः ।
अनूक्ता भक्तिभावेन भवानीशङ्करेण हि ।।२।।
ज्ञानं महेश्वरादिच्छेद् रामो रामेश्वरादिमाम् ।
शिवगीतां समाकर्ण्य रावणाज्ञानजिद् बभौ ।।३।।
हिमवत्कुसुमानिवासिना; शिवगीता विदुषा स्वनूदिता ।
शिवभक्तिमतां सतां नृणां; हृदये हीरकहारतामियात् ।।४।।
यदीशादेशीया दिशि दिशि दिशन्ती क्षितिरियं
क्षताज्ञानं ज्ञानं जगति गरिमाणं गतवती ।
यतो ईशावास्यं जगदिदमशेषं तदपि सा
हिमाले भूपाले निवसति भवानी भवयुता ।।५।।
शिवो रामे गीतामगददभिरामेपि वनिता-
वियोगाधिल्कान्ते गहनशिवयोगामृतमिह ।
शुभा भाषाटीका शिव! शिव! भवानीति विदिता
शुभाशंसां तस्या विरचयति योगी नरहरिः ।।६।।
(२०२०।१०।२२।४)

***

पश्चिमनेपालवाग्लुङ्कुसुमाग्रामवास्तव्येन श्रीमता विद्वद्वरिष्ठेन भवानीशङ्करशर्मणा सङ्कलित नेपालीयभाषापद्यसहिता श्रीशिवगीता मयाद्योपान्तं समवलोकिता । अनुवादकमहानुभावेन मूलग्रन्थस्य तात्पर्यं किञ्चदप्यनुज्झित्वा पद्यानि विरचितानि वर्तन्तेऽतीवभक्ति-रससम्पन्नानि । तान्यवलोकयतो मम तु मनो भक्तिसुधार्णवे निमग्नं सत्पुर्बहिर्निवर्तितुं न वाञ्छति धन्योऽयं भगवद्भक्तो महानुभावः भो भोः सज्जनाः ! भवन्तस्तदेतद्गन्थरत्नमवलोक्य स्वजन्म कृतार्थ-यन्त्विति विद्वज्जनान्साञ्जलिबन्धं प्रार्थयते-

गुल्मीखिदिम, श्रीहरिहर संस्कृत विद्यालयाध्यक्षोदधिरामोपाध्यायः

श्रीनेपालमण्डलान्तर्गतपश्चिमपर्वत-गण्डक्यञ्चलमध्ये कुसुमाग्रामं स्वजन्मना समलङ्कुर्वद्भिः पण्डितपदलङ्कृतैः पौडेलोपाह्वभवानीशङ्करशर्म महोदयैः प्रणीतया 'भवानीति, नेपालीयभाषापद्यात्मकया टीकयाविभूषिता शिवगीता मया मुद्रणात्पूर्वमेवाऽऽमूलचूलं सम्यक् परिशीलितास्ति । अत्र श्रीपण्डितप्रवरैः, भवानीशङ्करमहाभागैः श्रुतिमूलकपद्यार्थस्य सारल्याय बहुप्रयतितम् । एतैर्महानुभावैरनवरतमतीवपरिश्रममनुभूय समापितेऽस्मिन् ग्रन्थरत्ने बहिर्भूतान् विषयाननादृत्याऽत्रत्यार्थञ्च सर्वजनसाधारणस्यानायास-बोधाय सरलतमेन पथा स्फुटीकृताऽस्ति। अवश्यमेव ग्रन्थरत्नमिदं पर्वतीयबालवृद्धानरनारीकदम्बस्योपकाराय कल्पद्रुमायमाणं भविष्यति।

अतएव विद्वन्मूर्धन्यैरेतैर्महानुभावैर्विरचितभवानीसंज्ञितया टीकया:संवलितेयं शिवगीता सर्वात्मा समादर्तव्या समस्ताऽऽध्यात्मिक-विद्योपासकैः। ईदृशस्य परिश्रमस्यकृते अहं श्रीभवानी-शङ्करशर्ममहाभागान् धन्यवादैरभिनन्दामि। शिवगीताया: सर्वत्र प्रचारं कामये इत्यलम् पल्लवितेन।

विष्णुप्रसादशास्त्री (नव्यव्याकरणाचार्यः)
पश्चिम-नेपाल-वाग्लुङ्-धुल्लूढ़ाववास्तव्यः
२०२०-१०-९-५

***

शिवगीता उपनिषद्हरूको सार हो। अतः यसको उपादेयताको विषयमा केही लेख्नु सूर्यलाई प्रकाशित गर्न बत्ति बाल्नुजस्तै हो। बरू त्यसको संस्कृतमा अर्थ बुझ्न नसकी हाम्रो समाज त्यस रत्नदेखि वञ्चित थियो। त्यस क्षतिबाट बचाउन लोकोपकारको भावनाले श्री पं० भवानीशङ्कर उपाध्यायजीले श्लोकबद्ध भाषा-टीका लेखिदिनु भएकोले यो ग्रन्थ देख्न पाउँदा हृदय गद्गद् भएको छ। आशा छ, गुणग्राही सज्जनहरूले यसको कदर गरी लेखकको साहसलाई बढ़ाइदिने छन् ।

प्रिन्सिपल- नेपाली संस्कृत महाविद्यालय, वाराणसी
गोविन्द सुवेदी
२०२० माघ शुक्ल नवमी, लम्जुङ्

भूमिका

यद्यपि म कुनै त्यस्तो ठूलो सर्वशास्त्रज्ञ मानिस होइन र शिवगीता जस्तो धर्म, अर्थ, काम, मोक्ष, चारै पुरुषार्थको प्रतिपादक अमूल्य महान् ग्रन्थरत्नको सारतत्त्व सम्झाउने सामर्थ्य ममा थिएन तापनि पुलहाश्रम गण्डकीतट निवासी श्रीपूज्यपाद योगिराज ईश्वरानन्द ब्रह्मचारीजीबाट यसको श्लोकबद्ध भाषानुवाद गर्ने वरदानस्वरूप आदेश पाई विद्वान्हरूले बनाइएका बाटाको अवलम्बन लिई यो कार्य यथाशक्ति पूर्ण गरी अर्पण गरेको छु ।

यसमा सांसारिक जीवका निम्ति प्रवृत्ति मार्ग र मुमुक्षुका निम्ति निवृत्ति मार्ग देखाइएको छ । वैदिकधर्मावलम्बी सज्जनवृन्दहरूले यसमा दृष्टि दिई मूल पाठबाट ग्रन्थपारायणको फल र भाषा श्लोकबाट त्यसको अर्थ ज्ञान गरी यो अमूल्य नरजन्मलाई सफल गराउनु हुने छ, मेरो हार्दिक प्रार्थना छ ।

अर्थतोऽपीश्वरानन्दो यश्चाद्वैतपदेस्थितः ।
आज्ञया तस्य ब्रह्मर्षेः स्वमातृभाषया मया ।।
या टीका शिवगीताया भवानीसंज्ञिता कृता ।
मोदन्तां सुधियस्तत्र हसन्तु वाथ केचन ।।

विनीत :

पं० भवानीशङ्कर उपाध्याय पौडेल

पश्चिम गण्डकी अञ्चल, पर्वत कुसुमानिवासी

श्रीशिव गीता : एक सन्दर्भ

गीताहरू धेरै प्रकारका छन्, जस्तो कि : अनुगीता, अवधूत, अष्टावक्र, उद्धव, उत्तर, ईश्वर, कपिल, गणेश, देवी, पराशर, पाण्डव, पिंगल, ब्रह्मा, बोध्य, भिक्षु, श्रीमद्भगवद्, मङ्कि, यम, राम, विचिख्यु, व्यास, शिव, शम्पाक, सूर्य, सूत, हंस, हारित आदि रहेका छन्भने उपदेशसुधासार सर्वस्व श्रीशिव गीता पनि धेरै छन्, जस्तो कि पद्म, स्कन्द, कूर्म, श्रीमद्भागवत आदि पुराणहरूमा र श्रीरामचरितमानस आदि रामायणहरूमा पनि केही नामान्तरबाट उपलब्ध छन् तर पनि सबैभन्दा बढी प्रचलित पद्मपुराण-अन्तर्गतको अष्टादशाध्यायात्मिका शिवराघवसंवादरूपा श्रीशिवगीताको नै बढी महत्त्वको र प्राचीनकालदेखि नै प्रयोग हुँदै आइरहेको छ ।

खेमराज श्रीकृष्णदास कंपनी फर्मबाट प्रकाशित शिवगीताको प्रत्येक अध्यायको समाप्तिमा 'श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे.....' यसप्रकार उल्लेख गरेर पद्मपुराण-अन्तर्गतको शिवगीता भनिए पनि हालमा उपलब्ध पद्मपुराणका कुनै पनि संस्करणका पुस्तकहरूमा उक्त गीता भएको पाइँदैन । उपर्युक्त फर्मबाट प्रकाशित शिवगीतामा १८ अध्याय र आठसय पैंसठ्ठी श्लोकहरू रहेका छन् भने प्रस्तुत (यस) शिवगीतामा पनि जम्मा ८६५ नै श्लोक रहेका छन् । जो यस प्रकार छ–

अध्याय	१	२	३	४	५	६	७	८	९	श्लोक ८६५
श्लोक	४०	४३	३५	५२	३८	५७	४५	७०	५१	
अध्याय	१०	११	१२	१३	१४	१५	१६	१७	१८	
श्लोक	६३	४५	४२	३८	४२	४०	६१	६०	४३	

यो शिव गीता सबभन्दा पहिले भगवान् स्कन्दले सनत्कुमारलाई, सनत्कुमारले व्यासलाई, व्यासले सुतजीलाई, सुतजीले शौनकादि अठासीहजार ऋषीश्वरहरूलाई बताएको कुरा उल्लेख गरिएको छ ।

यस गीतामा भगवान् शिवजीले श्रीरामचन्द्रलाई दिनुभएको ब्रह्मज्ञानको चर्चा गरिएको छ । जसमा, श्रीरामचन्द्रले परम श्रद्धासँग श्रवण गरेर जानकीको वियोगको पीडा हटाउनुभएको थियो । यो गीता अद्भुत रत्न हो; जसलाई ग्रहण गर्नाले प्राणीको योग, आत्मज्ञान, शरीरको गति, कर्म उपासना, ज्ञान र अरू पनि अनेकौं विषयहरू जान्न र पाउन सकिने उल्लेख गरिएका छन् । यस्तो आत्मज्ञान यद्वा तत्त्वज्ञानले भरिएको शिवगीता नेपाली भाषामा सर्वसुलभरूपमा उपलब्ध थिएन । आजभन्दा करीब पैंतालीस वर्ष पहिले लेखी प्रकाशन गरिएको सरल नेपाली भाषा श्लोक-सहितको श्रीशिव गीता पहिलो पटक प्रकाशन भएको केही वर्षमैं समाप्त भएको र यस पुस्तकको अध्ययन-मनन चिन्तनबाट वञ्चित हुनु परेकोले धेरै धेरै सज्जन पाठक-महानुभावहरूबाट पुस्तक प्रकाशन गर्न बारंबार आग्रह भएअनुसार श्री तुलसीराम आचार्य तथा श्री राजन आचार्यको सदिच्छाबाट पुनः प्रकाशनमा ल्याउने जमर्को गरिएको हो ।

साथै यस संस्करणको परिशिष्टभागमा श्रीशिवसँग सम्बन्धित कतिपय महत्त्वपूर्ण तथा सद्यःसिद्धिप्रद स्तोत्र; मन्त्रहरू पनि समावेश गरिएकोले शिवभक्त-अनुरागी सज्जन महानुभावहरूका लागि यो पुस्तक परम उपयोगी हुनेछ भन्ने पूर्ण आशासहित पं० श्रीभवानीशङ्कर उपाध्याय पौडेलज्यूमा श्रद्धासुमनसहित यो पुस्तक समर्पण गर्दछौं।

त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये ।

विनीत :

२०६८ श्रावण संक्रान्ति — **ओमप्रकाश अधिकारी**

सम्पर्क सूत्र : अग्यौली गा.वि.स. वडा नं. ९ तीनघरे
९८४७०४१५५८ (शान्तिचोक) डण्डा (नवलपुर), नवलपरासी
लु. अ. (नेपाल)

विषय-सूची

क्रमाङ्क	विषय	पृष्ठाङ्क
	(क) सम्मति तीन (ख) सम्मति	तीन
	(ग) सम्मति चार (घ) सम्मति	चार
	(ङ) भूमिका	पाँच
	(च) श्रीशिव गीता : एक सन्दर्भ	छ
१.	शिवभक्ति-उत्कर्षनिरूपणं नाम **प्रथम अध्याय**	१
२.	वैराग्योपदेशो नाम **द्वितीय अध्याय**	१०
३.	विरजादीक्षानिरुपणं नाम **तृतीय अध्याय**	१९
४.	शिवप्रादुभावाख्यो नाम **चतुर्थ अध्याय**	२७
५.	रामाय वरप्रदानं नाम **पञ्चम अध्याय**	३८
६.	विभूतियोगो नाम **षष्ठ अध्याय**	४६
७.	विश्वरूपदर्शनं नाम **सप्तम अध्याय**	६१
८.	पिण्डोत्पत्तिकथनं नाम **अष्टम अध्याय**	७५
९.	देहस्वरूपनिर्णयो नाम **नवम अध्याय**	९०
१०.	जीवस्वरूप (कथनं) वर्णनं नाम **दशम अध्याय**	१०१
११.	जीवगत्यादि निरूपणं नाम **एकादश अध्याय**	११४
१२.	उपासनापंचकयोगो (उपासनाज्ञानफलं) नाम **द्वादश अध्याय**	१२४
१३.	मोक्षनिरूपणं नाम **त्रयोदश अध्याय**	१३४
१४.	पञ्चकोशोपपादनं नाम **चतुर्दश अध्याय**	१४३
१५.	भक्तियोगो नाम **पञ्चदश अध्याय**	१५३
१६.	गीताधिकारी निरुपणं नाम **षोडश अध्याय**	१६२
१७.	ब्रह्मनिरुपणयोगो नाम **सप्तदश अध्याय**	१७५
१८.	जीवन्मुक्तिस्वरूपनिरुपणयोगो **नाम अष्टादश अध्याय**	१८७
	परिशिष्टभाग	
	श्रीशिवसहस्रनामस्तोत्रम्	१९७
	श्रीशिवसहस्रनामावली	२१३

परिशिष्टभाग

अमोघशिवस्तोत्रम् (श्रीशिवस्तोत्रावली)

क्रमाङ्क	विषय	पृष्ठाङ्क
१.	अमोघ-शिवकवचम्	२३५
२.	शिवमहिम्नस्तोत्रम्	२४०
३.	शिवताण्डवस्तोत्रम्	२४७
४.	वेदसारशिवस्तोत्रम्	२५०
५.	शिवभुजङ्गप्रयातस्तोत्रम्	२५१
६.	दारिद्र्यदहनशिवस्तोत्रम्	२५२
७.	शिवपराधक्षमापनस्तोत्रम्	२५३
८.	शिवपञ्चाक्षरस्तोत्रम्	२५५
९.	शिवषडक्षरस्तोत्रम्	२५६
१०.	द्वादशज्योतिर्लिङ्गस्तोत्रम्	२५६
११.	शिवमानसपूजास्तोत्रम्	२५८
१२.	लिङ्गाष्टकम्	२५९
१३.	रुद्राष्टकम्	२६०
१४.	शङ्कराष्टकम्	२६१
१५.	शिवाष्टकम्	२६२
१६.	विश्वनाथाष्टकम्	२६३
१७.	बिल्वाष्टकम्	२६४
१८.	प्रदोषस्तोत्राष्टकम्	२६५
१९.	महादेवाष्टकम्	२६६
२०.	चन्द्रशेखराष्टकम्	२६७

क्रमाङ्क	विषय	पृष्ठाङ्क
२१.	पशुपत्यष्टकम्	२६९
२२.	विश्वमूर्त्यष्टकम्	२७०
२३.	शिवनामावल्यष्टकम्	२७१
२४.	शिवस्तुति	२७२
२५.	विश्वनाथस्तव	२७४
२६.	विश्वनाथमङ्गलस्तोत्रम्	२७५
२७.	काशीविश्वनाथस्तोत्रम्	२७७
२८.	उमामहेश्वरस्तोत्रम्	२८०
२९.	शिवरामाष्टकम्	२८१
३०.	मूर्त्यष्टकम्	२८२
३१.	शिवाष्टकम्	२८४
३२.	कालभैरवाष्टकम्	२८५
३३.	शिवरक्षास्तोत्रम्	२८७
३४.	शिवअष्टोत्तरशतनास्तोत्रम्	२८८
३५.	शिवअष्टोत्तशत नामावली	२८९
३६.	शिव-प्रातःस्मरणस्तोत्रम्	२९१
३७.	मृत्युञ्जयस्तोत्रम् (१)	२९२
३८.	मृत्युञ्जयस्तोत्रम् (२)	२९५
३९.	महामृत्युञ्जयकवचम्	२९६
४०.	श्रीशिवसहस्रनामस्तोत्र	२९८
४१.	विश्वकल्याणकारी विश्वपति नेपालका राष्ट्रदेव पशुपति	३१५
४२.	शिव आरती (नेपाली)	३२८

***

ॐ नमः शिवाय



ॐ नमः शिवाय

अथ श्रीशिवगीता

श्रीगणेशाय नमः ।। श्रीसरस्वत्यै नमः ।।

श्रीगुरुभ्यो नमः ।। श्रीसाम्बसदाशिवाय नमः ।।

विनियोगः– ॐ अस्य श्रीशिवगीतामालामन्त्रस्य श्रीवेदव्यासरूप्यागस्त्य-ऋषिः । जगतीच्छन्दः । श्रीसदाशिवः परमात्मादेवता । प्रणवो बीजम् । सर्वव्यापक इति शक्तिः। ह्रीं कीलकम् । ब्रह्मात्मसाक्षात्कारार्थे जपे विनियोगः ।

अथ अङ्गन्यासः– ॐ श्रीवेदव्यासरूप्यागस्त्यऋषिः शिरसि । ॐ जगतीच्छन्दो मुखे । ॐ श्रीसदाशिवपरमात्मा देवता हृदये । ॐ प्रणवो बीजं नाभौ । ॐ सर्वव्यापक इति शक्तिः गुह्ये । ॐ ह्रीं कीलकं पादयोः ।

अथ करन्यासः– ॐ ह्रां अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ ह्रूं मध्यमाभ्यां नमः । ॐ ह्रैं अनामिकाभ्यां नमः । ॐ ह्रौं कनिष्ठिकाभ्यां नमः । ॐ ह्रः करतलकरपृष्ठाभ्यां नमः ।।

अथ हृदयादि न्यासः– ॐ नमः शम्भवाय च हृदयाय नमः, ॐ नमो भवाय च शिरसे स्वाहा, ॐ नमः शङ्कराय च शिखायै वषट्, ॐ नमो मयस्कराय च कवचाय हुम्, ॐ नमः शिवाय नेत्र त्रयाय वौषट्, ॐ नमः शिवतराय च अस्त्राय फट् ।।

।। इति ।।

अथ ध्यानम्

अकारं विन्यसेन्नाभौ सत्त्वरूपं निरञ्जनम् ।
उकार हृदये विन्द्याद्रजोरूपं द्वितीयकम् ।।१।।
मकारं मूर्ध्नि विन्यस्य तमोरूपं च त्र्यम्बकम् ।
अकारश्च उकारश्च मकारो बिन्दुलक्षणः ।।२।।
त्रिधा मात्रा स्थिता यत्र तत्परं ज्योतिरोमिति ।
अकार उच्यते रुद्रो मकारश्च पितामहः ।।३।।
उकार उच्यते विष्णुस्तत्परं ज्योतिरोमिति ।
इच्छा क्रिया तथा शक्तिर्ब्राह्मी गौरी च वैष्णवी ।।४।।
त्रिधाः शक्तिः स्थिता यत्र तत्परं ज्योतिरोमिति ।
ब्रह्मा विष्णुश्च रुद्रश्च देवेन्द्रो देवतास्तथा ।।५।।
अमलार्कस्थिराकारं प्रज्वलं भुवनत्रयम् ।
धारयन्हृदये ब्रह्म वह्निना सह दृश्यते ।।६।।
दृशिस्वरूपं गगनोपमं परं सर्वात्मकं सात्त्विकमेकमक्षरम् ।
अलेपनं सर्वगतं यदद्वयं तदेव चाहं प्रणवं यदुक्तम् ।।७।।
उत्पन्नात्मावबोधस्य अद्वेष्टत्वादयो गुणाः ।
अशेषतो भवन्त्यस्य ननु संधानरूपिणः ।।८।।
मन्दारमालाकुलितालकायै,कपालमालाङ्कितशेखराय ।
दिव्याम्बरायै च दिगम्बराय, नमः शिवायै च नमः शिवाय ।।

।। श्रीशिवगीतोक्तन्यासध्यानसमाप्तिः ।।

卐

श्रीशिवगीता

(भवानीटीकोपेता)

भवानीशङ्करौ नत्वा भवानीशङ्करो द्विजः ।
पारमिच्छति गीतायाः कुरुतं पार्वतीश्वरौ ।।

सूत उवाच–

अथातः संप्रवक्ष्यामि शुद्ध कैवल्यमुक्तिदम् ।
अनुग्रहान्महेशस्य भवदुःखस्य भेषजम् ।।१।।

अब उप्रान्त यै भन्छू शुद्ध कैवल्यमुक्तिदा ।
संसारी दुःखको औषध् दया शंकरको हुँदा ।।१।।

नकर्मणामनुष्ठानैर्न दानैस्तपसापि वा ।
कैवल्यं लभते मर्त्यः किन्तु ज्ञानेन केवलम् ।।२।।

न कर्मका अनुष्ठान्ले दानले तपले पनि ।
कैवल्य मुक्ति पाइन्छ पाइन्छ ज्ञानले भनी ।।२।।

रामाय दण्डकारण्ये पार्वतीपतिना पुरा ।
या प्रोक्ता शिवगीताख्या गुह्याद्गुह्यतमा हि सा ।।३।।

दण्डकारण्यमा राम्मा पार्वती–पतिले अघि ।
भन्नू भो शिवगीताजि गुह्यमा पनि गुह्य यी ।।३।।

यस्याः श्रवणमात्रेण नृणां मुक्तिर्ध्रुवं भवेत् ।
पुरा सनत्कुमाराय स्कन्देनाभिहिता हि सा ।।४।।

जस्को श्रवणले मात्र जनले मुक्ति पाउने ।
उहि सनत्कुमार्जीमा स्कन्दले पहिले भने ।।४।।

सनत्कुमारः प्रोवाच व्यासाय मुनिसत्तमः ।
मह्यं कृपातिरेकेण प्रददौ बादरायणः ।।५।।

सनत्कुमार् मुनिश्रेष्ठ व्यासमा भन्नु भो अनि ।
कृपा धेरै हुँदा मैंमा दिनुभो व्यासले पनि ।।५।।

उक्तं च तेन कस्मैचिन्न दातव्यमिदं त्वया ।
सूतपुत्रान्यथा देवाः क्षुभ्यन्ति च शपन्ति च ।।६।।

हे सूत! नदिये तिम्ले जो कोहीलाइ क्वै दिन ।
दिंदामा देवता सारा रिसाई शाप दिन्छन ।।६।।

अथ पृष्टो मया विप्रा भगवान्बादरायणः ।
भगवन्देवताः सर्वाः किं क्षुभ्यन्ति शपन्ति च ।।७।।

ऋषि हो ! मइले सोधें त्यस्पछि व्यासजीकन ।
हे गुरो! किन यी द्यौता रिसाइ शाप दिन्छन ।।७।।

तासामत्रास्ति का हानिर्यया कुप्यन्ति देवताः ।
पाराशर्योऽथ मामाह यत्पृष्टं शृणु वत्स तत् ।।८।।

द्यौताको के छ नोक्सानी रिसिनु किन ती अनि ।
आज्ञा भो व्यासले बाबु जो सोध्यौ सुन त्यो भनी ।।८।।

नित्याग्निहोत्रिणो विप्राः सन्ति ये गृहमेधिनः ।
त एव सर्वफलदाः सुराणां कामधेनवः ।।९।।

कर्मनिष्ठ अग्निहोत्रि गृहस्थाश्रमि ब्राह्मण ।
द्यौताका हुन् तिनै कामधेनुझैं आस पूरण ।।९।।

भक्ष्यं भोज्यं च पेयं च यद्यदिष्टं सुपर्वणाम् ।
अग्नौ हुतेन हविषा तत्सर्वं लभते दिवि ।।१०।।

खानेर पिउने चुस्ने पर्वका यज्ञमा जति ।
होमिए अग्निमा घ्यूले स्वर्गमा पुग्दछन् तति ।।१०।।

नान्यदस्ति सुरेशानामिष्टसिद्धिप्रदं दिवि ।
दोग्ध्री धेनुर्यथा नीता दुःखदा गृहमेधिनाम् ।।११।।

अरू क्यै स्वर्गमा छैन इष्ट सिद्ध हुने कुरा ।
दुहुनी गाइ लियेमा गृहीमा दुःख् दिने पुरा ।।११।।

तथैवं ज्ञानवान्विप्रो देवानां दुःखदो भवेत् ।
त्रिदशास्तेन विघ्नन्ति प्रविष्टा विषयं नृणाम् ।।१२।।

तेसैले ज्ञानवान् ब्राह्मण् द्यौतामा दुख् दिने भई ।
पुरुष्को गर्दछन् विघ्न द्यौता विषयमा गई ।।१२।।

ततो न जायते भक्तिः शिवे कस्यापि देहिनः ।
तस्मादविदुषां नैव जायते शूलपाणिनः ।।१३।।

त्यसैले शिवमा भक्ति हुँदैन देहधारिको ।
बिना भक्ति दया हुन्न मूर्खमा शूलपाणिको ।।१३।।

यथाकथञ्चिज्जातापि मध्ये विच्छिद्यते नृणाम् ।
जातं वापि शिवज्ञानं न विश्वासं भजत्यलम् ।।१४।।

लागोस् भक्ति कथंचित्कै बिचैमा नाश हुन्छ त्यो।
कसै भक्ति भएदेखि अनविश्वासि बन्छ त्यो ।।१४।।

ऋषय ऊचुः–

यद्येवं देवता विघ्नमाचरन्ति तनूभृताम् ।
पौरुषं तत्र कस्यास्ति येन मुक्तिर्भविष्यति ।।१५।।

यदि यस्तो देवताले मानिस्मा विघ्न गर्दछन्।
पुरुषार्थ पुगी कस्को कसरी मोक्ष पाउँछन् ।।१५।।

सत्यं सूतात्मज ब्रूहि तत्रोपायोऽस्ति वा न वा।

सूत उवाच–

कोटिजन्मार्जितैः पुण्यैःशिवे भक्तिः प्रजायते ।।१६।।

साँचै भनन हे सूत! उपाय छ कि छैन क्यै।
भन्छन् सूत हुन्न भक्ति कोटि जन्म धरम् नभै ।।१६।।

इष्टापूर्तादिकर्माणि तेनाचरति मानवः ।
शिवार्पणधिया कामान्परित्यज्य यथाविधि ।।१७।।

भक्ति भो शिवमा जस्को यज्ञ पौवादि कर्म जो।
गर्छ अर्पण शङ्करमा विधिले काम त्यागि त्यो ।।१७।।

अनुग्रहात्तेन शम्भोर्जायते सुदृढो नरः ।
ततो भीताः पलायन्ते विघ्नं हित्वा सुरेश्वराः ।।१८।।

दयाले शिवको मानिस् दृढभक्ति बन्यो जसै।
अनि द्यौता विघ्न छाडी भाग्दछन् भयभीत भै ।।१८।।

जायते तेन शुश्रूषा चरितं चन्द्रमौलिनः ।
शृण्वतो जायते ज्ञानं ज्ञानादेव विमुच्यते ॥१९॥

चरित्र शिवको सुन्ने होला श्रद्धा जऊनको ।
सुन्नाले ज्ञान पाएर ज्ञानले मोक्ष हुन्छ त्यो ॥१९॥

बहुनात्र किमुक्तेन यस्य भक्तिः शिवे दृढा ।
महापापोपपापौघकोटिग्रस्तोऽपि मुच्यते ॥२०॥

धेरै के भनुँ शङ्करमा जसको भक्ति दृढ् भयो ।
ठूला साना पाप कोटि हउन् तापनि मुक्त भो ॥२०॥

अनादरेण शाठ्येन परिहासेन मायया ।
शिवभक्तिरतश्चेत्स्यादन्त्यजोऽपि विमुच्यते ॥२१॥

अनादरले मूर्खताले हँस्सिले कपटैसँग ।
भक्ति होस् शिवमा जस्को चाण्डालै पनि मुक्त छ ॥२१॥

एवं भक्तिश्च सर्वेषां सर्वदा सर्वतोमुखी ।
तस्यां तु विद्यमानायां यस्तु मर्त्यो न मुच्यते ॥२२॥

शङ्करको भक्ति यस्तो छ सबैको सहजै हुने ।
छँदाछँदै भक्ति यस्तो किन मानिस् न छूटने ॥२२॥

संसारबन्धनात्तस्मादन्यः को वास्ति मूढधीः ।
नियमाद्यस्तु कुर्वीत भक्तिं वा द्रोहमेव वा ॥२३॥

को होला मूर्ख जो त्यस्तो भवबन्ध नकाटने ।
नियमले जो गरोस् भक्ति द्रोहै पनि गऱ्यो भने ॥२३॥

तस्यापि चेत्प्रसन्नोऽसौ फलं यच्छति वाञ्छितम् ।
ऋद्धं किञ्चत्समादाय क्षुल्लकं जलमेव वा ॥२४॥

त्यस्को आसा पुरा गर्छन् मन इच्छा दिई फल ।
सानू वस्तु लिई किञ्चित् अथवा केवलै जल ॥२४॥

यो दत्ते नियमेनासौ तस्मै दत्ते जगत्त्रयम् ।
तत्राप्यशक्तो नियमान्नमस्कारं प्रदक्षिणाम् ॥२५॥

विधिपूर्वक जो दिन्छ उस्मा तीन्लोक दिन्छन ।
नसक्दा शिव खूसी छन् गर्दा ढोग परीक्रम ॥२५॥

यः करोति महेशस्य तस्मै तुष्टो भवेच्छिवः ।
प्रदक्षिणास्वशक्तोऽपि यः स्वान्तेचिन्तयेच्छिवम् ॥२६॥

जस्ले गर्छ महेश्वरको नमस्कार प्रदक्षिण ।
तेस्मा पनि प्रसन्नै छन् नसके गर चिन्तन ॥२६॥

गच्छन्समुपविष्टो वा तस्याभीष्ट प्रयच्छति ।
चन्दनं बिल्वकाष्ठस्य पुष्पाणि वनजान्यपि ॥२७॥

बस्दा डुल्दा सम्झनाले मनोरथ् पूर्ण गर्दछन् ।
वन्का फूल् बेलका पात चन्दन्ले पनि खूसि छन् ॥२७॥

फलानि तादृशान्येव यस्य प्रीतिकराणि वै ।
दुष्करं तस्य सेवायां किमस्ति भुवनत्रये ॥२८॥

त्यस्ता फल्फूल छन् प्यारा शङ्करका अतिभक्तमा ।
के भो दुष्कर तीन्लोक्मा शिवको भक्ति गर्नमा ॥२८॥

वन्येषु यादृशी प्रीतिर्वर्तते परमेशितुः ।
उत्तमेष्वपि नास्त्येव तादृशी ग्रामजेष्वपि ॥२९॥
वन्का फल्फूलमा जस्तै परमेश्वर् प्रसन्न छन् ।
ग्राम्य फल्फूलमा उस्तो प्रसन्न हुनुहुन्न झन् ॥२९॥
तं त्यक्त्वा तादृशं देवं यः सेवेतान्यदेवताम् ।
स हि भागीरथीं त्यक्त्वा कांक्षते मृगतृष्णिकाम् ॥३०॥
तेस्ता शङ्कर छाडेर अरू देव पुकारनु ।
गङ्गा छाडेर तीर्खाले बालुवातिर धाउनु ॥३०॥
किन्तु यस्यास्ति दुरितं कोटिजन्मसु सञ्चितम् ।
तस्य प्रकाशते नायमर्थो मोहान्धचेतसः ॥३१॥
किनकि पाप होस् जस्को कोटिजन्म उपार्जित ।
जान्दैन मोहले यस्तो पार् हुने सहजैसित ॥३१॥
न कालनियमो यत्र न देशस्य स्थलस्य च ।
यत्रास्य चित्तं रमते तस्य ध्यानेन केवलम् ॥३२॥
न देश्को काल्को स्थल्को नियम् छ कोहि ध्यानमा ।
जहाँ प्रसन्न मन् हुन्छ खुशि छन् तहिं ज्ञानमा ॥३२॥
आत्मत्वेन शिवस्यासौ शिवसायुज्यमाप्नुयात् ।
अतिस्वल्पतरायुः श्रीर्भूतेशांशाधिपोऽपि यः ॥३३॥
आत्मैमा शिव ध्यान् गर्दा शिवसायुज्य पाउँछ ।
स्वल्पायु निर्धनी होस् तापनि लोकै नुहाउँछ ॥३३॥

स तु राजाहमस्मीति वादिनं हन्ति सान्वयम् ।
कर्तापि सर्वलोकानामक्षय्यैश्वर्यवानपि ॥३४॥

सम्पूर्ण लोकका कर्ता राजा धनिक जो पनि ।
वंश नै वशमा पार्छ भक्ति शङ्करको बनी ॥३४॥

शिवः शिवोऽहमस्मीति वादिनं यं च कञ्चन ।
आत्मना सह तादात्म्यभागिनं कुरुते भृशम् ॥३५॥

हे शिवे! तिमि नै मै हुँ भन्ने जो जति मानिस ।
आफूमा उसको आत्मा मेल गर्छ सदा शिव ॥३५॥

धर्मार्थकाममोक्षाणां पारं यस्याथ येन वै ।
मुनयस्तत्प्रवक्ष्यामि व्रतं पाशुपताभिधम् ॥३६॥

धर्म अर्थ काम मोक्ष चारैवर्ग सहज् दिने ।
भन्छू त्यै मुनि हो सुन्नु पाशुपत् व्रत हो लिने ॥३६॥

कृत्वा तु विरजां दीक्षां भूतिरुद्राक्षधारिणः ।
जपन्तो वेदसाराख्यं शिवनामसहस्रकम् ॥३६॥

लिएर विरजा दीक्षा भस्म रुद्राक्ष धारण ।
शिवसहस्रनाम् जप्नू वेदसार बुझीकन ॥३७॥

संत्यज्य तेन मर्त्यत्वं शैवीं तनुमवाप्स्यथ ।
ततः प्रसन्नो भगवाञ्छङ्करो लोकशङ्करः ॥३८॥

त्यस्ले मर्ने देह छोडि अमर् देह बनाउँछ ।
त्यस्मा प्रसन्न भै शंकर् जे चाह्यो उहि पाउँछ ॥३८॥

भवतां दृश्यतामेत्य कैवल्यं वः प्रदास्यति ।
रामाय दण्डकारण्ये यत्प्रादात्कुम्भसंभवः ॥३९॥

दर्शन् भै तिमिहेरूमा कैवल्य मुक्ति फेर् दिने ।
राम्मा अगस्तिले जो यो दण्डकारण्यमा भने ॥३९॥

तत्सर्वं वः प्रवक्ष्यामि शृणुध्वं भक्तियोगिनः ॥४०॥

त्यही यो तिमिमा भन्छू भक्ति धारी सबै सुने ॥४०॥

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे भक्त्युत्कर्षनिरूपणं नाम प्रथमोऽध्यायः।

निम्न पुस्तकहरू अब सर्वत्र उपलब्ध छ :

१. सिद्धगणेशस्तोत्रम् (श्रीगणेश स्तोत्रावली) (गणेशसम्बन्धी प्रायः सम्पूर्ण स्तोत्रहरू यस पुस्तकमा समावेशित छन् । (जस्तैः गणेशसहस्र-नामस्तोत्र, गणेशसहस्रनामावली, गणेश गीता, गणेशार्थवशीर्षस्तोत्र, गणेशचौथी पूजा विधि व्रत कथा र गणेश आरति आदि थुप्रै विषयहरू रहेका छन्)।

२. त्रैलोक्यमङ्गलसूर्यस्तोत्रम् (श्रीसूर्य स्तोत्रावली) (यस पुस्तकमा श्रीसूर्य- सम्बन्धी प्रायः सम्पूर्ण स्तोत्रहरू समावेश गरिएका छन् । जस्तैः, सूर्य-सहस्रनामस्तोत्र,सहस्रनामावली, आइतवारी रवि पूजा विधि व्रत-कथा, सूर्य पुराणको सवाई, सूर्य आरति, सूर्य गीता, तृचाकल्पनमस्कार, सूर्य ग्रहशान्ति प्रयोग आदि थुप्रै विषयहरू रहेका छन् । सूर्य सम्बन्धी यस्तो पुस्तक सर्वप्रथम प्रकाशित भएको हो) ।

३. अमोघशिवस्तोत्रम् (श्रीशिव स्तोत्रावली) (यस पुस्तकमा श्रीशिवसम्बन्धी प्रायः अधिकाधिक स्तोत्रहरू जस्तैः शिवमानसपूजा, शिवापराधक्षमापन-स्तोत्र, शिवमहिम्नस्तोत्र, शिवकवच, शिवअष्टोत्तरशतनामस्तोत्र, नामावली, शिवसहस्रनामस्तोत्र, नामावली, र नेपाली भाषा श्लोकमा शिवगीता आदि थुप्रै विषयहरू समावेश गरिएका छन्)।

अथ द्वितीयोऽध्यायः

ऋषय ऊचुः–

किमर्थमागतोऽगस्त्यो रामचन्द्रस्य सन्निधिम् ।
कथं वा विरजां दीक्षां कारयामास राघवम् ॥
ततः किमाप्तवान् रामः फलं तद्वक्तुमर्हसि ॥१॥

अगस्ति किन आएका रामजीका समीपमा ।
कसरी विरजा दीक्षा गराए रामचन्द्रमा ॥
त्यस्पछि फल के पाये रामले भन हामिमा ॥१॥

सूत उवाच–

रावणेन यदा सीताऽपहृता जनकात्मजा ।
तदा वियोगदुःखेन विलपन्नास राघवः ॥२॥

रावणले जुन बेलामा जनक्-कन्या हर्‍यो सीता ।
वियोगी भै विलाप् गर्ने हुनु भो राम् जगत्-पिता ॥२॥

निर्निद्रो निरहङ्कारो निराहारो दिवानिशम् ।
मोक्तुमैच्छत्ततः प्राणान्सानुजो रघुनन्दनः ॥३॥

देहको अभिमान् निद्रा दिन् रात् एकै भईकन ।
प्राणै छोडन भो इच्छा रामको सँग लक्ष्मण ॥३॥

लोपामुद्रापतिर्ज्ञात्वा तस्य सन्निधिमागमत् ।
अथ तं बोधयामास संसारासारतां मुनिः ॥४॥

यो जानी रामथ्यैँ आई लोपामुद्रापति मुनि ।
संसार् असार सम्झाए राम्कन तपका धनि ।।४।।

अगस्त्य उवाच–

किं विषीदसि राजेन्द्र! कान्ता कस्य विचार्यताम् ।
जडः किं नु विजानाति देहोऽयं पाञ्चभौतिकः ।।५।।

राजेन्द्र किन यो खेद पत्नी कस्का विचार् गर ।
हो यो देह पाञ्चभौतिक् जडमा ज्ञान् कहाँ छ र ।।५।।

निर्लेपः परिपूर्णश्च सच्चिदानन्दविग्रहः ।
आत्मा न जायते नैव म्रियते न च दुःखभाक् ।।६।।

सच्चित् आनन्द यो आत्मा निर्लेप परिपूर्ण छ ।
जन्मनू मरनू छैन न कोहि दुःख भोग्दछ ।।६।।

सूर्योऽसौ सर्वलोकस्य चक्षुष्ट्वेन व्यवस्थितः ।
तथा वै चाक्षुषैर्दोषै र्न कदाचिद्विलिप्यते ।।७।।

जो यी सूर्य सबै लोक्का आँखा भइ रहन्छन ।
आँखा दोषि भई सूर्य दोषि हुन्न कदाचन ।।७।।

सर्वभूतान्तरात्माऽपि यद्वद्दृश्यैर्न लिप्यते ।
देहोऽपि मलपिण्डोऽयं मुक्तजीवो जडात्मकः ।।८।।

यस्तै संपूर्ण प्राणिको आत्मा निर्लेप दुःखमा ।
रज् बीज्को देह यो जीव्ले छोड्दा जड् हुन्छ क्षीणमा ।।८।।

दह्यते वह्निना काष्ठैः शिवाद्यैर्भक्ष्यतेऽपि वा ।
तथापि नैव जानाति विरहे तस्य का व्यथा ।।९।।

खाइन्छ स्याल आदिले जल्दछ अग्निमा परी।
वियोगमा के छ दुःख् त्यस्को जानिन्न मोहले गरी।।९।।

सुवर्णगौरी दूर्वाया दलवच्छ्यामलापि वा।
पीनोत्तुङ्गस्तनाभोग भुग्न सूक्ष्मविलग्निका ।।१०।।

सुवर्णझैं स्वच्छवर्ण कि दुबाझैं छ आकृति।
उच्चा स्तन-कलश् जस्का सानू कम्बर क्या छवि।।१०।।

बृहन्नितम्बजघना रक्तपादसरोरुहा।
राकाचन्द्रमुखी बिम्बप्रतिबिम्बरदच्छदा ।।११।।

फुकेकी जघन-स्थान पाऊ कमलकै सरी।
मुखचन्द्रसरी ओठ मानू गोल्काँक्रिझैं धरी।।११।।

नीलेन्दीवरनीकाशनयनद्वयशोभिता ।
मत्तकोकिलसँल्लापा मत्तद्विरदगामिनी ।।१२।।

नीलाकमलझैं लामा नेत्रले अति शोभित।
मत्त कोइलिझैं वाणी गमनमा हातिकै ठिक।।१२।।

कटाक्षैरनुगृह्णाति मां पञ्चेषुशरोत्तमैः।
इति तां मन्यते मूढः स तु पञ्चेषुशासितः ।।१३।।

कामका वाणझैं नेत्र कटाक्ष मइ (मैं) मा दिने।
यस्तो जुन् मूर्ख संझन्छ त्यै हो काम वशै हुने।।१३।।

तस्या विवेकं वक्ष्यामि शृणुष्वावहितो नृप।
न च स्त्री न पुमानेष नैव चायं नपुंसकः ।।१४।।

तेस्को विवेक हे राम! भन्छु एकाग्र भै सुन।
यो आत्मा स्त्री पुरुष् हैन छैन फेरी नपुंसक।।१४।।

अमूर्तः पुरुषः पूर्णो द्रष्टा देही स जीवनः।
या तन्वङ्गी मृदुर्बाला मलपिण्डात्मिका जडा।।१५।।

अमूर्ति घटमा बस्दा देह चैतन्य पारने।
सुन्दरी अबला हो यो जड मल्-पिण्ड धारने।।१५।।

सा न पश्यति यत्किञ्चिन्न शृणोति न जिघ्रति।
चर्ममात्रा तनुस्तस्याबुध्वा त्यक्षस्व राघव।।१६।।

देख्ने सुघ्ने हैन सुन्ये हो छालाको बनावटी।
यो जानी त्याग त्यो माया हे राम! गर सन्मति।।१६।।

या प्राणादधिका सैव हन्त ते स्याद्घृणास्पदम्।
जायन्ते यदि भूतेभ्यो देहिनः पाञ्चभौतिकाः।।१७।।

प्राणभन्दा पियारी यी सीता हुन् दुःखदायिका।
देहिका देह यी पञ्चभूतदेखी बनीयका।।१७।।

आत्मा यदेकलस्तेषु परिपूर्णः सनातनः।
का कान्ता तत्र कः कान्तः सर्व एव सहोदराः।।१८।।

ती सबमा पूर्णआत्मा एक् अविनाशी सनातन।
कुन् स्त्री पति कउन् कस्का भाइ तुल्य सबै छन।।१८।।

निर्मितायां गृहावल्यां तदवच्छिन्नतां गतम्।
नभस्तस्यां तु दग्धायां नकांचित्क्षतिमृच्छति।।१९।।

जस्तै बनेका घर् घर्मा आकाश् प्रवेश भैकन।
घर् जल्दा नाश त्यो हुन्न संझ यै रघुनन्दन ।।१९।।

तद्वदात्मापि देहेषु परिपूर्णः सनातनः ।
हन्यमानेषु तेष्वेव स स्वयं नैव हन्यते ।।२०।।

त्यस्तै आत्मा पनि देह सबैमा छ सनातन।
नाश् हुँदा देह सारा यी हुन्न नाश कदाचन ।।२०।।

हन्ता चेन्मन्यते हन्तुं हतश्चेन्मन्यते हतम् ।
तावुभौ न विजानीतो नायं हन्ति न हन्यते ।।२१।।

मार्नेले मइले मारें मर्नेले म मरें भनी।
भन्ने हुन् यि दुवै मूर्ख न मर्छ न छ मारिने ।।२१।।

अस्मान्नृपातिदुःखेन किं खेदस्यास्ति कारणम् ।
स्वस्वरूपं विदित्वैव दुःखं त्यक्ता सुखी भव ।।२२।।

तस्मात् हे राम! दुःखी भै दुःखको के छ कारण।
आफ्नै रूप विचारेर छाड दुःख सुखी बन ।।२२।।

राम उवाच–

मुने! देहस्य नो दुःखं नैव चेत्परमात्मनः ।
सीतावियोगदुःखाग्निर्मां भस्मीकुरुते कथम् ।।२३।।

मुने! देह र आत्मामा दुःख छैन कतै भने।
सीता विरहको अग्नि मलाइ किन पोलने ।।२३।।

सदाऽनुभूयते योऽर्थः स नास्तीति त्वयेरितः ।
जायतां तत्र विश्वासः कथं मे मुनिपुङ्गव! ।।२४।।

जो वस्तु सर्वदा भोगी रहिन्छ ह्वैन त्यो भने।
हे मुनिश्रेष्ठ! त्यो मैले विश्वास कसरी लिने।।२४।।

अन्योऽत्र नास्तिको भोक्ता येन जन्तुः प्रतप्यते।
सुखस्य वापि दुःखस्य तद्ब्रूहि मुनिसत्तम !।।२५।।

देह आत्मा दुःख सुख भोग्दैनन् यि दुवै भने।
मुनिराज्को छ फेर् अर्को भन्नुहोस् वस्तु भोगने।।२५।।

अगस्त्य उवाच–

दुर्ज्ञेया शाम्भवी माया यया संमोह्यते जगत्।
मायां तु प्रकृतं विद्यान्मायिनं तु महेश्वरम्।।२६।।

न जानि सकिने माया मोहै पार्छिन् सबै जगत्।
मायावान् शिव हुन् माया हुन् प्रकृति न छन् अलग्।।२६।।

तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत्।
सत्यज्ञानात्मकोऽनन्तो विभुरात्मा महेश्वरः।।२७।।

उनै शंकरका अंश जीवले व्याप्त यो जगत्।
अनन्त रूप ज्ञानात्मा सत्य रूप उनै फगत्।।२७।।

तस्यैवांशो जीवलोके हृदये प्राणिनां स्थितः।
विस्फुलिङ्गा यथा वह्नेर्जायन्ते काष्ठयोगतः।।२८।।

अग्निदेखि फिलुङ्गाझैं शिवदेखि यि जीव् पनि।
सबैका हृदयेघट्मा बस्दछन् अंश रूप् बनी।।२८।।

अनादिकर्मसंबद्धास्तद्वदंशा महेशितुः।
अनादिवासनायुक्ताः क्षेत्रज्ञा इति ते स्मृता।।२९।।

अनादि कर्म बन्धनमा परेका वासनासहित् ।
तिनै शिवांश जीव् सारा क्षेत्रज्ञ कहिनू छ हित् ।।२९।।

मनो बुद्धिरहंकारश्चित्तञ्चेति चतुष्टयम् ।
अन्तःकरणमित्याहुस्तत्र ते प्रतिबिम्बिताः ।।३०।।

अहंकार् चित मन् बुद्धि यि चार् अन्तस्करण् भनी।
तिनैमा पर्नगै प्रतिबिम्ब क्षेत्रज्ञको पनि ।।३०।।

जीवत्वं प्राप्नुयुः कर्मफलभोक्तार एव ते ।
ततो वैषयिकं तेषां सुखं वा दुःखमेव वा ।।३१।।

कहिन्छन् जीव यो नाम्ले कर्मफल् भोगने बनी।
त्यस्पछि विषयै सारा कर्मका फल् गनी गनी ।।३१।।

त एव भुञ्जते भोगायतनेऽस्मिञ्छरीरके ।
स्थावरं जङ्गमं चेति द्विविधं वपुरुच्यते ।।३२।।

यी स्थूल देह धारेर भोग्दछन् सुख दुःख् पनि।
स्थावर्जङ्गमका भेल्ले शरीर् दुई किसिम् बनी ।।३२।।

स्थावरास्तत्र देहाः स्युः सूक्ष्मा गुल्मलतादयः ।
अण्डजाः स्वेदजास्तद्वदुद्भिज्जा इति जङ्गमाः ।।३३।।

स्थावर् जंगम हुन् वृक्ष लहरा घाँस्हरू सबै ।
पसिना पृथिवी अण्ड साल्नाल्देखि बनीन गै ।।३३।।

योनिमन्ये प्रपद्यन्ते शरीरत्वाय देहिनः ।
स्थाणुमन्येऽनुसंयन्ति यथाकर्म यथाश्रुतम् ।।३४।।

कर्ममाफिक् जन्म लिन्छन् योनिमा जीवहेरु गै।
कोही बस्छन् कर्मले नै वृक्षहेरू बनीन गै ।।३४।।

सुख्यहं दुःख्यहं चेति जीव एवाभिमन्यते ।
निर्लेपोऽपि परं ज्योतिर्मोहितः शम्भुमायया ।।३५।।

सुखी हुँ दुःखी हुँ यस्तो मायावश् जीव भन्दछ।
परंज्योति स्वच्छ हो तापनि देही उ बन्दछ ।।३५।।

कामःक्रोधस्तथा लोभो मदो मात्सर्यमेव च।
मोहश्चेत्यरिषड्वर्गमहङ्कारगतं विदुः ।।३६।।

काम क्रोध लोभ मोह घमण्ड रिस षड्गण।
अहंकार्देखि बन्ने हुन् आत्माका अरिझैं छन ।।३६।।

स एव बोध्यते जीवः स्वप्नजाग्रदवस्थयाः ।
सुषुप्तौ तदभावाच्च जीवः शङ्करतां गतः ।।३७।।

स्वप्न जाग्रत् अवस्थामा अहंकार्ले दुःखी बनी।
न हूँदा त्यो सुषुप्तीमा रहन्छ जीव शिव् बनी ।।३७।।

स एव मायासंस्पृष्टः कारणं सुखदुःखयोः ।
शुक्तौ रजतबद्विश्वं मायया दृश्यते शिवे ।।३८।।

मायामा उहि जीव् पर्दा सुख दुःख् सब भोग्दछ।
सिपीमा चादिझैं भ्रान्ति हुँदा शिव् जीव बन्दछ ।।३८।।

ततो विवेकज्ञानेन न कोऽप्यत्रास्ति दुःखभाक्।
ततो विरम दुःखात्त्वं किं मुधा परितप्यसे ।।३९।।

यसैले ज्ञानवान् काहीँ दुःख भोग्दैन जानिल्यौ।
हे राम! व्यर्थ यो दुःख जानेर ताप छाडि द्यौ।।३९।।

मुने सर्वमिदं तथ्यं यन्मदग्रे त्वयोरितम्।
तथापि न जहात्येतत्प्रारब्धादृष्टमुल्बणम्।।४०।।

हे मुने! हो वचन् सत्य ममा जो छ भनीयको।
भयङ्कर् किन छोड्दैन प्रारब्ध फलकर्म यो।।४०।।

मत्तं कुर्याद्यथा मद्यं नष्टाविद्यमपि द्विजम्।
तद्वत्प्रारब्धभोगोऽपि न जहाति विवेकिनम्।।४१।।

मत्त गर्छ मदीराले जस्तै प्राणिहरू सबै।
तस्तै विवेकी ज्ञानीमा प्रारब्ध रहने सँगै।।४१।।

ततः किं बहुनोक्तेन प्रारब्धसचिवः स्मरः।
बाधते मां दिवारात्रमहङ्कारोऽपि तादृशः।।४२।।

धेरै के भनुँ प्रारब्धको हो यो मन्त्रि कामना।
रात्दिन् दिन्छ ममा दुःख अहंकार् पनि तेसमा।।४२।।

अत्यन्तपीडितो जीवः स्थूलदेहं विमुञ्चति।
तस्माज्जीवाप्तये मह्यमुपायः क्रियतां द्विज।।४३।।

असह्य दुःख मानेर जीवले देह छोडन।
तैयारी छ उपाये क्यै गर्नुहोस् ऋषि सत्तम!।।४३।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे अगस्त्यराघवसंवादे भवानी टीकायां
वैराग्योपदेशो नाम द्वितीयोऽध्यायः।।२।।

अथ तृतीयोऽध्यायः

अगस्त्य उवाच–

न गृह्णाति वचः पथ्यं कामक्रोधादिपीडितः ।
हितं न रोचते तस्य मुमूर्षोरिव भैषजम् ॥१॥

लिंदैन हित बात् जो छ पीडित् भै काम क्रोधमा ।
औषध् जस्तै मर्ने मानिस् हित मान्दैन खानमा ॥१॥

मध्ये समुद्रं या नीता सीता दैत्येन मायिना ।
आयास्यति नरश्रेष्ठ सा कथं तव संनिधिम् ॥२॥

मायावी दैत्य रावणले सीता बीच समुद्रमा ।
लगेकी कसरी मिल्ने तिम्रा हे राम! साथमा ॥२॥

बध्यन्ते देवताः सर्वा द्वारि मर्कटयूथवत् ।
किञ्च चामरधारिण्यो यस्य सन्ति सुराङ्गनाः ॥३॥

बाँधिन्छन् द्वारमा जस्का देवता वानरैसरि ।
देव-स्त्री चामरै हाँक्छन् जस्का प्रतापले गरी ॥३॥

भुंक्ते त्रिलोकीमखिलां यः शम्भुवरदर्पितः ।
निष्कण्टकं तस्य जयः कथं तव भविष्यति ॥४॥

शंकर्को वर पाएर जस्ले तीन्लोक भोग्दछ ।
जित् होला कसरी तिम्रो निष्कण्टक् राज्य गर्दछ ॥४॥

इन्द्रजिन्नाम पुत्रो यस्तस्यास्तीशवरोद्धतः ।
तस्याग्रे सङ्गरे देवा बहुबारं पलायिताः ॥५॥

इन्द्रजित् पुत्र जस्को छ पाएर शिवको वर ।
भाग्दछन् देवता सारा रणमा जो धुरन्धर ।।५।।

कुम्भकर्णाह्वयो भ्राता यस्यास्ति सुरसूदनः ।
अन्यो दिव्यास्त्रसंयुक्तश्चिरञ्जीवी विभीषणः ।।६।।

कुम्भकर्ण भाइ जस्मा भयभीत् देवता छन ।
अर्को दिव्यास्त्रधारी फेर् चिरञ्जीवी विभीषण ।।६।।

दुर्गं यस्यास्ति लङ्काख्यं दुर्जेयं देवदानवैः ।
चतुरङ्गबलं यस्य वर्तते कोटिसंख्यया ।।७।।

जानै नसकिने लङ्का सैन्यकोटि भयङ्कर ।
चार प्रकार छन् जस्मा देवता मान्दछन् डर ।।७।।

एकाकिना त्वया जेयः स कथं नृपनन्दन ।
आकांक्षते करे धर्तुं बालश्चन्द्रमसं यथा ।।
तथा त्वं काममोहेन जयं तस्याभिवाञ्छसि ।।८।।

एकला तिमिले रावण् जितिएला कसोगरि ।
बालकले चन्द्रमा टिप्छु भनेझैं मोहमा परि ।।
गर्छौं राम तिमी इच्छा उही बालक नै सरी ।।८।।

श्रीराम उवाच–

क्षत्रियोऽहं मुनिश्रेष्ठ ! भार्या मे रक्षसा हृता ।
यदि तं न निहन्म्याशु जीवने मेऽस्ति किम् फलम् ।।९।।

मुनिराज् क्षेत्रि हूँ मेरी सीता रावणले हर्‍यो ।
नमारे दुष्ट यो मेरो जीउनू निष्फलै गर्‍यो ।।९।।

अतस्ते तत्त्वबोधेन न मे किञ्चित्प्रयोजनम् ।
कामक्रोधादयः सर्वे दहन्त्येते तनुं मम ।।१०।।
यसैले उपदेश् तिम्रो ममा के भो प्रयोजन ।
कामना क्रोधले देह लागेको छ जलाउन ।।१०।।
अहङ्कारोऽपि मे नित्यं जीवनं हन्तुमुद्यतः ।
हतायां निजकान्तायां शत्रुणाऽवमतस्य वै ।।११।।
शत्रुले हेलन गर्दा सीता हर्दा ऋषिश्वर ।
यो मेरो जीवनै नाश्न अहङ्कार छ तत्पर ।।११।।
यस्य तत्त्वबुभुत्सा स्यात् स लोके पुरुषाधमः ।
तस्मात्तस्य वधोपायं लङ्घयित्वाम्बुधिं रणे ।
ब्रूहि मे मुनिशार्दूल! त्वत्तो नान्योऽस्ति मे गुरुः ।।१२।।
जस्को छ तत्त्वको इच्छा हुन्छ त्यो नीच लोकमा ।
तस्मात् सागर् तरी मार्ने युक्ति दिनोस हामिमा ।
हजुर्बाहेक् छैन अर्को गुरु मेरो विचारमा ।।१२।।

अगस्त्य उवाच–

एवं चेच्छरणं याहि पार्वतीपतिमव्ययम् ।
स चेत्प्रसन्नो भगवान्वाञ्छतार्थं प्रदास्यति ।।१३।।
यस्तो इच्छा भए राम अविनाशी उमापति ।
गर्छन् पूरा शरण् जाऊ शिवकै गर लौ स्तुति ।।१३।।
देवैरजेयः शक्राद्यैर्हरिणा ब्रह्मणापि वा ।
स ते वध्यः कथं वा स्याच्छङ्करानुग्रहं विना ।।१४।।

ब्रह्मा विष्णु देवताले जिति नसकिने कसै ।
जितौला कसरी राम दया शङ्करको नभै ।।१४।।

अतस्त्वां दीक्षयिष्यामि विरजामार्गमाश्रितः ।
तेन मार्गेण मर्त्यत्वं हित्वा तेजोमयो भव ।।१५।।

त्यस्कारण् विरजा मार्ग दीक्षा यो दिन्छु लौ सुन।
त्यै मार्गले मर्त्यदेह छाडी दिव्य शरीर् बन ।।१५।।

येन हत्वा रणे शत्रून्सर्वान्कामानवाप्स्यसि ।
भुक्त्वा भूमण्डले चान्ते शिवसायुज्यमाप्स्यसि ।।१६।।

जुन् मार्गले शत्रु जिती भोगौला सुख भोग् यहाँ ।
अन्त्यमा शिवसायुज्य मोक्ष पद् पाउला वहाँ ।।१६।।

सूत उवाच–

अथ प्रणम्य रामस्तं दण्डवन्मुनिसत्तमम् ।
उवाच दुःखनिर्मुक्तः प्रहृष्टेनान्तरात्मना ।।१७।।

त्यस्पछि दण्डवत् राम्ले गर्नुभो ऋषिराजको ।
भन्नु भो दुःख सब् त्याग हर्षले युक्त वाक्य यो ।।१७।।

श्रीराम उवाच–

कृतार्थोऽहं मुने! जातो वाञ्छितार्थो ममागतः ।
पीताम्बुधिः प्रसन्नस्त्वं यदि मे किमु दुर्लभम् ।
अतस्त्वं विरजां दीक्षां देहि मे मुनिसत्तम ! ।।१८।।

समुद्र पिउने आफू ममा प्रसन्न भै गये ।
के भो दुर्लभ् मुने! मेरो कृतार्थ अब लौ भयें ।।
यस्कारण् विरजा दीक्षा म पाउँ योग्यता भये ।।१८।।

अगस्त्य उवाच–

शुक्लपक्षे चतुर्दश्यामष्टम्यां वा विशेषतः ।
एकादश्यां सोमवारे आर्द्रायां वा समारभेत् ।।१९।।

एकादशी अष्टमी भो शुक्लपक्षे चतुर्दशी ।
आर्द्रा सोमवार पारी आरम्भ गर लौ बसी ।।१९।।

यं वायुमाहुय रुद्रं यमग्निं परमेश्वरम् ।
परात्परतरं चाहुः परात्परतरं शिवम् ।।२०।।

जस्लाई वायु यम् अग्नि रुद्र भन्छन् परेश्वर ।
सबैभन्दा ठुला शङ्कर् यिदेखि छैन क्वै पर ।।२०।।

ब्रह्मणो जनकं विष्णोर्वह्नेर्वायोः सदाशिवम् ।
ध्यात्वाग्निनाऽऽवसध्याग्निं विशोध्य च पृथक्पृथक् ।।२१।।

ब्रह्मा विष्णु अग्नि वायु उत्पत्ति गरने शिव ।
ध्यान् गर्नू पछि अग्नीको बीजमन्त्र क्रमैसित ।।२१।।

पञ्चभूतानि संयम्य ध्यात्वा गुणविधिक्रमात् ।
मात्राः पञ्च चतस्त्रश्च त्रिमात्राद्विस्ततःपरम् ।।२२।।

पञ्चभूत्को विचार् राखी गुणफेरी विधिसँगै ।
मात्रा पाँच् चार तीन् दूइ एकदेखि अलक्क भै ।।२२।।

एकमात्रममात्रं हि द्वादशान्तं व्यवस्थितम् ।
स्थित्यां स्थाप्यामृतो भूत्वा ब्रतं पाशुपतं चरेत् ।।२३।।

सुल्टा मात्रासँगै सृष्टि उल्टा मात्रासँगै लय ।
उत्पत्ति स्थितिमा राखी अमृत् भै शिव निर्भय ।।२३।।

इदं व्रतं पाशुपतं करिष्यामि समासतः ।
प्रातरेवन्तु संकल्प्य निधायाग्निं स्वशाखया ॥२४॥
पाशुपत् व्रत यो मैले गर्नेछू प्रातमैं भनी ।
संकल्प गर्नु शाखाका अग्निको स्थापना पनि ॥२४॥
उपोषितः शुचिः स्नातः शुक्लाम्बरधरः स्वयम् ।
शुक्लयज्ञोपवीतश्च शुक्लमाल्यानुलेपनः ॥२५॥
उपवास् रहनू शौच-स्नान वस्त्र सफेद् धरी ।
सेतै माला जनै चन्दन् पहिरी भक्ति खुब् धरी ॥२५॥
जुहुयाद्विरजामन्त्रैः प्राणपानादिभिस्ततः ।
अनुवाकान्तमेकाग्रः समिदाज्यचरुन्पृथक् ॥२६॥
"अनुवाक्" मन्त्रपर्यन्त प्राणापानादिको हवन् ।
विरजा[१] मन्त्रले गर्दा समिधा चरु घ्यू रहुन् ॥२६॥
आत्मन्यग्निं समारोप्य याते अग्नेति मन्त्रतः ।
भस्मादायाग्निरित्याद्यैर्विमृज्याङ्गानि संस्पृशेत् ॥२७॥
"याते अग्ने[२]" मन्त्र यस्ले अग्नि आत्मा विषेधरी ।
"अग्नि" रित्यादि मन्त्रैले भस्म लाउनु बेसरी ॥२७॥

१. प्राणापानव्यानोदानसमाना मे शुद्ध्यन्ताम् ।
ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा ॥
विरजा=सुख-दुःख आदि सांसारिक वासना नभएको,
कुनै पनि वस्तुमा लालच नभएको, अनुराग वा प्रेम नभएको ।
विरजा होम=संन्यास लिने बेलामा गरिने होम ।

२. यास्तेऽअग्नेसूर्य्येरुचोदिवमातन्वन्तिरश्मिभिः।
ताभिर्नोऽअद्य सर्व्वाभीरुचेजनायनस्कृधि ॥

भस्मच्छन्नो भवेद्विद्वान्महापातकसम्भवैः ।
पापैर्विमुच्यते सत्यमुच्यते च न संशयः ॥२८॥
भस्मधारी विचार्‌वान्‌का महापातक जो जती ।
छुट्‌दछन् भस्म लेपन्‌ले सन्देह छैन एक्‌रति ॥२८॥
वीर्यमग्नेर्यतो भस्म वीर्यवान्भस्मसंयुतः ।
भस्मस्नानरतो विप्रो भस्मशायी जितेन्द्रियः ॥२९॥
अग्निको वीर्य हो भस्म वीर्यवान् हुन्छ भस्मले ।
भस्मै स्नान् गरनू सुत्नू भस्मैमा ब्रह्मचर्यले ॥२९॥
सर्वपापविनिर्मुक्तः शिवसायुज्यमाप्नुयात् ।
एवं कुरु महाभाग! शिवनामसहस्रकम् ।
इदं तु संप्रदास्यामि तेन सर्वार्थमाप्स्यसि ॥३०॥
सबै पाप् नाश भै आखिर् शिवसायुज्य गर्छ त्यो ।
यति गरेपछी दिन्छू शिवनामसहस्र यो ।
गर पाठ् भक्ति धारेर इच्छा पूर्ण हुनेछ यो ॥३०॥

सूत उवाच–

इत्युक्त्वा प्रददौ तस्मै शिवनामसहस्रकम् ॥३१॥
यति भनेर ऋषिले दिनुभो नाम्‌सहस्र यो ॥३१॥
वेदसाराभिधं नित्यं शिवप्रत्यक्षकारकम् ।
उक्तं च तेन राम त्वं जप नित्यं दिवानिशम् ॥३२॥
वेदको सार प्रत्यक्ष शिवको मिल्छ दर्शन ।
भन्नुभो जप यै राम! दिन्‌रात गर चिन्तन ॥३२॥

ततः प्रसन्नो भगवान्महापाशुपतास्त्रकम् ।
तुभ्यं दास्यति तेन त्वं शत्रून्हत्वाप्स्यसि प्रियाम् ॥३३॥

तेस्ले खुशी भै शंकर्ले दिनन् पाशुपतास्त्र ली ।
तेसैले शत्रु मारेर सीताजी पाउला पछि ॥३३॥

तस्यैवास्त्रस्य माहात्म्यात्समुद्रं शोषयिष्यसि ।
संहारकाले जगतामस्त्रं तत्पार्वतीपतेः ॥३४॥

त्यै अस्त्रका प्रभावैले समुद्र शोषणै गरी ।
संहार् गर्ने अस्त्र जो हो पार्वतीपतिले धरी ॥३४॥

तदलाभे दानवानां जयस्तव सुदुर्लभः ।
तस्माल्लब्धुं तदेवास्त्रं शरणं याहि शङ्करम् ॥३५॥

त्यो अस्त्र न मिलेसम्म तिम्रो जित् हुन दुर्लभ ।
तेसैले अस्त्रका निम्ति शिवमा गै शरण् पर ॥३५॥

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे अगस्त्यराघवसंवादे विरजादीक्षानिरूपणं नाम तृतीयोऽध्यायः ॥३॥



अथ चतुर्थोऽध्यायः

सूत उवाच–

एवमुक्त्वा मुनिश्रेष्ठे गते तस्मिन्निजाश्रमम् ।
अथ रामगिरौ रामस्तस्मिन्गोदावरी तटे ॥१॥
यति भनेर ऋषिराज् आफ्ना आश्रममा गए ।
पछी गोदावरी तीरका राम रामगिरिमा रहे ॥१॥
शिवलिङ्गं प्रतिष्ठाप्य कृत्वा दीक्षां यथाविधि ।
भूतिभूषितसर्वाङ्गो रुद्राक्षाभरणैर्युतः ॥२॥
विभूति धारि सर्वाङ्ग रुद्राक्ष पहिरीकन ।
दीक्षा विधिसँगै स्थापन् शिवलिङ्ग गरीकन ॥२॥
अभिषिच्य जलैः पुण्यैर्गौतमीसिन्धुसम्भवैः ।
अर्चयित्वा वन्यपुष्पैस्तद्वद्वन्यफलैरपि ॥३॥
अभिषेचन् सिन्धुगोदावरीका जलले गरी ।
वनका फलफूलले पूजा गर्नुभो भक्ति खुब् धरी ॥३॥
भस्मच्छन्नो भस्मशायी व्याघ्रचर्मासने स्थितः ।
नाम्नां सहस्रं प्रजपन्नक्तं दिवमनन्यधीः ॥४॥
घस्ने भस्म शयन् भस्म छालामा बसि बाघको ।
बुद्धि-स्थिर गरी रातदिन् जप्नु भो नामसहस्र जो ॥४॥
मासमेकं फलाहारो मासं पर्णाशनः स्थितः ।
मासमेकं जलाहारो मासं च पवनाशनः ॥५॥

पैलो मैह्रा फलाहार पत्ता दोस्रामहाँ भयो ।
तेस्रामा जल आहार चौथामा वायुमात्र भो ।।५।।
सान्तो दान्तः प्रसन्नात्मा ध्यायन्नेवं महेश्वरम् ।
हृत्पङ्कजे समासीनमुमादेहार्धधारिणम् ।।६।।
इन्द्रिय वशमा राखी शान्त प्रसन्न भै मन ।
उमासाथ् हृदयेघट्मा शिवको ध्यान् गरीकन ।।६।।
चतुर्भुजं त्रिनयनं विद्युत्पिङ्गजटाधरम् ।
कोटिसूर्यप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।।७।।
चार्बाहु नेत्र तीन् शिर्मा जटा बिजुलिझैं धरि ।
कोटि सूर्यसरी कान्ति चन्द्रझैं शीतलो गरी ।।७।।
सर्वाभरणसंयुक्तनागयज्ञोपवीतिनम् ।
व्याघ्रचर्माम्बरधरं वरदाभयधारणम् ।।८।।
सम्पूर्ण गहना धारी सर्पको नै जनै धरी ।
बाघाम्बर् पहिरी मुद्रावर अभयका धरी ।।८।।
व्याघ्रचर्मोत्तरीयञ्च सुरासुरनमस्कृतम् ।
पञ्चवक्त्रं चन्द्रमौलिं त्रिशूलडमरूधरम् ।।९।।
ओढने बाघकै छाला त्रिशूल डमरू लिने ।
पाँच मुख् शिरमा चन्द्र ढोग देव्दैत्यले दिने ।।९।।
नित्यञ्च शाश्वतं शुद्धं ध्रुवमक्षरमव्ययम् ।
एवं नित्यं प्रजपतो गतं मासचतुष्टयम् ।।१०।।

अविनाशी नित्य शुद्ध एकरूप् परमेश्वर ।
यहि ध्यान् गरदा मैह्ना बिते चार क्रमैसँग ।।१०।।

अथ जातो महान्नादः प्रलयाम्बुदभीषणः ।
समुद्रमथनोद्भूतमन्दरावनिभृद्ध्वनिः ।।११।।

त्यस्पछि प्रलयेकाल्का मेघझैं शब्द भो अनि ।
जस्तै समुद्र मथदा हुन्थ्यो मन्दरको ध्वनि ।।११।।

रुद्रबाणाग्निसंदीप्तभ्रश्यत्त्रिपुरविभ्रमः ।
तमाकर्ण्याथ संभ्रातो यावत्पश्यति पुष्करम् ।।१२।।

त्रिपुर् दाह हुँदा जस्तै शिव वाणाग्निकै सरी ।
सुन्दा शब्द नजर् राम्को गयो आकाशमा परी ।।१२।।

तावदेव महातेजो रामस्यासीत्पुरो द्विजः ।
तेजसा तेन सम्भ्रातो नापश्यत्स दिशो दश ।।१३।।

त्यस्बखत् रामका साम्ने महातेजस्वी ब्राह्मण ।
देखदा तेजले भ्रम्मै दिशाको ख्याल् नभैकन ।।१३।।

अन्धीकृतेक्षणस्तूर्णं मोहं यातो नृपात्मजः ।
विचिन्त्य तर्कयामास दैत्यमायां द्विजेश्वर ।।१४।।

अन्धझैं मोह भै राम आखिर् येहि विचार् भयो ।
हो माया दैत्यको भन्ने हे ऋषे ! एहि भै गयो ।।१४।।

अथोत्थाय महावीरः सज्यं कृत्वा स्वकं धनुः ।
अविध्यन्निशितैर्बाणैर्दिव्यास्त्रैरभिमन्त्रितैः ।।१५।।

त्यस्पछि धनुमा ताँदो लगाई उठि रामले ।
तीखा दिव्यास्त्र मन्त्रेर हान्नुभो अनि बाणले ।।१५।।

आग्नेयं वारुणं सौम्यं मोहनं सौरपार्वतम् ।
विष्णुचक्रं महाचक्रं कालचक्रञ्च वैष्णवम् ।।१६।।

अग्नि पर्वत जल् मोह चन्द्र सूर्यास्त्रको पनि ।
विष्णुकाल महाचक्र वैष्णवास्त्रहरू पनि ।।१६।।

रौद्रं पाशुपतं ब्राह्मं कौबेरं कुलिशानिलम् ।
भार्गबादिबहून्यस्त्राण्ययं प्रायुंक्त राघवः ।।१७।।

रुद्र पाशुपत ब्रह्म कुबेर वज्र वायुको ।
भार्गव आदि शस्त्रास्त्र धेरै बाण प्रयोग भो ।।१७।।

तमिंस्तेजसि शस्त्राणि चास्त्राण्यस्य महीपतेः ।
विलीनानि महाभ्रस्य करका इव नीरधौ ।।१८।।

त्यो तेज्मा रामका अस्त्र छोड़ेका सब लीन् भए ।
जस्तै समुद्रमा पत्थर् उही माफिक सब् भए ।।१८।।

ततः क्षणेन जज्वाल धनुस्तस्य कराच्च्युतम् ।
तूणीरं चाङ्गुलित्राणं गोधिकापि महीपतेः ।।१९।।

त्यस्पछि धनु भो भस्म गिरि राम् हस्तदेखि फेर् ।
ठोक्रो र अङ्गुली त्राण जले लागेन केहि बेर् ।।१९।।

तद्दृष्ट्वा लक्ष्मणो भीतः पपात भुवि मूर्छितः ।
अथकिञ्चित्करो रामो जानुभ्यामवनिङ्गतः ।।२०।।

त्यो देखी भयले लक्ष्मण् मूर्छा भै भूमिमा परे ।
राम् पनि केहि मन्मा ली घुँडा शिर् भूमिमा धरे ।।२०।।

मीलिताक्षो भयाविष्टः शङ्करं शरणं गतः ।
स्वरेणाप्युच्चरन्नुच्चैः शम्भोर्नामसहस्रकम् ।।२१।।

डरले चिम्लि आँखा फेर् शिवका शरणै परे ।
उच्चै स्वर गरी पाठ शिवसहस्रनाम् गरे ।।२१।।

शिवञ्च दण्डवद्भूमौ प्रणनाम पुनः पुनः ।
पुनश्च पूर्ववच्चासीच्छब्दोदिङ्मण्डलं ग्रसन् ।।२२।।

दण्डवत् शिवको गर्ने बारम्बार् अनि राम्कन ।
शब्द भो अघिकैजस्तो दिशा लागे ति घन्कन ।।२२।।

चचाल वसुधा घोरं पर्वताश्च चकम्पिरे ।
ततः क्षणेन शीतांशुशीतलं तेज आपतत् ।।२३।।

डग्मग् पृथ्वी भइन् सारा लागे पर्वत काँपन ।
त्यस्पछि चन्द्रजस्तै भो शीतलो तेज झन्झन ।।२३।।

उन्मीलिताक्षो रामस्तु यावदेतत्प्रपश्यति ।
तावद्ददर्शवृषभंसर्वालङ्कारसंयुतम् ।।२४।।

जब राम्चन्द्रले नेत्र खोले थे देखियो तहाँ ।
वृषभ् एक् गहना सारा लाएको सब् शरीरमहाँ ।।२४।।

पीयूषमथनोद्भूतनवनीतस्य पिण्डवत् ।
प्रोतस्वर्णं मरकतच्छायशृङ्गद्वयान्वितम् ।।२५।।

क्षीरसागर मथ्दामा निस्केको नौनिझैं सफेद् ।
सुन्मा जडेको मरकत्मणि दुइ शृङ्गमा छ फेर् ।।२५।।

नीलरत्नेक्षणं ह्रस्वकण्ठकम्बलभूषितम् ।
रत्नपल्याणसंयुक्तं निबद्धं श्वेतचामरैः ।।२६।।

नीलाकमलझैं नेत्र छोटो माला गलामहाँ ।
रत्नका मणिले युक्त सेता चामर छन् जहाँ ।।२६।।

घण्टिकाघर्घरीशब्दैः पूरयन्तं दिशोदश ।
तत्रासीनं महादेवं शुद्धस्फटिकविग्रहम् ।।२७।।

क्षुद्र ती घण्टिका घर्घर् स्वरले दशदिशा भरी ।
रहने वृषका माथि महादेव् फटिकै सरी ।।२७।।

कोटिसूर्यप्रतीकाशं कोटिशीतांशुशीतलम् ।
व्याघ्रचर्माम्बरधरंनागयज्ञोपवीतिनम् ।।२८।।

कोटि सूर्यसमान् कान्ति शीतल्मा कोटि चन्द्रझैं ।
व्याघ्रचर्म पहीरेका लाएका सर्पका जनै ।।२८।।

सर्वालङ्कारसंयुक्तं विद्युत्पिङ्गजटाधरम् ।
नीलकण्ठं व्याघ्रचर्मोत्तरीयं चन्द्रशेखरम् ।।२९।।

पैह्रेका गहना सारा जटा बिजुलिकै सरी ।
ओढने बाघको छाला चन्द्रमा शिरमा धरी ।।२९।।

नानाविधायुधोद्भासिदशबाहुं त्रिलोचनम् ।
युवानं पुरुषश्रेष्ठ सच्चिदानन्दविग्रहम् ।।३०।।

दश्बाहू हतियार्युक्त नेत्र तीन् पुरुषोत्तम ।
नीलकण्ठ चिदानन्द सत्यरूप निरञ्जन ।।३०।।
तत्रैव च सुखासीनां पूर्णचन्द्रनिभाननाम् ।
नीलेन्दीवरदामाभामुद्यन्मरकतप्रभाम् ।।३१।।
साथैमा सुखले बस्ने उमापूर्ण शशिमुखी ।
नीलाकमल्का मरकत्मणिझैं कान्ति फेर् खुशी ।।३१।।
मुक्ताभरणसंयुक्तां रात्रिं ताराञ्चितामिव ।
बिन्ध्यक्षितिधरोतुङ्गकुचभारभरालसाम् ।।३२।।
मोतिका गहना सारा तारायुक्त निशासरि ।
उच्चा विन्ध्यसमान् स्तन्का भारले श्रममा परी ।।३२।।
सदसत्संशयाविष्टमध्यदेशान्तराम्बराम् ।
दिव्याभरणसंयुक्तां दिव्यगन्धाऽनुलेपनाम् ।।३३।।
छ छैन शङ्किलो कम्मर् दिव्य वस्त्रहरू धरी ।
लाएका गहना चन्दन् न छन् क्वै उनका सरी ।।३३।।
दिव्यमाल्याम्बरधरां नीलेन्दीवरलोचनाम् ।
अलकोद्भासिवदनां ताम्बूलग्रासशोभिताम् ।।३४।।
नीलाकमलझैं नेत्र सुन्दर् माला धरीकन ।
पानले लाल ओंठ् जस्का घुङ्ग्रा केश अलक् छन ।।३४।।
शिवालिङ्गनसञ्जातपुलकोद्भासिविग्रहाम् ।
सच्चिदानन्दरूपाढ्यां जगन्मातरमंबिकाम् ।।३५।।

आलिंगन् शिवको पाई रोमाञ्चित् देहधारिणी ।
उमा तीन्लोककी माता सच्चित् आनन्दरूपिणी ।।३५।।

सौन्दर्यसारसन्दोहां ददर्श रघुनन्दनः ।
स्वस्ववाहनसंयुक्तान्नानायुधलसत्करान् ।।३६।।

सुन्दरको सारझैं राम्मा दर्शन् पार्वतीका भयो ।
आफ्ना वाहन् शस्त्र आफ्नै शोभा हातविषे छ जो ।।३६।।

बृहद्रथन्तरादीनि सामानि परिगायतः ।
स्वस्वकान्तासमायुक्तान्दिक्पालान्परितः स्थिता ।।३७।।

वृहद्रथान्त साम्वेद्को गानमा अति मग्न भै ।
चारैतर्फ सबै दिक्पाल् बस्छन् पत्नी लिई सँगै ।।३७।।

अग्रगं गरुडारूढं शङ्खचक्रगदाधरम् ।
कालाम्बुदप्रतीकाशं विद्युत्कान्त्या श्रिया युतम् ।।३८।।

सबैभन्दा अग्रभाग्मा शंख चक्र गदा धरी ।
विजुलीसरिकी लक्ष्मी कालामेघ समान् हरि ।।३८।।

जपन्तमेकमनसा रुद्राध्यायं जनार्दनम् ।
पश्चाच्चतुर्मुखं देवं ब्रह्माणं हंसवाहनम् ।।३९।।

एकाग्र भै रुद्रि पाठ गर्नु हुन्छ जनार्दन ।
त्यस्पछि हंसवाहन्मा ब्रह्माजी चतुरानन ।।३९।।

चतुर्वक्त्रैश्चतुर्वेदरुद्रसूक्तैर्महेश्वरम् ।
स्तुवन्तं भारतीयुक्तं दीर्घकूर्चं जटाधरम् ।।४०।।

चारै वेद रुद्रसूक्त[१] चारै मुखबाट पाठ् गरी ।
स्तव् गर्ने शक्तिसाथ् शिव्को लामा दाह्रि जटा धरी ।।४०।।

अथर्वशिरसा देवं स्तुवन्तं मुनिमण्डलम् ।
गङ्गादितटनीयुक्तमम्बुधिं नीलविग्रहम् ।।४१।।

अथर्वशीर्षले उन्कै स्तव् गर्ने मुनिमण्डल ।
गङ्गादि नदीले युक्त नीला सागर झल्मल ।।४१।।

श्वेताश्वतरमन्त्रेण स्तुवन्तं गिरिजापतिम् ।
अनन्तादिमहानागान्कैलासगिरिसन्निभान् ।।४२।।

"श्वेताश्वतर"[२] मन्त्रैले गिरिजापतिको स्तुति ।
कैलासतुल्य अनन्तादि नाग गर्छन् दिई मति ।।४२।।

कैवल्योपनिषत्पाठान्मणिरत्नविभूषितान् ।
सुवर्णवेत्रहस्ताढ्यं नन्दिनं पुरतः स्थितम् ।।४३।।

कैवल्योपनिषत् पाठ गर्छन् रत्नमणि धरी ।
सुन्को लाठी लिई हातमा नन्दि छन् सामुमै परी ।।४३।।

दक्षिणे मूषकारूढं गणेशं पर्वतोपमम् ।
मयूरवाहनारूढमुत्तरेषणमुखं तथा ।।४४।।

१. रुद्राष्टाध्यायी (रुद्री) को पाँचौं अध्यायको पहिलो ऋचा-"नमस्ते रुद्र मन्यवऽ....देखि सोह्रौं ऋचा मानस्तोके....सदमित्त्वाहवामहे" सम्मका १६ (सोह्र) मन्त्रहरूलाई शिव (रुद्र) सूक्त भनिन्छ ।

२. श्वेताश्वतर उपनिषद् र कैवल्योपनिषद् एकसय बीस उपनिषद् वा एकसय अठासी उपनिषद् आदि ग्रन्थमा पनि उल्लेख छ ।

मूसामाथि दाहिनामा गणेश् छन् पर्वतैसरि ।
मयूरमाथि षण्मुखै छन् उत्तरमा भक्ति खुब् धरी ।।४४।।

महाकालं च चण्डेशं पार्श्वयोर्भीषणाकृतिम् ।
कालाग्निरुद्रं दूरस्थं ज्वलद्दावाग्निसन्निभम् ।।४५।।

अगल्–बगल्मा चण्डेश्वर् महाकाल् छन् भयानक ।
बस्छन् दूरमा वनाग्निझैं कालाग्नि रुद्रनामक ।।४५।।

त्रिपादं कुटिलाकारं नटद्भृङ्गिरिटिं पुनः ।
नानाविकारवदनान्कोटिशः प्रमथाधिपान् ।।४६।।

तीन्पाऊका रिटीभृङ्गि बाङ्गा मूर्ति कराउने ।
प्रमथ्गण् अरू फेर् बाङ्गा टेढा मुख् डर लागने ।।४६।।

नानावाहनसंयुक्तं परितो मातृमण्डलम् ।
पञ्चाक्षरिजपासक्तान्सिद्धविद्याधरादिकान् ।।४७।।

नाना किसिम्का वाहन्मा मातृकागण् वरीपरी ।
विद्याधर् सिद्धगण् सारा जप्दछन् पञ्चअक्षरी ।।४७।।

दिव्यरुद्रकगीतानि गायत्किन्नरवृन्दकम् ।
तत्र त्रैयम्बकं मन्त्रं जपद्द्विजकदम्बकम् ।।४८।।

किन्नर्गण् रुद्र गान् गर्छन् मनोहर् स्वरले जहाँ ।
त्र्यम्बकं मन्त्र जप्दैछन् ब्राह्मण्का गणले तहाँ ।।४८।।

गायन्तं वीणया गीतं नृत्यन्तं नारदं दिवि ।
नृत्यतो नाट्यनृत्येन रम्भादीनप्सरोगणान् ।।४९।।

आकाश्मा गानको साथ्मा वीणा ली नाचि नारद ।
नाटक्का विधिले नाच्छन् रम्भादि अप्सरागण ।।४९।।

गायच्चित्ररथादीनां गन्धर्वाणां कदम्बकम् ।
कम्बलाश्वतरौ शम्भुकर्णभूषणतां गतौ ।।५०।।

चित्ररथ्गण गन्धर्व तानले गान गर्दछन् ।
कम्बल अश्वतर्नाग कुण्डल् शङ्करका ति छन् ।।५०।।

गायन्तो पन्नगौ गीतं कपालं कम्बलं तथा ।
एवं देवसभां दृष्ट्वा कृतार्थो रघुनन्दनः ।।५१।।

गान गर्छन् कपाल् कम्बल् नागहेरू दिई मन ।
हुनुभो यो सभादेखी कृतार्थ रघुनन्दन ।।५१।।

हर्षगद्गदया वाचा स्तुवन्देवं महेश्वरम् ।
दिव्यनामसहस्त्रेण प्रणनाम पुनःपुनः ।।५२।।

हर्षले गद्गदाकार वाणिले शिवजीकन ।
सहस्त्रदिव्यनाम् जप्दै नमस्कार् स्तुति गर्छन ।।५२।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
शिवराघवसंवादे शिवप्रादुर्भावाख्य
भवानी टीकायां चतुर्थोऽध्यायः ।।४।।

अथ पञ्चमोऽध्यायः

सूत उवाच–

अथ प्रादुरभूत्तत्र हिरण्मयरथो महान् ।
अनेकदिव्यरत्नांशुकिर्मीरितदिगन्तरः ॥१॥
त्यस्पछि रथ भो प्रकट् सुवर्णमय सुन्दर ।
झल्कने रत्न कान्तिले दिशा झल्के निरन्तर ॥१॥
नद्युपान्तिकपङ्काढ्यमहाचक्रचतुष्टयः ।
मुक्तातोरणसंयुक्तः श्वेतच्छत्रशतावृतः॥२॥
चार्पैय्या नदिका तट्का हीलाले अति शोभित ।
चार्तर्फ मोतिका तोरण् श्वेत छातादि छन् ठिक ॥२॥
शुद्धहेमखलीनाढ्यतुरङ्गगणसंयुतः ।
मुक्ताविताननविलसदूर्ध्वदिव्यवृषध्वजः ॥३॥
सुनले जडिएका खुब् घोडा चार सजीयको ।
झल्लरी मोतिका जस्मा वृषध्वज धरीएको ॥३॥
मत्तवारणिकायुक्तः पट्टतल्पोपशोभितः ।
पारिजाततरूद्भूतपुष्पमालाभिरञ्चितः ॥४॥
उन्मत्त अप्सरायुक्त रेशम्का गद्दि छन् जहाँ ।
पारिजात् फूलका माला चारैतिर थिये तहाँ ॥४॥
मृगनाभिसमुद्भूतकस्तूरीमदपङ्किलः ।
कर्पूरागरुधूपोत्थगन्धाकृष्टमधुव्रतः ॥५॥

कस्तूरी मृगनाभीको सेचन् कर्पूरको पनि ।
धूपको मगमगि वासन्ले नग्न छन् भ्रमरा अनि ।।५।।

संवर्तघनघोषाढ्यो नानावाद्यसमन्वितः ।
वीणावेणुस्वनासक्तकिन्नरीगणसङ्कुलः ।।६।।

प्रलयका मेघजस्तै शब्द बाजा बजीकन ।
वीणा मुरलीका स्वर्मा मग्न छन् किन्नरीगण ।।६।।

एवं दृष्ट्वा रथश्रेष्ठं वृषादुत्तीर्य शङ्करः ।
अम्बया सहितस्तत्र पट्टतल्पेऽविशत्तदा ।।७।।

यस्तो रथ्देखि शंकर्जी वृषबाट उतीर्ण भै ।
जानूभो रथका गद्दि महान् पार्वतिका सँगै ।।७।।

नीराजनैः सुरस्त्रीणां श्वेतचामरचालनैः ।
दिव्यव्यजनपातैश्च प्रहृष्टो नीललोहितः ।।८।।

सेता चामर हाँकेर देव-स्त्री आरती गरी ।
सुन्दर् पङ्खा हाँकनाले शिव आनन्दमा परि ।।८।।

क्वणत्कङ्कणनिध्वानैर्मञ्जुमञ्जरशिञ्जितैः ।
वीणावेणुस्वनैर्गीतैः पूर्णमासीज्जगत्त्रयम् ।।९।।

वीणा मुरलि पाऊजेबु; बालाको स्वर रन्कदा ।
गानाका तानले पूर्ण भयो तीन्लोक घन्कँदा ।।९।।

शुककेकिकुलारावैः श्वेतपारावतस्वनैः ।
उन्निद्रभूषाःफणिनां दर्शनादेव बर्हिणः ।
ननृतुर्दर्शयन्तः स्वांश्चन्द्रकान्कोटिसंख्यया ।।१०।।

सुगा सेता परेवाको स्वर फेर् सर्पहेरुको ।
फणा फुकेको देखेर हर्षले फेर् मयूरको ।
लाग्यो नाच्न बथान् सारा शोभा देखाई पुच्छको ।।१०।।

प्रणमन्तं ततो राममुत्थाप्य वृषभध्वजः ।
आनिनाय रथं दिव्यं प्रहृष्टेनान्तरात्मना ।।११।।

दण्डवत् गरने राम उठाई रथमा धरी ।
लिनु भो शिवले साथ्मा प्रसन्न मनले गरी ।।११।।

कमण्डलुजलैः स्वच्छैः स्वयमाचम्य यत्नतः ।
समाचम्याथ पुरतः स्वाङ्के राममुपानयत् ।।१२।।

पैले कमण्डलु जल्ले आफैंले आचमन् गरी ।
गराइ आचमन् राम्मा लिनू भो काखमैं धरी ।।१२।।

अथ दिव्यं धनुस्तस्मै ददौ तूणीरमक्षयम् ।
महापाशुपतं नाम दिव्यमस्त्रं ददौ ततः ।।१३।।

त्यस्पछि धनु एक् ठोक्रो बाण पूर्ण सँधै हुने ।
पाशुपतास्त्र दिनु भो तिनै लोक् खाक गर्दिने ।।१३।।

उक्तश्च तेन रामोऽपि सादरं चन्द्रमौलिना ।
जगन्नाशकरं रौद्रमुग्रमस्त्रमिदं नृप ! ।।१४।।

भन्नु भो राममा सम्यक्पूर्वक् यो चन्द्रमौलिले ।
जगतै नाश गर्ने यो अस्त्र हो तिमिमा दिने ।।१४।।

अतो नेदं प्रयोक्तव्यं सामान्यसमरादिके ।
अन्यन्नास्ति प्रतीघातमेतस्य भुवनत्रये ।।१५।।

यसैले जुन्सुकै रण्मा न छोडे हतियार यो ।
यस्को शान्ति छैन गर्ने तीन्लोक्मा छ प्रधान यो ।।१५।।
तस्मात्प्राणात्यये राम ! प्रयोक्तव्यमुपस्थिते ।
अन्यदैतत्प्रयुक्तं तु जगत्संक्षयकृद्भवेत् ।।१६।।
तस्मात् प्राण जान आँटि मात्र छोडनु अस्त्र यो ।
जैलेतैले छुटे तीन्लोक् संहार गरने छ यो ।।१६।।
अथाहूय सुरश्रेष्ठाँल्लोकपालान्महेश्वरः ।
उवाच परमप्रीतः स्वं स्वमस्त्रं प्रयच्छथ ।।१७।।
त्यस्पछि लोकपाल्हेरू बोलाएर महेश्वर ।
भन्नु भो आफना अस्त्र देऊ राम्मा छिटो गर ।।१७।।
राघवोऽयं चतैरस्त्रै रावणं निहनिष्यति ।
तस्मै देवैरवध्यत्वमिति दत्तो वरो मया ।।१८।।
तिनै यी हतियार्धारी मार्नन् रावण राघव ।
नजित्ने देवले तेस्मा वर मेरो विचार् गर ।।१८।।
तस्माद्वानरतामेत्य भवन्तो युद्धदुर्मदाः ।
साहाय्यमस्यकुर्वन्तु तेन सुस्था भविष्यथ ।।१९।।
तस्मात् वानरझैं जाऊ देवता युद्धका सुरा ।
सहाय गर राम्जीको सुखी हौला पछी पुरा ।।१९।।
तदाज्ञां शिरसा गृह्य सुराः प्राञ्जलयस्तथा ।
प्रणम्य चरणौ शम्भोः स्वं स्वमस्त्रं ददुर्मुदा ।।२०।।
त्यो आज्ञा शिरमा राखी अञ्जली बाँधि देवता ।
शम्भुका पाउमा पस्नि दिए सब् अस्त्र आफुका ।।२०।।

नारायणास्त्रं दैत्यारिरैन्द्रमस्त्रं पुरन्दरः ।
ब्रह्मापि ब्रह्मदण्डास्त्रमाग्नेयास्त्रं धनञ्जयः ॥२१॥

नारायणास्त्र विष्णुले इन्द्रास्त्र इन्द्रले दिए ।
ब्रह्मदण्डास्त्र ब्रह्माले अग्न्यस्त्र अग्निथ्यैं लिए ॥२१॥

याम्यं यमोऽपि मोहास्त्रं रक्षोराजस्तथा ददौ ।
वरुणो वारुणं प्रादाद्वायव्यास्त्रं प्रभञ्जनः ॥२२॥

यमले आफनै अस्त्र निर्ऋत्ले मोहनास्त्र भो ।
वरुण् वायु वारुणास्त्र वायव्यास्त्र प्रयोग भो ॥२२॥

कौबेरं च कुबेरोऽपि रौद्रमीशान एव च ।
सौरमस्त्रं ददौ सूर्यः सौम्यं सोमश्च पार्वतम् ।
विश्वदेवा ददुस्तस्मै वसवो वासवाभिधम् ॥२३॥

कुवेर्ले शौम्य ईशान्ले रुद्रास्त्र सूर्यले पनि ।
सौरास्त्र चन्द्रले सौम्य विश्वेदेव्हरुले अनि ।
पर्वतास्त्र दिए फेरी वासव वसुले पनि ॥२३॥

अथ तुष्टः प्रणम्येशं रामो दशरथात्मजः ।
प्राञ्जलिः प्रणतो भूत्वा भक्तियुक्तो व्यजिज्ञपत् ॥२४॥

अनि सन्तुष्ट भै राम अञ्जली शिरमा धरी ।
प्रणाम शिवमा गर्दै भन्नुभो भक्तिमा परी ॥२४॥

भगवन्मानुषेणैव नोल्लंघ्यो लवणाम्बुधिः ।
तत्र लङ्काभिधं दुर्गं दुर्जयं देवदानवैः ॥२५॥

भगवन् क्षीरसागर् यो तरिदैन मनुष्यले ।
देवदानवमा दुर्गम् लङ्घा दुर्जेय नामले ।।२५।।
अनेककोटयस्तत्र राक्षसा बलवत्तराः ।
सर्वेस्वाध्यायनिरताः शिवभक्ता जितेन्द्रियाः ।।२६।।
अनेक कोटि दानव् छन् बलमा बलिया सुरा ।
जिति इन्द्रिय वेद् पढ्ने हजुर्का भक्त छन् पुरा ।।२६।।
अनेकमायासंयुक्ता बुद्धिमन्तोऽग्निहोत्रिणः ।
कथमेकाकिना जेया मया भ्रात्रा च संयुगे ।।२७।।
माया अनेक जानेका बुद्धिमान् अग्निहोत्रि फेर् ।
म एक्लो भाइ एक् लक्ष्मण् कसरी जितिनन् ति धेर् ।।२७।।

श्रीमहादेव उवाच–

रावणस्य वधे राम ! रक्षसामपि मारणे ।
विचारो न त्वया कार्यस्तस्य कालोऽयमागतः ।।२८।।
रावण्को वधमा राम! अरू दानवको पनि ।
पर्दैन लिन क्वै चिन्ता आयो काल् अब लौ भनी ।।२८।।
अधर्मे तु प्रवृत्तास्ते देवब्राह्मणपीडने ।
तस्मादायुः क्षयं यातं तेषां श्रीरपि सुव्रत! ।।२९।।
अधर्म देवब्राह्मण्मा पीडा ती अति गर्दछन् ।
तेस्ले आयु लक्ष्मीनाश् भै सहजैसँग मर्दछन् ।।२९।।
राजस्त्रीकामनासक्तं रावणं निहनिष्यसि ।
पापसक्तो रिपुर्जेतुं सुकरः समराङ्गणे ।।३०।।

राजस्त्री जानकी इच्छा गर्ने रावण मारन ।
सहजै युद्धमा होला पाप हो मर्नु कारण ।।३०।।

अधर्मे निरतः शत्रुर्भाग्यनैव हि लभ्यते ।
अधीतधर्मशास्त्रोऽपि सदा वेदरतोऽपि वा ।।
विनाशकाले सम्प्राप्ते धर्ममार्गाच्च्युतो भवेत् ।।३१।।

अधर्म गरने शत्रु भाग्यले मिल्दछन् यहाँ ।
विनाशकाल आएमा पारंगत् होस वेद्महाँ ।।
पढेको धर्मशास्त्रादि धर्मच्युत् हुन्छ त्यो तहाँ ।।३१।।

पीड्यन्ते देवताः सर्वाः सततं येन पापिना ।
ब्राह्मणा ऋषयश्चैव तस्य नाशः स्वयं स्थितः ।।३२।।

दुख् दिन्छ देवता सारा नित्य जुन् पापिले यहाँ ।
ब्राह्मण् ऋषिहरू जस्ले स्वयं नाश् हुन्छ त्यो तहाँ ।।३२।।

किष्किन्धानगरे राम! देवानामंशसम्भवाः ।
वानरा बहवो जाता दुर्जया बलवत्तराः ।।३३।।

किष्किन्धापुरिमा राम! देवांश वानरैहरू ।
धेरै छन् लडने रण्मा फिर्ने छैनन् मरून् बरू ।।३३।।

साहाय्यन्ते करिष्यन्ति तैर्बद्धा च पयोनिधिम् ।
अनेकशैलसंबद्धे सेतौ यान्तु बलीमुखाः ।
रावणं सगणं हत्वा तामानय निजां प्रियाम् ।।३४।।

तिम्रो सहाय तिन्ले नै गर्नेछन् पुल बाँधन ।
ल्याई पत्थर पुल् बाँधी जाऊला पार भैकन ।।
सैन्यसाथ् रावणै मारी ल्याउ सीता खुसीसँग ।।३४।।

शस्त्रैर्युद्धे जयो यत्र तत्रास्त्राणि न योजयेत् ।
निरस्त्रष्वल्पशस्त्रेषु पलायनपरेषु च ।
अस्त्राणि मुञ्चन्दिव्यानि स्वयमेव विनश्यति ॥३५॥

शस्त्रले हुन्छ जित् जस्मा तेस्मा अस्त्र न हाननु ।
शस्त्रास्त्र नहुने भाग्न थोरै अस्त्र हुनेहरू ॥
तिनमा दिव्यास्त्र छोडेमा स्वयं नाश् हुन्छ त्यै बरू ॥३५॥

अथवा किं बहूक्तेन मयैवोत्पादितं जगत् ।
मयैव पाल्यते नित्यं मया संह्रियतेऽपि च ॥३६॥

अथवा के भनूँ धेरै जगत् उत्पत्ति गर्दछू ।
पालन् आफै गरी मैले आखिर्मा सब हर्दछू ॥३६॥

अहमेको जगन्मृत्युर्मृत्योरपि महीपते ।
ग्रसेऽहमेव सकलं जगदेतच्चराचरम् ॥३७॥

मै हूँ काल् प्राणिको सारा कालको पनि काल हूँ ।
चराचर् सब यो संसार् नलिने एक मात्र हूँ ॥३७॥

मम वक्रगताः सर्वे राक्षसा युद्धदुर्मदाः ।
निमित्तमात्रं त्वं भूयाः कीर्तिमाप्स्यसि सङ्गरे ॥३८॥

कालरूप् मुखमा मेरा परेका राक्षसै ठुला ।
निमित्तै मात्र तिमि ह्वौ युद्धमा कीर्ति पाउला ॥३८॥

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
शिवराघवसंवादे रामाय वरप्रदानं नाम
भवानी टीकायां पञ्चमोऽध्यायः ॥५॥

अथ षष्ठोऽध्यायः

श्रीराम उवाच–

भगवन्नत्र मे चित्रं महदेतत्प्रजायते ।
शुद्धस्फटिकसङ्काशस्त्रिनेत्रश्चन्द्रशेखरः ॥१॥
शुद्ध फटिक्समान्का ती नेत्र तीन् चन्द्रशेखर ।
महान् शङ्का ममा आयो यो बात्मा परमेश्वर ॥१॥
मूर्तस्त्वं तु परिच्छिन्नाकृतिः पुरुषरूपधृक् ।
अम्बया सहितोऽत्रैव रमसे प्रमथैः सह ॥२॥
मूर्तिमान् पुरुषाकार हजुर् पार्वतिले सँगै ।
प्रमथ्गण् साथमा राखी रमण् गर्ने हजूर नै ॥२॥
त्वं कथं पञ्चभूतादि जगदेतच्चराचरम् ।
तद्ब्रूहि गिरिजाकान्त! मयि तेऽनुग्रहो यदि ॥३॥
रच्नू हुन्छ कसोरी यो पञ्चभूत चराचर ।
दयापूर्वक भन्नूहोस् उमानाथ! सविस्तर ॥३॥

श्रीभगवानुवाच–

साधु पृष्टं महाभाग! दुर्ज्ञेयममरैरपि ।
तत्प्रवक्ष्यामि ते भक्त्या ब्रह्मचर्येण सुव्रत! ।
पारं यास्यस्यनायासाद्येन संसारनीरधेः ॥४॥

देवताले न जानीने सोध्यौ प्रश्न असल् बुझ ।
तिम्रा आचार भक्तीले भन्छु एकाग्र भैकन ।।
सकिने भवसागर् यो सहजैसँग पार् हुन ।।४।।

दृश्यन्ते पञ्चभूतानि येन लोकाश्चतुर्दश ।
समुद्राः सरितो देवा राक्षसा ऋषयस्तथा ।।५।।

देखिन्छन् पञ्चभूत् चौधभुवन् जुन् कारणै परि ।
समुद्र नदि देव्दैत्य ऋषिगण्हेरू यो घरी ।।५।।

दृश्यन्ते यानि चान्यानि स्थावराणि चराणि च ।
गन्धर्वाः प्रमथा नागाः सर्वे ते मद्विभूतयः ।।६।।

त्यस्तै स्थावर जङ्गम् यि गन्धर्व नागगण्हरू ।
प्रमथ्गण् सब हुन् मेरा विभूति जानिल्यौ अरू ।।६।।

पुरा ब्रह्मादयो देवा द्रष्टुकामा ममाकृतिम् ।
मन्दरं प्रययुः सर्वे मम प्रियतरं गिरिम् ।।७।।

ब्रह्मादि देवता मेरो स्वरूप् देखन मन् हुँदा ।
मन्दराचलमा आए प्रेमसाथ् भक्तिले छुँदा ।।७।।

स्तुत्वा प्राञ्जलयो देवा मां तदा पुरतः स्थिताः ।
तान्दृष्ट्वाथ मया देवाँल्लीलाकुलितचेतसः ।।८।।

अञ्जली बाँधि साम्नेमा स्तुति मेरो गरीकन ।
देखें मैले देवताको लीलाले गडिलो मन ।।८।।

तेषामपहृतं ज्ञानं ब्रह्मादीनां दिवौकसाम् ।
अथ तेऽपहृतज्ञाना मामाहुः को भवानिति ॥
अथाब्रुवमहं देवानहमेवपुरातनः ॥९॥

तेसैले ज्ञान् हरी तिन्को दियेँ मोह भई सब ।
लागे सोध्न ममा को हौ गर्वले मोह भै जब ॥
अनादि पुरुषै मै हूँ भन्ने उत्तर् दियेँ तब ॥९॥

आसं प्रथममेवाहं वर्तामि च सुरेश्वराः ।
भविष्यामि च लोकेऽस्मिन्मत्तोनान्योऽस्ति कश्चन ॥१०॥

हे सुरेश्वर हो! पैले थियें मैं मात्र केवल ।
अैले छू पछि मैं हुन्छु मदेखि छैन क्वै पर ॥१०॥

व्यतिरिक्तं च मत्तोऽस्ति नान्यत्किञ्चित्सुरेश्वराः ।
नित्योऽनित्योऽहमनघो ब्रह्मणां ब्रह्मणस्पतिः ॥११॥

मदेखि भिन्न क्वै छैन मै हूँ सब् दृश्य यो जति ।
रहने नाश् हुने मैं हूँ वेद ब्राह्मणको पति ॥११॥

दक्षिणा च उदञ्चोऽहं प्राञ्चः प्रत्यञ्च एव च ।
अथश्चोर्ध्वं च विदिशो दिशश्चाहं सुरेश्वराः ॥१२॥

पूर्व पश्चिम उत्तर् वा दक्षिण् माथि तल सबै ।
दिशा सब् विदिशा मै हूँ हे सुरेश्वर! संझ यै ॥१२॥

सावित्री चापि गायत्री स्त्री पुमानपुमानपि ।
त्रिष्टुब्जगत्यनुष्टुप् च पंक्तिश्छन्दस्त्रयीमयः ॥१३॥

गायत्री अनि सावित्री स्त्री पुरुष् मैं नपुंसक ।
त्रिष्टुप् पंक्ती अनुष्टुप् मैं जगतीश्छन्द हूँ सब।।१३।।

सत्योऽहं सर्वगः शान्तस्त्रेताग्निर्गौरहं गुरुः ।
गौर्यहं गह्वरं चाहं द्यौरहं जगतां विभुः ।।१४।।

सत्य हुँ सबमा मै हुँ अग्नि गाई गुरु जति ।
रहस्य वाणिमा स्वर्ग मै हुँ फेरि जगत्पति ।।१४।।

ज्येष्ठः सर्वसुरश्रेष्ठो वरिष्ठोऽहमपाम्पतिः ।
अर्च्योऽहं भगवानीशस्तेजोऽहं चादिरप्यहम् ।।१५।।

ज्येष्ठ श्रेष्ठ मान्य मै हुँ जलको पति सागर ।
पूज्य ऐश्वर्यको मालिक् अनादि तेज् निरन्तर ।।१५।।

ऋग्वेदोऽहं यजुर्वेदः सामवेदोऽहमात्मभूः ।
अथर्वणश्च मन्त्रोऽहं तथा चाङ्गिरसो वरः ।।१६।।

ऋग्यजु सामवेद् मै हुँ स्वयं आफै प्रकाशित ।
मन्त्र हुँ आङ्गिरस् वेद्मा अथर्व भनि मानित ।।१६।।

इतिहासपुराणानि कल्पोऽहं कल्पवानहम् ।
नाराशंसी च गाथाहं विद्योपनिषदोऽस्म्यहम् ।।१७।।

इतिहास पुराण् मैं हुँ कल्प सूत्र बनाउनी ।
बुझाउने रुद्रतत्व गाथा उपनिषद् पनि ।।१७।।

श्लोकाः सूत्राणि चैवाहमनुव्याख्यानमेव च ।
व्याख्यानानि परा विद्या इष्टं हुतमथाहुतिः ।।१८।।

सूत्र–श्लोक शास्त्र व्याख्यान् विद्या गान्धर्व गायन ।
यज्ञ होम् आहुती मै हूँ ज्ञानीको मैं सनातन ।।१८।।

दत्तादत्तमयं लोकः परलोकोऽहमक्षरः ।
क्षरः सर्वाणि भूतानि दान्तिः शान्तिरहं खगः।
गुह्योऽहं सर्ववेदेषु आरण्योऽहमजोऽप्यहम् ।।१९।।

दान हुँ दिइने मैं हुँ लोक् परलोक शाश्वत ।
अक्षर् हुँ हृदयैवासी मन इन्द्रिय निग्रह ।।
वेदमा गुह्य वन्वासी म छु एक् लोकमा अज ।।१९।।

पुष्करं च पवित्रं च मध्यं चाहमतः परम् ।
बहिश्चाहं तथा चान्तः पुरस्तादहमव्ययः ।।२०।।

पुष्कर् पवित्रमध्ये हुँ बाहिर भित्रमा म छू ।
अघि मैं छू पछी मैं छू तीनैकाल् अविनाशि छू ।।२०।।

ज्योतिश्चाहं तमश्चाहं तन्मात्राणीन्द्रियाण्यहम् ।
बुद्धिश्चाहमहङ्कारो विषयाण्यहमेव हि ।।२१।।

तेज हूँ अन्धकार् मैं हुँ तन्मात्र इन्द्रिय अनि ।
बुद्धि मैं हुँ अहङ्कार् मैं शब्दादि विषयै पनि ।।२१।।

ब्रह्मा विष्णुर्महेशोऽहमुमास्कन्दो विनायकः ।
इन्द्रोऽग्निश्च यमश्चाहं निर्ऋतिर्वरुणोऽनिलः ।।२२।।

ब्रह्मा विष्णु महेश्वर् मैं गणेश स्कन्द पार्वती ।
इन्द्र अग्नि यम निर्ऋत् वरुण् वायु दिशांपति ।।२२।।

आकाशोऽहं तथेशानो भूर्भुवः स्वर्महर्जनः ।
तपः सत्यं च पृथिवी चापस्तेजोऽनिलो प्यहम् ॥२३॥
कुबेर् ईशान सातै लोक् भूर्भुवादीहरू पनि ।
पृथिवी जल तेज् वायु सबै हुँ जान यो अनि॥२३॥
आकाशोऽहं रविः सोमो नक्षत्राणि ग्रहस्तथा ।
प्राणः कालस्तथा मृत्युरमृतं भूतमप्यहम् ॥२४॥
आकाश् चन्द्र सूर्य मैं हुँ नक्षत्र ग्रहगण् अरू ।
प्राण काल् मृत्यु मैं अमृत् भूतका गण सबैहरू ॥२४॥
भव्यं भविष्यकृत्स्नं च विश्वं सर्वात्मकोऽप्यहम् ।
ओमादौ च तथा मध्ये भूर्भुवः स्वस्तथैव च ।
ततोऽहं विश्वरूपोऽस्मि शीर्षञ्च जपतां सदा ॥२५॥
भविष्य वर्तमान् विश्व सर्वात्मा म छु सबैमहाँ ।
ओम्को आदि मध्य मैं हुँ भूर्भुवः स्व जहाँ-तहाँ ॥
व्याहृति जपनेको हुँ विश्वरूप शरीर्महाँ ॥२५॥
अशितं पायितं चाहं कृतं चाकृतमप्यहम् ।
परं चैवापरं चाहमहं सर्वपरायणः ॥२६॥
खायेको पियको मैं हुँ नगर्ने वर फेर् पर ।
सबैको आश्रय मैं हुँ मदेखि भिन्न को छ र ॥२६॥
अहं जगद्धितं दिव्यमक्षरं सूक्ष्ममव्ययम् ।
प्राजापत्यं पवित्रं च सौम्यमग्राह्यमप्रियम् ॥२७॥

जगत्को हित मैं सुन्दर् सानू छु अविनाशि छु ।
प्राजापत्य सोमदेव् हुँ अग्राह्य आदि नै म छु ।।२७।।

अहमेवोपसंहर्ता महोग्रस्तेजसां निधिः।
हृदि यो देवतात्वेन प्राणत्वेन प्रतिष्ठिताः ।।२८।।

डर्लाग्दो तेजको पुञ्ज संहार गरने सबै ।
प्राणिका हृदयेमा छु देवता प्राणरूपमैं ।।२८।।

शिरश्चोत्तरतो यस्य पादा दक्षिणतस्तथा ।
यश्च सर्वोत्तरः साक्षादोङ्कारोऽहं त्रिमात्रकः ।।२९।।

स्पर्श शिर् जसको उत्तर् जस्को दक्षिण पाउ छ ।
अन्तस्थ वर्णको मध्य ओंकार् मैं हुँ त्रिमासिक ।।२९।।

उर्ध्वं चोन्नामये यस्मादधश्चापनयाम्यहम् ।
तस्मादोङ्कार एवाहमेको नित्यः सनातनः ।।३०।।

स्वर्गादि लोकमा लान्छू जप्ने, न जपने नरक् ।
तस्मात् नित्य एक मैं हुँ ओंकार्मा न छु क्कै फरक् ।।३०।।

ऋचो यजूंषि सामानि यो ब्रह्मा यज्ञकर्मणि ।
प्रणामये ब्राह्मणेभ्यस्तेनाहं प्रणवो मतः ।।३१।।

ऋग्यजु सामका मन्त्र ब्रह्मा भै यज्ञकर्ममा ।
हुँदा ब्राह्मणमा तेस्ले प्रणव् हुँ सब मन्त्रमा ।।३१।।

स्नेहो यथा मांसपिण्डं व्याप्नोति व्यापयत्यपि ।
सर्वांल्लोकानहं तद्वत्सर्वव्यापी ततोऽस्म्यहम् ।।३२।।

जस्तै घ्युले मांसपिण्ड रसिला भिजि बन्दछन् ।
त्यस्तै लोक्मा म भिज्नाले म सर्व-व्यापि भन्दछन् ।।३२।।

ब्रह्मा हरिश्च भगवानाद्यन्तं नोपलब्धवान् ।
ततोऽन्ये च सुरायस्मादनन्तोऽहमितीरितः ।।३३।।

ब्रह्मा विष्णु देवताले आदि अन्त न पाउँदा ।
अनन्त भो नाम मेरो कल्याण गरने हुँदा ।।३३।।

गर्भजन्मजरामृत्युसंसारभवसागरात् ।
तारयामि यतो भक्तं तस्मात्तारोऽहमीरितः ।।३४।।

गर्भवास् जन्मनू मर्नु वृद्धता भवसागर ।
तार्नाले भन्दछन् सज्जन् तैसैले नाम तारक ।।३४।।

चतुर्विधेषु देहेषु जीवत्वेन वसाम्यहम् ।
सूक्ष्मो भूत्वा च हृद्देशे यत्तत्सूक्ष्मं प्रकीर्तितः ।।३५।।

चार प्रकारका देह[१] भिन्न जीव भईकन ।
सारै सानू हृदयमा बस्नाले सूक्ष्म भन्छन ।।३५।।

महातमसि मग्नेभ्यो भक्तेभ्यो यत्प्रकाशये ।
विद्युद्वदतुलं रूपं तस्माद्विद्युतमस्म्यहम् ।।३६।।

---

१. चार प्रकारका देह-
जरायुज= जरायुज प्राणी (सालनालले युक्त भई जन्मेका) मनुष्य, घोडा, गाई आदि ।
स्वेदज= पसिनाबाट जन्मने जुम्रा आदि प्राणी ।
अण्डज= पक्षी, सर्प, माछा आदि ।
उद्भिज्ज= भूमिमा उम्रने तृण, गुल्म, लता आदि ।

तम गुण् अन्धकारैमा डुबेका भक्तमा प्रकाश् ।
गर्दा बिजुलीझैं विद्युत् भन्दछन् नाम एहि खास् ।।३६।।

एक एव यतो लोकान्विसृजामि सृजामि च ।
निवासयामि गृह्णामि तस्मादेकोऽहमीश्वरः ।।३७।।

एकलै मइले लोक्को पालन् नाश् सृष्टि गर्दछु ।
अनेकन् लोकमा राखी हेर्दा एक् भनिने म छु ।।३७।।

न द्वितीयो यतश्चाति तुरीयं ब्रह्म यत्स्वयम् ।
भूतान्यात्मनि संहृत्य चैको रुद्रो वसाम्यहम् ।।३८।।

मदेखि भिन्न क्वै छैन तुरीय पदमा म छू ।
आफैमा खिचि सब् प्राणी अन्त्यमा रुद्र बन्दछू ।।३८।।

सर्वाँल्लोकान्यदीशेऽहमीशिनीभिश्च शक्तिभिः ।
ईशानमस्य जगतः स्वदृशं चक्षुरीश्वरम् ।।३९।।

शक्तिले लोकको मालिक् बन्दा ईशान भन्दछन् ।
देख्ने देखाउने सारा हुँदा ईश्वर जान्दछन् ।।३९।।

ईशानश्चास्मि जगतां सर्वेषामपि सर्वदा ।
ईशानः सर्वविद्यानां यदीशानस्ततोऽस्म्यहम् ।।४०।।

चराचर् सब प्राणीको ईश्वर्मैं शास्त्रको पनि ।
त्यसैले साथ नाम् मेरो भन्छन् ईशान यै अनि ।।४०।।

सर्वभावानिरीक्ष्येहमात्मज्ञानं निरीक्षये ।
योगं च गमये तस्माद्भगवान्महतो मतः ।।४१।।

बितेको आउने सारा जान्दछू आत्मज्ञान् सबै ।
दिन्छू योग्भक्तमा यस्ले मैं हुँ श्रीभगवान नै ।।४१।।

अजस्त्रं यच्च गृह्णामि विसृजामि सृजामि च ।
सर्वाल्लोकान् वासयामि तेनाहं वै महेश्वरः ।।४२।।

निरन्तर् सर्व लोक् सृष्टि पालना लय गर्दछु ।
सर्व लोक् ठीकमा राख्दा महेश्वर् भनिने म छु ।।४२।।

महत्यात्मज्ञानयोगैश्चर्ये यस्तु महीयते ।
सर्वान्भावान्परित्यज्य महादेवश्च सोऽस्म्यहम् ।।४३।।

सर्वभाव परित्यागी आत्मा ज्ञान्मा रमाउँदा ।
महादेव जगत्मा छु सबैभन्दा ठुलो हुँदा ।।४३।।

एकोऽस्मि देवः प्रदिशोऽनु सर्वाः
पूर्वो हि जातोऽस्म्यहमेव गर्भे।
अहं हि जातश्च जनिष्यमाणः
प्रत्यग्जनास्तिष्ठति सर्वतोमुखः ।।४४।।

एकै म छू सर्व दिशा दिशामा,
पैले रहन्छू सब गर्भबास्मा ।
बाहेर् हुने जन्म लिने मई हूँ,
बस्छू सबैमा सब दिक् पनी हुँ ।।४४।।

विश्वतश्चक्षुरुत विश्वतोमुखो,
विश्वतोबाहुरुत विश्वतस्पात् ।

संबाहुभ्यां धमति संपतत्रै-
र्द्यावाभूमी जनयन्देव एकः ॥४५॥
चारै दिशा नेत्र र पाउ धेर,
चारै दिशामा मुख धेर हेर ।
हात्पाउदेखी रचियो सबै थोक्,
एकै म देव् गर्दछु सृष्टि तीन्लोक् ॥४५॥
बालाग्रमात्रं हृदयस्य मध्ये,
विश्वं देवं जातवेदं वरेण्यम् ।
मामात्मस्थं येऽनुपश्यन्ति धीरा-
स्तेषां शान्तिः शाश्वती नेतरेषाम् ॥४६॥
बाला-प्रभागैसरि सूक्ष्म रूप,
घट्घट् निवासी म छु सत्य रूप ।
जो धैर्यवान् जान्दछ रूप मेरो,
त्यो वीर मोक्षै सहजै हुने हो ॥४६॥
अहं योनिं योनिमधितिष्ठामि चैको
मयेदं पूर्णं पञ्चविधं च सर्वम् ।
मामीशानं पुरुषं देवमीड्यं
विदित्वा निचाय्य मां शान्तिमत्यन्तमेति ॥४७॥
योनी जती छन् सबमा रहन्छू,
सारा जगत्पूर्ण म एक बन्छू ।

छू पूज्य सब् देहविषे सुतेको,
यो ज्ञानले मोक्ष होला बुझेको ।।४७।।

प्राणेष्वन्तर्मनसो लिङ्गमाहु-
रस्मिन्क्रोधो या च तृष्णा क्षमा च ।
तृष्णां हित्वा हेतुजालस्य मूलं
बुद्ध्या चित्तं स्थापयित्वा महीह ।।
एवं ये मां ध्यायमाना भजन्ते
तेषां शान्तिः शाश्वती नेतरेषाम् ।।४८।।

प्राणान्तर्गत मन् छ छन् तहिं यि फेर् भोक् प्यास तृष्णा सब
संसार् बन्धन पुण्य-पाप सबको, कारण् छ तृष्णा अब ।
येसैलाइ जितेर चित्त निशिदिन्, मैंमा निरन्तर् धरी ।
गर्छन् ध्यान् तिनि मुक्त छन् सहजमै, जाँदैन अर्को तरी ।।४८।।

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।
आनन्दं ब्रह्म मां ज्ञात्वा न बिभेति कुतश्चन ।।४९।।

जहाँ वाणि त फर्कन्छन् न पाई स्थान क्वै पर ।
त्यस्तो आनन्दरूप् ब्रह्म मैं जानेपछि के डर ।।४९।।

श्रुत्वेति देवा मद्वाक्यं कैवल्यज्ञानमुत्तमम् ।
जपन्तो मम नामानि मम ध्यानपरायणः ।।५०।।

देवता वाक्य यो मेरो कैवल्य ज्ञानको सुनी ।
मेरो ध्यान् गरदै नाम लागे जप्न बने मुनि ।।५०।।

सर्वे ते स्वस्वदेहान्ते मत्सायुज्यं गताः पुरा ।
ततोऽग्रे परिदृश्यन्ते पदार्था मद्विभूतयः ॥५१॥

ती सबै आफ्नु देहान्त हुँदा सायुज्यमा गए ।
पछि मैरे विभूतीरूप् पदार्थ बनिने भए ॥५१॥

मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।
मयि सर्वं लयं याति तद्ब्रह्माद्वयतस्म्यहम् ॥५२॥

मदेखि सब उत्पत्ति मबाटै पालना हुने ।
अद्वैत ब्रह्म एक् मैं हुँ मै हुँ फेर् लय गर्दिने ॥५२॥

अणोरणीयानहमेव तद्व-
न्महानहं विश्वमहं विशुद्धः ।
पुरातनोऽहं पुरुषोऽहमीशो
हिरण्मयोऽहं शिवरूपमस्मि ॥५३॥

सॉनोमा छू अती सानु ठुलामा छू ठुलो अती ।
पुराणपुरुष तेज्वान् शिव हुँ सबको गती ॥५३॥

अपाणिपादोऽहमचिन्त्यशक्तिः
पश्याम्यचक्षुः स शृणोम्यकर्णः ।
अहं विजानामि विविक्तरूपो
न चास्ति वेत्ता मम चित्सदाऽहम् ॥५४॥

न भै हात पाऊ सबै गर्न सक्ने,
न भै श्रोत्र सुन्ने न भै नेत्र देख्ने ।

म एकान्तरूप् भै सबै जान्न सक्छू,
सबैको म दुर्ज्ञेय सच्चित्स्वरूप् छु ।। ५४।।

वेदैरशेषैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाहम् ।
न पुण्यपापे मम नास्ति नाशो
न जन्म देहेन्द्रियबुद्धिरस्ति ।।५५।।

सारा यि वेद्ले मइ मानिने हुँ,
वेदान्त-कर्ता पनि जान्नि मैं हुँ ।
न पुण्य-पाप् भोग्दछु नाश हुन्छू,
न जन्म बुद्धीन्द्रियवान बन्छू ।।५५।।

न भूमिरापो न च वह्निरस्ति
न चानिलो मेऽस्ति न मे नभश्च ।
एवं विदित्वा परमात्मरूपं
गुहाशयं निष्कलमद्वितीयम् ।
समस्तसाक्षिं सदसद्विहीनं
प्रयाति शुद्धं परमात्मरूपम् ।।५६।।

न भूमि न हावा न जल् अग्नि आकाश्,
न भै लिप्त यिन्मा छँदैछू गुहावास् ।
न छन् साथि मेरा जगत्साक्षि मैं हुँ,
बुझे यो सबै भिन्न छैनन् ति मैं हुँ ।।५६।।

एवं मां तत्त्वतो वेत्ति यस्तु राम! महामते! ।
स एव नान्यो लोकेषु कैवल्यफलमश्नुते ॥५७॥

तत्त्वपूर्वक यो मेरा ज्ञान जुन् जन पाउँछ ।
तेसैले जगमा राम! कैवल्य मोक्ष धाउँछ ॥५७॥

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे विभूतियोगो नाम षष्ठोऽध्यायः ॥६॥

चाणक्य-नीति-दर्पण

(नेपाली भाषा श्लोक र अर्थसहित)

(मौर्य सम्राट् चन्द्रगुप्तका मित्र, मन्त्री र गुरुसमेत रहेका, अर्थशास्त्र र अनेक नीतिहरूका रचयिता तथा नागर राजनीतिका प्रणेता आचार्य विष्णुगुप्त, कौटिल्य एवं चाणक्यद्वारा रचित चाणक्य नीति दर्पणको यस पुस्तकमा संस्कृत-मूल श्लोकसहित सरल नेपाली भाषा श्लोक र गद्यमा अर्थसहित उल्लेख गरिनुका साथै प्रायः प्रत्येक श्लोकमा विषय र प्रसङ्गअनुसारका शीर्षकहरू दिइएका छन् भने मूल श्लोक र भाषाश्लोकलाई थप परिपुष्टि हुने पचासौं सुललित, सुन्दर र माधुर्यपूर्ण श्लोकहरू टीप्पणीमा दिइएका छन् ।

परिशिष्टभागमा उपदेश लहरी, बुद्धिचानक र चाणक्यका मननीय सुन्दर अभिव्यक्ति (महत्त्वपूर्ण भनाइ) हरू समावेश गरिएकाले बालक, युवा, वृद्ध र सबै उमेर समूहका लागि व्यावहारिक तथा नैतिक ज्ञान दिने हुनाले अत्यन्त उपयोग बन्न गएको छ । नीति चेतनाको अभावमा दिग्भ्रमित भएका आजका हरेक समाजलाई यसपुस्तकले अवश्य दिशा-निर्देश गर्न सक्षम हुनेछ) ।

पृष्ठ सङ्ख्याः २२० मूल्य : भा. रु. १००/= मात्र

अथ सप्तमोऽध्यायः

श्रीराम उवाच–

भगवान्! यन्मया पृष्टं तत्तथैव स्थितं विभो! ।
अत्रोत्तरं मया लब्धं त्वत्तो नैव महेश्वर! ॥१॥

भगवन्! प्रश्न जो मेरो त्यो उसै अझतक् रह्यो ।
हे महेश्वर! त्यो उत्तर् मैले पाइन के भयो? ॥१॥

परिच्छिन्नपरीमाणे देहे भगवतस्तव ।
उत्पत्तिः पञ्चभूतानां स्थितिर्वा विलयःकथम् ॥२॥

हे शिव! यत्ति हो भन्ने हजूर् प्रमाणको भई ।
उत्पत्ति लय पाँच्भूत्को गर्ने त्यो कसरी सही ॥२॥

स्वस्वाधिकारसम्बद्धाः कथं नाम स्थिताः सुराः ।
ते सर्वे त्वं कथं देव! भुवनानि चतुर्दश ॥३॥

सबै आफ्ना अधिकार्मा रहेका देवताहरू ।
देहमा कसरी हुन्छन् यि चौध भुवनै अरू ॥३॥

त्वत्तः श्रुत्वापि देवात्र संशयो मे महानभूत् ।
अप्रत्यायितचित्तस्य संशयं छेत्तुमर्हसि ॥४॥

हे देव! सुनि यो वाणि शङ्का ठूलो ममा रह्यो ।
अविश्वासी चित्तको यो शङ्का मेटिदिनू पर्‍यो ॥४॥

श्रीभगवानुवाच–

वटवीजेऽतिसूक्ष्मेऽपि महाबटतरुर्यथा ।
सर्वदास्तेऽन्यथा वृक्षः कुत आयाति तद्वद ।
तद्वन्मम तनौ राम! भूतानामागतिर्लयः ॥५॥

सानू बर्को बीजभित्र वृक्ष ठूलो तँही रही ।
बन्दछ कि कतैबाट आउँछ भन लौ सही ।
उत्पत्ति लय प्राणिको हुन्छ मैंबाट बीज् गई ॥५॥

महासैन्धवपिण्डोऽपि जले क्षिप्तो विलीयते ।
न दृश्यते पुनः पाकात्कुत आयाति पूर्ववत् ॥६॥

जस्तै नुन्को ढिको पग्ली पानीमा भइ लीन् सदा ।
अग्निमा पानि त्यै पाक्छ हुन्छ फेरि नुनै तदा ॥६॥

प्रातः प्रातर्यथा लोको जायते सूर्यमण्डलात् ।
एवं मत्तो जगत्सर्वं जायतेऽस्ति विलीयते ॥
मय्येव सकलं राम! तद्वज्जानीहि सुव्रत ॥७॥

अथवा सूर्यको आभास् प्रातःको अस्तमा गई ।
लीन् हुन्छ जसरी तस्तै ममा लीन् त्यैसरी भई ।
हे राम! व्रत जानिल्यौ ममा लीन् हुन्छ सब् गई ॥७॥

श्रीराम उवाच–

कथितेऽपि महाभाग! दिग्जडस्य यथा दिशि ।
निवर्तते भ्रमो नैव तद्वन्मम करोमि किम् ॥८॥

हे महाभाग! भन्नूभो तैपनि जड यो मन ।
दिशा न जान्ने जनझैं भ्रम नै छ अझै झन ।।८।।

श्रीभगवानुवाच–

मयि सर्वं यथा राम जगदेतच्चराचरम् ।
वर्तते तद्दर्शयामि न द्रष्टुं क्षमते भवान् ।।९।।

ममा सर्व चराचर् यो जगत् छ यो सबै पुरा ।
देखाउँछू देख्न तिमी सक्नेछैनौ बने सुरा ।।९।।

दिव्यं चक्षुः प्रदास्यामि तुभ्यं दशरथात्मज! ।
तेन पश्य भयं त्यक्त्वा मत्तेजो मण्डलं ध्रुवम् ।।१०।।

दिव्य चक्षु दिन्छु मैले तेस्ले दशरथात्मज! ।
हेर लौ भय त्यागेर विश्वरूप् तेज झल्मल ।।१०।।

न चर्मचक्षुषा द्रष्टुं शक्यते मामकं महः ।
नरेण वा सुरेणापि तन्ममानुग्रहं विना ।।११।।

यो मेरो तेजिलो रूप देखिदैन यि नेत्रले ।
मेरो दया न भै राम कस्तै क्वै नर देवले ।।११।।

सूत उवाच–

इत्युक्त्वा प्रददौ तस्मै दिव्यं चक्षुर्महेश्वरः ।
अथादर्शयदेतस्मै वक्त्रं पातालसन्निभम् ।।१२।।

यस्तो आज्ञा गरी राम्मा दिव्यचक्षु दिनूभयो ।
मुख् देखाउनु भो फेरि पातालसरिको छ जो ।।१२।।

विद्युत्कोटिप्रभं दीप्तमतिभीमं भयावहम् ।
तद्दृष्टैव भयाद्रामो जानुभ्यामवनिं गतः ॥१३॥
बिजली कोटिझैं कान्ति भयङ्कर् डर लागने ।
त्यो देखी भयले राम पृथिवी तलमा ढले ॥१३॥
प्रणम्य दण्डवद्भूमौ तुष्टाव च पुनः पुनः ।
अथोत्थाय महावीरो यावदेव प्रपश्यति ॥१४॥
नमस्कार् दण्डवत् गर्दै स्तुति गर्दै घरीघरी ।
महावीर् रामले फेरी उठि हेर्दा नजर् परी ॥१४॥
वक्रं पुरभिदस्तत्र अन्तर्ब्रह्माण्डकोटयः ।
चटका इव लक्ष्यन्ते ज्वालामालासमाकुलाः ॥१५॥
त्रिपुरहर् शिवका मुखमा कोटि ब्रह्माण्ड देखिए ।
ठूला जाज्वल्य अग्निमा जलने पक्षिझैं थिए ॥१५॥
मेरुमन्दरविन्ध्याद्या गिरयः सप्त सागराः ।
दृश्यन्ते चन्द्रसूर्याद्याः पञ्चभूतानि ते सुराः ॥१६॥
मेरु आदि सप्तपर्वत् सप्तसागर देवता ।
सूर्यादि ग्रहगण् सारा पञ्चभूतादि क्वै कता ॥१६॥
अरण्यानि महानागा भुवनानि चतुर्दश ।
प्रतिब्रह्माण्डमेवं तद्दृष्ट्वा दशरथात्मजः ॥१७॥
सारा वन् नाग छन् ठूला चौध यी भुवनै पनि ।
सबै ब्रह्माण्डमा देखे दशरथ्-पुत्रले अनि ॥१७॥

सुरासुराणां संग्रामाँस्तत्र पूर्वापरानपि ।
विष्णोर्दशावतारांश्च तत्तत्कर्माण्यपि द्विजाः ॥१८॥
भएका पछिका सङ्ग्राम् देवदानवका सबै ।
विष्णुका दश अवतार चरित्र बाँकि क्वै नभै ॥१८॥
पराभवं च देवानां पुरदाहं महेशितुः ।
उत्पद्यमानानुत्पन्नान्सर्वानपि विनश्यतः ॥१९॥
पराजय देवताको त्रिपुर् दाहहरू सबै ।
जन्मेका जन्मने मर्ने देखिये बाँकि क्वै नभै ॥१९॥
दृष्ट्वा रामो भयाविष्टः प्रणनाम पुनः पुनः ।
उत्पन्नतत्त्वज्ञानोऽपि बभूव रघुनन्दनः ॥२०॥
यो देखी राम भयले बारंबार् दण्डवत् गरी ।
तत्त्वज्ञान् प्राप्त भो राम्मा अञ्जली शिरमा धरी ॥२०॥
अथोपनिषदां सारैरर्थैस्तुष्टाव शङ्करम् ॥२१॥
लागे गर्न उपनिषद् सारले स्तुति येसरी ॥२१॥

अथ उपनिषत्सारः

श्रीराम उवाच–

देव! प्रपन्नार्तिहर! प्रसीद
प्रसीद विश्वेश्वर! विश्ववन्द्य ।
प्रसीद गंगाधर! चन्द्रमौले!
मां त्राहि संसारभयादनाथम् ॥२२॥

हे देव! विश्वेश्वर! दुःखनाशी!
हे विश्ववन्द्य! प्रभु घट्निवासी ।
हे चन्द्रमौले! हुनुभै प्रसन्न
मेरो छुटाऊ भय विश्वजन्य ।।२२।।

त्वत्तो हि जातं जगदेतदीश!
तय्येव भूतानि वसन्ति नित्यम् ।
त्वय्येव शम्भो! विलयं प्रयान्ति
भूमौ यथा वृक्षलतादयोऽपि ।।२३।।

उत्पन्न भो यो प्रभुबाट पैले
देखिन्छ जो यो तिमिमैं छ ऐले ।
शम्भो! हुनेछन् लय यी हजुरमैं
भूमीविषे वृक्ष-लताहरूझैं ।।२३।।

ब्रह्मेन्द्ररुद्राश्च मरुद्गणाश्च
गन्धर्वयक्षाऽसुरसिद्धसङ्घाः ।
गङ्गादिनद्यो वरुणालयाश्च
वसन्ति शूलिँस्तव वक्त्रयन्त्रे ।।२४।।

ब्रह्मेन्द्र रुद्रादि समीर सारा
सागर् नदी सब् जलका यि धारा ।
गन्धर्व सिद्धादि र यक्ष दानव्
देख्छू हजुरका मुखभित्र नै सब् ।।२४।।

त्वन्मायया कल्पितमिन्दुमौले!
त्वय्येव दृश्यत्वमुपैति विश्वम् ।
भ्रान्त्या जनः पश्यति सर्वमेत-
च्छुक्तौ तथा रौप्यमहिं च रज्जौ ॥२५॥
माया हजुरकै सब सृष्टि यो हो
देख्छू हजुरमैं उहि सृष्टि जो हो ।
भ्रान्ती हुँदा देख्दछ भिन्न मन्ले
डोरीमहाँ सर्पसरी कुजन्ले ॥२५॥
तेजोभिरापूर्य जगत्समस्तं
प्रकाशमानं कुरुते प्रकाशम् ।
बिना प्रकाशं तव देवदेव!
न दृश्यते विश्वमिदं क्षणेन ॥२६॥
तेज्ले जगत्पूर्ण प्रकाश पारी
देखिन्छ नाना चिज सृष्टि भारी ।
त्यो तेज् हजुरको न भए प्रकाश
होला सबै सृष्टि अदृश्य खास ॥२६॥
अल्पाश्रयो नैव बृहत्पदार्थं
धत्तेऽणुरेको न हि विन्ध्यशैलम् ।
त्वद्वक्त्रमात्रे जगदेतदस्ति
त्वन्माययैवेति विनिश्चिनोमि ॥२७॥

अट्दैन ठूलो चिज सानुमाथि
पर्वत् रहन्नन् अणुमाथि राखी ।
संसार मुख्मा प्रभुका रहेको
देखिन्छ माया सब हो भएको ।।२७।।

रज्जौ भुजङ्गो भयदो यथैव
न जायते नास्ति नचैति नाशम् ।
त्वन्मायया केवलमात्तरूपं
तथैव विश्वं त्वयि नीलकण्ठ! ।।२८।।

भ्रान्ती हुँदा डोरि बनिन्छ सर्प
आरोपमा त्यो भयदायि हुन्छ ।
भ्रान्ती हटे त्यै चिज मात्र बन्छ
त्यस्तै हजुर्मा सब नीलकण्ठ! ।।२८।।

विचार्यमाणे तव यच्छरीर-
माधारभावं जगतामुपैति ।
तदप्यवश्यं यदविद्ययैव
पूर्णश्चिदानन्दमयो मतस्त्वम् ।।२९।।

आधार् हजुर्कै छ विचारमा यो
सारा जगत् देहविषे टिकेको ।
यो ज्ञान् पनी ज्ञान भनिन्न साँचो
सच्चित् हजुर् यो छ विकार् कहाँको ।।२९।।

पूजेष्टपूर्तादिवरक्रियाणां
भोक्तुः फलं यच्छसि विश्वमेव ।
मृषैतदेवं वचनं पुरारे!
त्वत्तोऽस्ति भिन्नं न च किञ्चिदेव ॥३०॥

पूजादिको फल् दिनु हुन्छ यो जो
कर्तामहाँ भन्नु वचन् झुटो हो ।
आनन्दमूर्ति प्रभु एक् हुनाले
के हो दिने के छ लिने पुरारे! ॥३०॥

अज्ञानमूढा मुनयो वदन्ति
पूजोपचारादिवलिक्रियाभिः ।
तोषं गिरीशो भजतीति मिथ्या
कुतस्त्वमूर्तस्य तु भोगलिप्सा ॥३१॥

कर्मिष्ठले तत्त्व न जानि भन्छन्
पूजादिले शङ्कर खुस् रहन्छन् ।
निर्देह आफू भइ भोग इच्छा
हुन्थ्यो कसोरी बुझिँदा छ मिथ्या ॥३१॥

किञ्चिद्दलं वा चुलुकोदकं वा
यस्त्वं महेश! प्रतिगृह्य दत्से ।
त्रैलोक्यलक्ष्मीमपि यज्जनेभ्यः
सर्वं त्वविद्याकृतमेव मन्ये ॥३२॥

क्यै जल् र बेल्पत्र दिंदा खुसीसाथ्
त्रैलोक्यको भोग् दिनु हुन्छ यो बात् ।
माया सबै यो प्रभुकै छ जाने
सारा जगत् स्वप्नसरी छ माने ।।३२।।

व्याप्नोषि सर्वा विदिशो दिशश्च
त्वं विश्वमेकः पुरुषः पुराणः ।
नष्टेऽपि तस्मिँस्तव नास्तिहानि-
र्घटे विनष्टे नभसो यथैव ।।३३।।

सारा दिशा व्याप्त हजूर गर्ने
संसारमा एक् प्रभु नै ठहर्ने ।
संसार नाश्मा हुनुहुन्न नाश
जस्तै घडा नाश हुँदा अकाश ।।३३।।

यथैकमाकाशगमर्कबिम्बं
क्षुद्रेषु पात्रेषु जलान्वितेषु ।
भजत्यनेकप्रतिबिम्बभावं
तथा त्वमन्तःकरणेषु देव! ।।३४।।

यौटै छ आकाश्बिच सूर्यबिम्ब
जल्पात्र सब्मा प्रतिबिम्ब मिल्छ ।
त्यस्तै हजुर् एक भई अनेक
उपाधिले भिन्न हुने रहेछ ।।३४।।

संसर्जने वाऽप्यवने विनाशे
विश्वस्य किञ्चित्तव नास्ति कार्यम् ।
अनादिभिः प्राणभृतामदृष्टै-
स्तथापि तत्स्वप्नवदातनोषि ।।३५।।

उत्पत्ति पालन् लयमा हजुर्को
क्यै छैन सम्बन्ध तथापि जीवको ।
भोगाउने कर्मगती हुनाले
देखिन्छ यो स्वप्नसरी मजाले ।।३५।।

स्थूलस्य सूक्ष्मस्य जडस्य भोगो
देहस्य शम्भो न विदं विनास्ति ।
अतस्त्वदारोपणमातनोति
श्रुतिः पुरारे! सुखदुःखयोः सदा ।।३६।।

यी सूक्ष्म स्थूल् देह जडै हुनाले
चैतन्यले दुख्-सुख भोगनाले ।
भोक्ता हजुर् दुःख्सुखको भनेर
वाणी छ वेद्को गुणवान् बनेर ।।३६।।

नमः सच्चिदाम्भोधिहंसाय तुभ्यं
नमः कालकालाय कालात्मकाय ।
नमस्ते समस्ताघसंहारकर्त्रे
नमस्ते मृषा चित्तवृत्त्येकभोक्त्रे ।।३७।।

चिदानन्द सागर्विषे हंसरूप
हजूरै सदा कालको कालरूप ।
सबै पाप हर्ने झुटो चित्त भर्ने
नमस्कार् हजुर्मा छ जो गर्नुपर्ने ।।३७।।

इति उपनिषत्सारः

सूत उवाच–

एवं प्रणम्य विश्वेशं पुरतः प्राञ्जलिः स्थितः ।
विस्मितः परमेशानं जगाद रघुनन्दनः ।।३८।।

नमस्कार् गरि शङ्कर्मा धरि अञ्जलि शीरमा ।
चकित् भै भन्नुभो राम्ले यो वचन् अनि शम्भुमा ।।३८।।

श्रीराम उवाच–

उपसंहर विश्वात्मन्विश्वरूपमिदं तव ।
प्रतीतं जगदेकात्म्यं शम्भो भवदनुग्रहात् ।।३९।।

हे विश्वेश्वर! खिच्नूहोस् विश्वरूप हजूर यो ।
अभिन्न यो जगत् सारा प्रभुमैं निश्चयै भयो ।।३९।।

श्रीभगवानुवाच–

पश्य राम महाबाहो! मत्तो नान्योऽस्ति कश्चन ।।

हे महाभुज! राम् देख्यौ? मदेखि भिन्न छैन क्वै ।

सूत उवाच–

इत्युक्त्वैवोपसञ्जहे स्वदेहे देवतादिकान् ।
मीलिताक्षः पुनर्हर्षाद्यावद्रामः प्रपश्यति ॥४०॥

यति भनेर शङ्कर्ले खिच्नु भो विश्वरूप् जसै ।
हर्ष भै हेरदा राम्ले देख्नु भो शिवरूप् तसै ॥४०॥

तावदेव गिरेः शृङ्गे व्याघ्रचर्मोपरि स्थितम् ।
ददर्श पञ्चवदनं नीलकण्ठं त्रिलोचनम् ॥४१॥

व्याघ्रचर्म उपर् बस्ने पर्वत्का टापुमाथि गै ।
पञ्चमुख् नेत्र तीन् सुन्दर् नीलकण्ठ प्रसन्न भै ॥४१॥

व्याघ्रचर्माम्बरधरं भूतिभूषितविग्रहम् ।
फणिकङ्कणभूषाढ्यं नागयज्ञोपवीतिनम् ॥४२॥

व्याघ्रचर्म पहीरेको विभूति धारि देहमा ।
सर्पका गहना सारा जनै सर्पै गलामहाँ ॥४२॥

व्याघ्रचर्मोत्तरीयं च विद्युत्पिङ्गजटाधरम् ।
एकाकिनं चन्द्रमौलिं वरेण्यमभयप्रदम् ॥४३॥

पछ्यौरा बाघकै छाला बिजुलीसरिका जटा ।
एक्लो मूर्ति चन्द्रमौली मालिक् अभयदानका ॥४३॥

चतुर्भुजं खण्डपरशुयुग्महस्तं जगत्पतिम् ।
अथाज्ञया पुरस्तस्य प्रणम्योपविवेश सः ॥४४॥

चार् बाहू बञ्चरो हात्मा शिव संसारका पति ।
देख्ने ती रामले आज्ञा पाई बस्नुभयो अघि ।।४४।।

अथाह रामं देवेशो यद्यत्प्रष्टुमभीप्ससि ।
तत्सर्वं पृच्छ राम! त्वं मत्तो नान्योऽस्ति ते गुरुः ।।४५।।

विश्वेश्वर् शिवले आज्ञा फेरि राम्मा दिनूभयो ।
म भिन्न गुरु क्वै छैन सोध सोधनु जो छ त्यो ।।४५।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे विश्वरूपदर्शनं नाम सप्तमोऽध्यायः।।७।।

ओमप्रकाश अधिकारी
द्वारा संकलित तथा सम्पादित
सिर्जना पुस्तक मालाको नयाँ कोसेली

सूक्ति सागर (सूक्ति सङ्ग्रह)

यस पुस्तकमा संसारका सन्त-महन्त, ऋषि-महर्षि, विद्वान्-मनीषि, साहित्यकार, सज्जन, अनुभवी, समाजसेवी, लब्धप्रतिष्ठित व्यक्ति, सम्मान्य महानुभावहरूको उत्तम, सुमधुर, श्रवण-सुखद, सुन्दर शब्द विन्यास र प्रसाद माधुर्य आदि गुणले युक्त सारभूत अभिव्यक्तिहरु राखिएका छन् ।

विद्यार्थी, शिक्षक, भाषा-साहित्य प्रेमी, लेखक-साहित्यकार, प्रवक्ता, व्याख्यानदाता र अन्य जो कोही आमपाठकका लागि पनि अमूल्य शिक्षाप्रद एवं उपयोगी हुनाले सङ्ग्रह गर्न, पुस्तकालयमा सजाउन, विवाह, व्रत-बन्ध एवं अन्नप्राशनजस्ता कार्यहरूमा पुस्तक उपहार दिन योग्य छ। कृपया प्रतीक्षा गर्नुहोला ।

अथ अष्टमोऽध्यायः

श्रीराम उवाच–

पाञ्चभौतिकदेहस्य चोत्पत्तिर्विलयस्थितिः ।
स्वरूपं च कथं देव! भगवन्वक्तुमर्हसि ॥१॥

यो पञ्चभूतको देह उत्पत्ति लय पालन ।
भगवान् ! रूप कस्तो छ? आज्ञा पाऊँ निरञ्जन ॥१॥

श्रीभगवानुवाच–

पञ्चभूतैः समारब्धो देहोऽयं पाञ्चभौतिकः ।
तत्र प्रधानं पृथिवी शेषाणां सहकारिता ॥२॥

पृथिवी आदि पाँच्भूत्को हुनाले पाञ्चभौतिक ।
भनिने हो विशेष् तेस्मा पृथिवीगुण ज्यास्ति छ ॥२॥

जरायुजोऽण्डजश्चैव स्वेदजश्चोद्भिज्जस्तथा ।
एवं चतुर्विधः प्रोक्तो देहोऽयं पाञ्चभौतिकः ॥३॥

सल्नाल् अण्डा पसीना फेर् पृथिवी चारदेखि यो ।
बन्ने हो देह यो सब्को स्थूलभूत् देह भोगि हो ॥३॥

मानसस्तु परः प्रोक्तो देवानामेव स स्मृतः ।
तत्र वक्ष्ये प्रथमतः प्रधानत्वाज्जरायुजम् ॥४॥

मानसिक् सृष्टि जो हो त्यो देवताहरुको भयो ।
यी चार्मा भन्दछू पैले साल्नाल्देखि बनीयको ॥४॥

शुक्रशोणितसंभूता वृत्तिरेव जरायुजः ।
स्त्रीणां गर्भाशये शुक्रमृतुकाले विशेद्यदा ॥५॥
रज्बीज्देखि बन्ने जुन् हो जरायुज भनिन्छ त्यो ।
स्त्रीका गर्भाशयेभित्र ऋतुमा बीज् प्रवेश भो ॥५॥
योषितो रजसा युक्तं तदेव स्याज्जरायुजम् ।
बाहुल्याद्रजसा स्त्री स्याच्छुक्राधिक्ये पुमान्भवेत् ॥६॥
रजमा मिसियो स्त्रीका त्यै जरायुज भन्दछन् ।
शुक्र ज्यास्ति भए छोरा रजले छोरि बन्दछन् ॥६॥
शुक्रशोणितयोः साम्ये जायते च नपुंसकः ।
ऋतुस्नाता भवेन्नारी चतुर्थे दिवसे ततः ।
ऋतुकालस्तु निर्दिष्ट आषोडशदिनावधि ॥७॥
हुँदा रज्बीज् बराबर्मा नपुंसक् हुन्छ त्यो अनि ।
ऋतुको स्नान चार्दिन्मा हुन्छ स्त्रीहरुको पनि ॥
सोहोरौं दिनपर्यन्त रहन्छ ऋतुकाल् अनि ॥७॥
तत्रायुग्मदिने स्त्री स्यात्पुमान्युग्मदिने भवेत् ॥८॥
विजोर् दिन्मा हुन्छ कन्या छोरा जोर् दिनका अनि ॥८॥
षोडशे दिवसे गर्भो जायते यदि सुभ्रुवः ।
चक्रवर्ती भवेद्राजा जायते नात्र संशयः ॥९॥
सोहोरौं रात्रिमा गर्भ रहोस् ता रघुनन्दन !
चक्रवर्ती हुन्छ राजा सन्देह छैन किञ्चन ॥९॥

ऋतुस्नाता यस्य पुंसः साकांक्षंमुखमीक्षते ।
तदाकृतिर्भवेद्गर्भस्तत्पश्येत्स्वामिनो मुखम् ॥१०॥
ऋतुस्नान् गरने स्त्रीले जस्को मुख् हेर्दछन् स्वरूप् ।
उस्तै बन्छ गर्भ तेस्ले नहेर्नू परकान्त मुख् ॥१०॥
याऽस्ति चर्मावृतिः सूक्ष्मा जरायुः सा निगद्यते ।
शुक्रशोणितयोर्योगस्तस्मिन्नेव भवेद्यतः ॥
तत्र गर्भो भवेद्यस्मात्तेन प्रोक्तो जरायुजः ॥११॥
स्त्रीका गर्भाशयेभित्र चर्म-साल्नामको छ जो ।
तेसैमा रज बीज् पर्दा जीवको गर्भ बन्छ त्यो ॥
तेसैबाट जन्मनाले जरायुज भनीन गो ॥११॥
अण्डजाः पक्षिसर्पाद्याःस्वेदजा मशकादयः ।
उद्भिज्जास्तृणगुल्माद्या मानसाश्च सुरर्षयः ॥१२॥
उद्भिज्जा वृक्ष घाँस् सारा देवर्षि मानसा ति हुन् ।
सर्प पक्षि अण्डज हुन् श्वेदज मशकादि हुन् ॥१२॥
जन्मकर्मवशादेव निषिक्तं स्मरमन्दिरे ।
शुक्रं रजः समायुक्तं प्रथमे मासि तद्द्रवम् ॥१३॥
पूर्व जन्म कर्मवशले स्त्रीपुरुषका प्रसंगमा ।
रज्बीज् सँगै बस्छ पैला मैनामा रसरूपमा ॥१३॥
कललं बुद्बुदं तस्मात्ततः पेशी भवेदिदम् ।
पेशीघनं द्वितीये तु मासि पिण्डः प्रजायते ॥१४॥

क्वै दिन्मा पानिको फोको तेस्पछि पक्षिअण्डझैं ।
दोस्रा मैनामहाँ सारो रहन्छ मांसपिण्ड भै ।।१४।।

कराङ्घ्रिशीर्षकादीनि तृतीये सम्भवन्ति हि ।
अविभक्तिश्च जीवस्य चतुर्थे मासि जायते ।।१५।।

हात् पाऊ शिर यी अङ्ग बन्दछन् तीन मासमा ।
चौथोमा लिङ्ग रूप् देह धारो बस्दछ गर्भमा ।।१५।।

ततश्चलति गर्भोऽपि जनन्या जठरे स्वतः ।
पुत्रश्चेद्दक्षिणे पार्श्वे कन्या वामे च तिष्ठति ।।१६।।

त्यस्पछि मातृगर्भैमा आफैं त्यो चलने बनी ।
छोरो बस्छ दाहिनामा छोरा वायाँ तरफ् अनि ।।१६।।

नपुंसकस्तूदरस्य भागे तिष्ठति मध्यतः ।
अतो दक्षिणापार्श्वे तु शेते माता पुमान्यदि ।।१७।।

नपुंसक् मध्यभागैमा रहन्छन् गर्भ येसरी ।
आमा सुत्छन् भए छोरो दाहिने कोलटो परी ।।१७।।

अङ्गप्रत्यङ्गभागाश्च सूक्ष्माः स्युर्युगपत्तदा ।
विहाय श्मश्रुदन्तादीञ्जन्मानन्तरसभ्भवान् ।।१८।।

अङ्ग प्रत्यङ्गका छिद्र बन्छन् साना ति एकबार् ।
जन्मेपछि हुने दन्त दाह्री छाडेर सब् अकार् ।।१८।।

चतुर्थे व्यक्तता तेषां भावानामपि जायते ।
पुंसां स्थैर्यादयो भावा भीरुत्वाद्यास्तुयोषिताम् ।।१९।।

स्वभाव् पनि स्त्रीपुरुष्को बेग्लाबेग्लै हुने जती ।
स्त्रीको काँतरता चञ्चल् पुरुष्को धीर शूरमती ।।१९।।

नपुंसके च ते मिश्रा भवति रघुनन्दन! ।
मातृजं चास्य हृदयं विषयानभिकांक्षति ।।२०।।

नपुंसक्को दुवै हुन्छ स्वभाव् हे रघुनन्दन! ।
आमाकै सरि भोगेच्छा हुन्छ तेस्को सदा मन ।।२०।।

ततो मातुर्मतोऽभीष्टं कुर्याद्गर्भभिवृद्धये ।
तां च द्विहृदयां नारीमाहुर्दौहृदिनीं ततः ।।२१।।

येसैले गर्भको इच्छा पूर्ण होस भनीकन ।
स्त्रीको इच्छा पूर्ण गर्दा दुवै खुसी रहन्छन ।।२१।।

अदानाद्दौहृदानां स्युर्गर्भस्य व्यङ्गतादयः ।
मातुर्यद्विषये लोभस्तदार्तो जायते सुतः ।।२२।।

गर्भिणीको इच्छा पूर्ण न गरे गर्भको पनि ।
मलिन् बुद्धि अङ्गहीन्को हुन्छ आश अपुग् बनी ।।२२।।

प्रबुद्धं पञ्चमे चित्तं मांसशोणितपुष्टता ।
षष्ठेऽस्थिस्नायुनखरकेशलोमविविक्तता ।।२३।।

पाँचौं मास्मा मांस रगत् चित्तको पुष्टता भई ।
छैठौंमा नङ् कपाल् हड्डी नसा सब् बन्दछन् तहिं ।।२३।।

बलवर्णौ चोपचितौ सप्तमे त्वङ्गपूर्णता ।
पादान्तरितहस्ताभ्यां श्रोत्ररंध्रे पिधाय सः ।।२४।।

सातौंमा अङ्गको वर्ण अङ्ग बल्को सुपुष्टता ।
पाऊले दबियेका हात् कान पक्रेर फेर् सदा ।।२४।।

उद्विग्नो गर्भसंवासादस्ति गर्भलयान्वितः ।।२५।।

व्याकुल् भै गर्भका साल्मा रहन्छ दुःखि भै तदा ।।२५।।

आविर्भूतप्रबोधोऽसौ गर्भदुःखादिसंयुतः ।
हा कष्टमिति निर्विण्णः स्वात्मानं शोशुचत्यथ ।।२६।।

स्मृति-ज्ञान् भइ त्यो बालक् कर्मका दुःखमा परी ।
अहो ! कष्ट वचन् भन्दै आत्माको शोक खुब् गरी ।।२६।।

अनुभूता महासह्याः पुरा मर्मच्छिदोऽसकृत् ।
करम्भवालुकास्तप्ता दह्यन्ते च सुखाशयाः ।।२७।।

मर्मभेदी ठुला दुःख बारंबार सहीकन ।
तातायेका बालुवामा रहेझैं पोलिइन्छन ।।२७।।

जठरानलसन्तप्ता पित्ताख्यरसविप्रुषः ।
गर्भाशये निमग्नं तु दहन्त्यतिभृशं तु माम् ।।२८।।

जठराग्नि सदा तातो पित्तरस्ले बनीयको ।
पोलेको छ सदा यस्ले तेसैमा छू सजीयको ।।२८।।

औदर्यक्रिमिवक्राणि कूटशाल्मलिकण्टकैः ।
तुल्यानि च तुदन्त्यार्तं पार्श्वास्थिक्रकचार्दितम् ।।२९।।

पेटका कृमि यी सारा शाल्मलीकण्टकै सरी ।
डस्दछन् फेर् करौतिझैं हड्डि छन् सब् वरीपरी ।।२९।।

गर्भे दुर्गन्धभूयिष्ठे जठराग्निप्रदीपिते ।
दुःखं मयाऽऽप्तं यत्तस्मात्कनीयः कुम्भपाकजम् ॥३०॥
दुर्गन्धले भरीयेको गर्भमा जठराग्निसाथ् ।
थोरै कम् कुम्भिपाक्भन्दा भोगिने निजकर्म साफ् ॥३०॥
पूयासृक्छ्लेष्मपायित्वं वान्ताशित्वं च यद्भवेत् ।
अशुचौ कृमिभावश्च तत्प्राप्तं गर्भशायिना ॥३१॥
रगत् पिप् कफ छाद् खानू अशुची स्थानमा रही ।
कृमिकुण्ड समान् भोग्छ गर्भमा बसने भई ॥३१॥
गर्भशय्या समारुह्य दुःखं यादृक् मयापि तत् ।
नातिशेते महादुःखं निःशेषं नरकेषु तत् ॥३२॥
जो गर्भवासमा दुःख छन् तिन्भन्दा नरक्महाँ ।
छैनन् भोग्नू विशेष् केही भोगिन्छन् ति सबै जहाँ ॥३२॥
एवं स्मरन्पुरा प्राप्ता नानाजातीश्च यातनाः ।
मोक्षोपायमपि ध्यायन्वर्ततेऽभ्यासतत्परः ॥३३॥
यस्तो पूर्वजन्ममहाँ भोगेका जन्म कर्म सब् ।
सम्झेर मोक्षको इच्छा गर्छ अभ्यास यै फगत् ॥३३॥
अष्टमे त्वक्छुति स्यातामोजस्तेजश्च हृद्भवम् ।
शुद्धमापीतरक्तं च निमित्तं जीवितं मतम् ॥३४॥
आठौंमा कान फेर् छाला जोश् तेज् हृदयमा हुने ।
बन्दछन् ति सबै धातु जीवन्मा जति चाहिने ॥३४॥

मातरं च पुनर्गर्भं चञ्चलं तत्प्रधावति ।
ततो जातोऽष्टमे गर्भो न जीवत्योजसोज्झितः ॥३५॥

क्वै दिन् चञ्चल त्यो हुन्छ तेज पूरा नभै जहाँ ।
जन्म्यो भने आयु हुन्न जीवको आठ मासमा ॥३५॥

किञ्चित्कालमवस्थानं संस्कारात्पीडिताङ्गवत् ।
समयः प्रसवस्य स्यान्मासेषु नवमादिषु ॥३६॥

पूर्वकर्म वासनाले क्वै दिन्तक् गर्भमा रही ।
नवौं मैनामहाँ जन्म हुँदैन भोगनू भई ॥३६॥

मातुरस्त्रावहां नाडीमाश्रित्यान्ववतारिता ।
नाभिस्थनाडी गर्भस्य मात्राहाररसावहा ॥
तेन जीवति गर्भोऽपि मात्राहारेण पोषितः ॥३७॥

आमाका नाभिमा रक्तवाहिनी नामको नसा ।
छ तेस्बाट गर्भमहाँ पुग्छ बालक् छ त्यो जता ।
तेसैले बँच्छ बालक् त्यो आमाका खान्किले सदा ॥३७॥

अस्थियन्त्रविनिष्पिष्टः पतितः कुक्षिवर्त्मना ।
मेदोऽसृग्दिग्धसर्वाङ्गो जरायुपुटसंवृतः ॥३८॥

पैदा हुन गर्भ छाडी योनी यन्त्रमहाँ पऱ्यो ।
शालमा बेरिई रक्तपीपका कुण्डमा झऱ्यो ॥३८॥

निष्क्रमन्भृशदुःखार्तो रुदन्नुच्चैरधोमुखः ।
यन्त्रादेव विनिर्मुक्तः पतत्युत्तानशाय्यधः ॥३९॥

निस्कँदा दुःख भै ज्यास्ति अधोमुख् रुन्छ जोर्सँग ।
गिर्छ उत्तानु भूमिमा यन्त्रबाट खस्यो जब ।।३९।।

अकिञ्चत्कृत्तथा बालो मांसपेशीसमास्थितः ।
श्वमार्जारादिदंष्ट्रिभ्यो रक्ष्यते दण्डपाणिभिः ।।४०।।

होश्हवास् नहुने मांसपिण्डको बालकै बनी ।
कुक्कुर् आदि जन्तुदेखि गर्छन् रक्षा सबै अनि ।।४०।।

पितृवद्राक्षसं वेत्ति मातृवद्डाकिनीमपि ।
यूयं वयं वो वदति दीर्घकष्टं तु शैशवम् ।।४१।।

दैत्य पितृसरी मान्ने डाकिनी मातृकै सरी ।
तिमी हामी क्वै नजान्ने भयो शिशुपना धरी ।।४१।।

श्लेष्मणा पिहिता नाडी सुषुम्ना यावदेव हि ।
व्यक्तवर्णं च वदनं तावद्वक्तुं न शक्यते ।।४२।।

बन्दछ कफले नाडी सुषुम्ना जबतक् अनि ।
मुख् छ तापनि निस्कन्न वाणि क्यै भन्दछू भनी ।।४२।।

अतएव च गर्भेऽपि रोदितुं नैव शक्यते ।।४३।।

यसैले गर्भमा रुन्न नाडि त्यो बन्द नै बनी ।।४३।।

दृप्तोऽथ यौवनं प्राप्य मन्मथज्वरविह्वलः ।
गायत्यकस्मादुच्चैस्तु तथाकस्माच्च वल्गति ।।४४।।

काटी बालपना यौवन् प्राप्तमा कामको ज्वरो ।
उठ्यो अनि विचेत् साथै गाउने नाचने बन्यो ।।४४।।

आरोहति तरुन् वेगाच्छान्तानुद्वेजयत्यपि ।
कामक्रोधमदान्धः सन् नकांश्चिदपि वीक्षते ॥४५॥

कहिले रुखमा चर्ने शान्तमा डर् दिलाउने ।
कामना क्रोधका मद्ले हुन्छ अन्धो न देखने ॥४५॥

अस्थिमांसशिरालाया वामाया मन्मथालये ।
उत्तानभूतमण्डूकपाटितोदरसन्निभे ।
आसक्तः स्मरवाणार्त आत्मना दह्यते भृशम् ॥४६॥

हड्डी मासु नसायुक्त स्त्रीका मन्मथ घर् छ त्यो ।
उत्तानू पेट चीरेका भ्यागुतासरि नै छ जो ॥
तेसैमा कामपीडित् भै जल्दछ आत्मलोकिको ॥४६॥

अस्थिमांसशिरात्वग्भ्यः किमन्यद्वर्तते वपुः ।
वामानां मायया मूढो न किंचिद्वीक्षते जगत् ॥४७॥

स्त्रीमा हड्डि मांस छाला यत्तिकै बन्छ मूरति ।
माया मोहित मानिस्ले देख्छ अर्कै बनावटी ॥४७॥

निर्गत प्राणपवने देहो हन्त मृगीदृशः ।
वृथा हि जायते नैव वीक्ष्यते पञ्चषैर्दिनैः ॥४८॥

अबला मृग नेत्रीको प्राण वायु छुट्यो जसै ।
त्यो शरीर् व्यर्थ भै जान्छ कुहेर दिन पाँचमैं ॥४८॥

महापरिभवस्थानजरां प्राप्यातिदुःखितः ।
श्लेष्मणापिहितोरस्को जग्धमन्नं न जीर्यते ॥४९॥

दुःखको पात्र यो देह वृद्धमा झन् दुःखी बनी ।
कफले व्याप्त भै छाती पच्दैन खायको पनि ।।४९।।

सन्नदन्तो मन्ददृष्टिः कटुतिक्तकषायभुक् ।
वातभुग्गकटिग्रीवः करोरुचरणोल्वणः ।।५०।।

आँखा मन्द नभै दन्त आधार् औषधिको गरी ।
कुप्रो भै वायुले देह काँप्छन् हात् पाउ थर्थरी ।।५०।।

यदायुतसमाविष्टः परित्यक्तः स्वबन्धुभिः ।
निःशौचो मलदिग्धाङ्ग आलिङ्गितवरोषितः ।।५१।।

हज्जारौं रोगले व्याप्त आफ्ना जनूले न चाहने ।
डुबेको मलमूत्रैमा संताप् मन्मनमा लिने ।।५१।।

ध्यायन्नसुलभान्भोगान्केवलं वर्ततेऽचलं ।
सर्वेन्द्रियक्रियालोपाद्धास्यते बालकैरपि ।।५२।।

दुर्लभ् भोग्हरुको इच्छा गर्छ तेस्ले थला परी ।
चल्दैनन् हात् पयर् त्यस्का हाँस्छन् बालक बेसरी ।।५२।।

ततो मृतिजदुःखस्य दृष्टान्तो नोपलभ्यते ।
यस्माद्बिभ्यन्तिभूतानि प्राप्तान्यपिपरांरुजम् ।।५३।।

तथापि मरने दुःख सम्झदैन विवश् भई ।
जस्देखि डर्दछन् प्राणि उसैका सामुमा रही ।।५३।।

नीयते मृत्युना जन्तुः परिष्वक्तोऽपि बन्धुभिः ।
सागरान्तर्जलगतो गरुडेनैव पन्नगः ।।५४।।

चारौंतर्फ बसुन् बन्धु सागर्का जलभित्र होस् ।
गरुड्ले सर्पझैं काल्ले टिप्छ जहाँतहीँ रहोस् ।।५४।।

हा कान्ते हा धनं पुत्राः! क्रन्दमानः सुदारुणम् ।
मण्डूक इव सर्पेण मृत्युना नीयते नरः ।।५५।।

हा! प्रिये!! पुत्र धन् मेरा भन्दै चिल्याउँदाउँदै ।
भ्यागुतो सर्पले जस्तै टिप्छ काल्ले रुँदारुँदै ।।५५।।

मर्मसूत्कृष्यमाणेषु मुच्यमानेषु सन्धिषु ।
यद्दुःखं म्रियमाणस्य यस्मर्यतां तन्मुमुक्षुभिः ।।५६।।

खिचिंदा मर्मका स्थान फुत्कदा सन्धिहेरु सब् ।
जो दुःख मर्निमा हुन्छ संझुन् त्यो ज्ञानिले फगत् ।।५६।।

दृष्टावाक्षिप्यमाणायां संज्ञया ह्रियमाणया ।
मृत्युपाशेन बद्धस्य त्राता नैवोपलभ्यते ।।५७।।

दृष्टि पर्दै होश उडी मूर्छा भै रहनेमहाँ ।
कालपाश्मा बाँधिदामा रक्षा को गर्दछन् तहाँ ।।५७।।

संरुध्यमानसतमा महच्चित्तमिवाविशन् ।
उपाहूतस्तदा ज्ञातीनीक्षते दीनचक्षुषा ।।५८।।

अज्ञान तमले ढाक्दा अहंकार् चित्तमा हुँदा ।
बोलाउँदा बोल्न न भै दुःखले हेर्छ सब् रुँदा ।।५८।।

अयस्पाशेन कालेन स्नेहपाशेन बन्धुभिः ।
आत्मानं कृष्यमाणं तं वीक्षते परितस्तथा ।।५९।।

फलाम्को पाश एक् काल्को मायाको पाश बन्धुको ।
दुवै ती आफुमा बाँध्ने देख्छ मात्र विवश् छ त्यो ।।५९।।

हिक्कया बध्यमानस्य श्वासेन परिशुष्यतः ।
मृत्युना कृष्यमाणस्य न खल्वस्ति परायणम् ।।६०।।

हिक्का मात्र भई ज्यास्ति प्राण वायु छुटी सकी ।
काललेखिच्ने बेलामा आधार् को हुन्छ त्यस्पछि ।।६०।।

संसारयन्त्रमारूढो यमदूतैरधिष्ठितः ।
क्व यास्यामीतिदुःखार्तःकालपाशेन योजितः ।।६१।।

संसार चक्रमा घुम्दा कालपाश्मा पर्‍यो अनि ।
गर्छ चिन्ता दूत देखी म कता जाउँ लौ भनी ।।६१।।

किं करोमि क्व गच्छामि किं गृह्णामि त्यजामि किम् ।
इति कर्तव्यता मूढः कृच्छाद्देहात्त्यजत्यसून् ।।६२।।

के गरौं म कता जाऊँ समातौं के गरूँ अब ।
भन्ने चिन्ता लिँदा दुःख्ले प्राणवायु छुट्यो जब ।।६२।।

यातनादेहसंबद्धो यमदूतैरधिष्ठितः ।
इतो गत्वानुभवति या यास्ता यमयातनाः ।
तासु यल्लभते दुःखं तद्वक्तुं क्षमते कुतः ।।६३।।

यमदूत्ले बाँधियको कर्मभोगी शरीर् धरी ।
यमको दण्ड जो भोग्छ कर्मबन्धनमा परी ।।
त्यो सबै भन्नु सामर्थ्य हुनु कस्को अघी सरि ।।६३।।

कर्पूरचन्दनाद्यैस्तु लिप्यते सततं हि यत् ।
भूषणैर्भूष्यते चित्रैः सुवस्त्रैः परिधार्यते ॥६४॥
कर्पूर–चन्दन् लाइन्थ्यो जुन् शरीरमा असल् भनी ।
गहना वस्त्र पैरिन्थ्यो ढल्यो बेकाम त्यो बनी ॥६४॥
अस्पृश्यं जायतेऽप्रेक्ष्यं जीवत्यक्तं सदा वपुः ।
निष्कासयन्ति निलयात्क्षणन्नस्थापयन्त्यपि ॥६५॥
छुनै अयोग्य डर्लाग्दो देख्दामा प्राण गो जसै ।
छिटै निकाल्छन् घर्बाट बन्धुवर्ग जुटी सबै ॥६५॥
दह्यते च ततः काष्ठैस्तद्भस्म क्रियते क्षणात् ।
भक्ष्यते वा शृगालैश्च गृध्रकुक्कुटवायसैः ॥
पुनर्न दृश्यते सोऽपि जन्मकोटिशतैरपि ॥६६॥
राखी चितामहाँ देह भस्म गर्छन् क्षणैमहाँ ।
अथवा गिद्ध स्याल् कुत्ता खान्छन् लास रह्यो जहाँ ॥
कोटि जन्म बिती जाऊन् फेरि त्यो देखिने कहाँ ॥६६॥
माता-पिता गुरुजनःस्वजनो ममेति
मायोपमे जगतिकस्य भवेत्प्रतिज्ञा ।
एको यतो व्रजति कर्मपुरःसरोऽयं
विश्रामवृक्षसदृशः खलु जीवलोकः ॥६७॥
माता–पिता गुरुहरू स्वजनै भनेका
देखिन्न आखिर सहाय कहीँ बनेका ।

एक्मात्र कर्मगतिले जगमा छ घुम्नू ।
छहारिझैं पथिकमा क्षणभङ्ग बुझ्नु ।।६७।।

सायंसायं वासवृक्षं समेताः
प्रातःप्रातस्तेन तेन प्रयान्ति।
त्यक्त्वान्योऽन्यं तं च वृक्षं विहंगा
यद्वत्तद्वज्ज्ञातयोऽज्ञातयश्च ।।६८।।

सायंकाल्मा वृक्ष एक्मा रहेर
प्रातःकाल्मा भिन्न-भिन्नै भएर ।
जान्छन् छोडी पक्षिहेरू ति जस्तै
संसार् सारा ज्ञानवान्लाइ तस्तै ।।६८।।

मृतिबीजं भवेज्जन्म जन्मबीजं भवेन्मृतिः ।
घटयन्त्रवदश्रान्तो बंभ्रमीत्यनिशं नरः ।।६९।।

मर्नु नै जन्मको कारण् जन्मले नै मरण् हुने ।
घैंटाको मालझैं संसार् निशिदिन् यो छ घूमने ।।६९।।

गर्भे पुंसः शुक्रपाताद्यदुक्तं मरणावधि ।
तदेतस्य महाव्याधेर्मत्तो नान्योस्ति भेषजम् ।।७०।।

स्त्रीका गर्भ परेदेखि मर्नुतक् दुःख जो जति ।
भनिये औषधी छैन मबाहेक् यसको रती ।।७०।।

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां
शिवराघवसंवादे पिण्डोत्पत्तिकथनं नाम अष्टमोऽध्यायः ।।८।।

अथ नवमोऽध्यायः

श्रीभगवानुवाच–

देहस्वरूपं वक्ष्यामि शृणुष्वावहितो नृप ।
मत्तो हि जायते विश्वं मयेवैतत्प्रधार्यते ॥१॥

हे राजन् ! देहको रूप सुन भन्छु दिई मन ।
हुन्छ मैंदेखि संसार उत्पत्ति धारणाकन ॥१॥

मय्येवेदमधिष्ठाने लीयते शुक्तिरौप्यवत् ।
अहं तु निर्मलः पूर्णः सच्चिदानन्दविग्रहः ॥२॥

ज्ञानमा हुन्छ लीन् मैंमा सिपिमा चाँदिकै सरी ।
म छु निर्मल एक् पूर्ण सच्चिदानन्द रूप् धरी ॥२॥

असंगो निरहंकारः शुद्धं ब्रह्म सनातनः ।
अनाद्यविद्यायुक्तः सञ्जगत्कारणतां व्रजेत् ॥३॥

अहङ्कार् सङ्गले हीन शुद्ध ब्रह्म सनातन ।
मायायुक्त हुँदा फेरि संसार्कै हुन्छु कारण ॥३॥

अनिर्वाच्या महाविद्या त्रिगुणा परिणामिनी ।
रजः सत्त्वं तमश्चेति त्रिगुणा परिकीर्तिताः ॥४॥

भन्नै न सकिने मेरी माया छन् त्रिगुणात्मिका ।
सत्व रज् तम यी तीन् गुण् कहिन्छन् यि अनादिका ॥४॥

सत्त्वं शुक्लं समादिष्टं सुख ज्ञानास्पदं नृणाम् ।
दुःखास्पदं रक्तवर्णं चञ्चलं च रजो मतम् ॥५॥

सत्वको छ शुक्लवर्ण सुख ज्ञान् जनमा दिने ।
रक्तवर्ण रजो गुण्को दुःख नै सुख मानिने ।।५।।
तमः कृष्णं जडं प्रोक्तमुदासीनं सुखादिषु ।
अतो मम समायोगाच्छक्तिः स्यात्त्रिगुणात्मिका ।।६।।
कालो रूप् जड हो तम्गुण उदासीन् सुख दुःखमा ।
मेरै संयोगले बन्छिन् विद्याऽविद्या स्वरूपमा ।।६।।
अधिष्ठाने तु मय्येव भजते विश्वरूपताम् ।
शुक्तौ रजतवद्रज्जौ भुजङ्गो यद्वदेव तु ।।७।।
मेरै संयोगले सारा विश्व यो रचना गरी ।
देखिन्छ डोरिमा सर्प सिपिमा चाँदिकै सरी ।।७।।
आकाशादीनि जायन्ते मत्तो भूतानि मायया ।
तैरारब्धमिदं विश्वं देहोऽयं पाञ्चभौतिकः ।।८।।
मायायुक्त मदेखि सब् पञ्चभूतादि बन्दछन् ।
यिनैले बन्छ संसार पञ्चभूत इ देह हुन् ।।८।।
पितृभ्यामशितादन्नात्षट्कोशं जायते वपुः ।
स्नायवोऽस्थीनि मज्जा च जायन्ते पितृतस्तथा ।।९।।
मातापिताजिले खाने अन्नदेखि छ कोशवान् ।
देह बन्छ पितादेखि हाड मासी नसा छ नाम् ।।९।।
त्वङ्मांस शोणितमिति मातृतश्च भवन्ति हि ।
भावाः स्युः षड्विधास्तस्य मातृजाःपितृजास्तथा ।
राजसा आत्मजाः सत्यसंभूताःस्वात्मजास्तथा ।।१०।।

छाला मांस रगत् बन्छ मातादेखि शरीरमा ।
माता पितादेखि बन्छन् छ कोष स्थूल देहमा ।
रज्देखि आत्मदेखी क्वै बन्छ सारा शरीरमा ।।१०।।

मृदवः शोणितं मेदो मज्जा प्लीहा यकृद्गुदम् ।
हन्नाभीत्येवमाद्यास्तु भावा मातृभवा मताः ।।११।।

रगत् बोसो गिदी फीयो हृदय नाभि फेर् गुदा ।
कोमल् चिज् मातृदेखीका बन्दछन् गर्भमैं हुँदा ।।११।।

श्मश्रुलोमकचस्नायुशिरोधमनयो नखाः ।
दशनाःशुक्रमित्यादि स्थिराः पितृसमुद्भवाः ।।१२।।

जुँगा दाह्रि कपाल् नाडी नसा दाँत नखै अरू ।
वीर्य फेर् पितृदेखिका बन्दछन् वस्तु यी अरू ।।१२।।

शरीरोपचितिर्वर्णो वृद्धिस्तृप्तिर्बलं स्थितिः ।
अलोलुपत्वमुत्साह इत्यादि राजसं विदुः ।।१३।।

शरीर्को पुष्टता वर्ण संतोष बल वृद्धि सब् ।
निर्लोभ् उत्साह रज्देखि बन्दछन् देहमा यि सब् ।।१३।।

इच्छा द्वेषः सुखं दुःखं धर्माधर्मौ च भावना ।
प्रयत्नो ज्ञानमायुश्चेन्द्रियाणीत्येवमात्मजाः ।।१४।।

इच्छा द्वेष पाप धर्म सुख दुःख र भावना ।
प्रयत्न ज्ञान आयु फेर् इन्द्रिय बन्छ आत्ममा ।।१४।।

ज्ञानेन्द्रियाणि श्रवणं स्पर्शनं दर्शनं तथा ।
रसनं घ्राणमित्याहुः पञ्च तेषां तु गोचराः ॥१५॥

सुन्नू देख्नू सुँघ्नु चाख्नु छोपिनू पाँच यी पुरा ।
ज्ञानेन्द्रिय[1] भनिन्छन् यी यिनै हुन् जानिने कुरा ॥१५॥

शब्दः स्पर्शस्तथा रूपं रसो गन्ध इति क्रमात् ।
वाक्करांघ्रिगुदौपस्थान्याहुः कर्मेन्द्रियाणि हि ॥१६॥

शब्द स्पर्श रूप रस गन्ध यी विषयै अनि ।
वाक्–वाणि पाउ उपस्थ पायु कर्मेन्द्रियै[2] भनि ॥१६॥

वचनादानगमनविसर्गरतयः क्रमात् ।
क्रियास्तेषां मनोबुद्धिरहङ्कारस्ततः परम् ॥१७॥
अन्तःकरणमित्याहुश्चित्तं चेति चतुष्टयम् ॥१८॥

बोल्नू दिनु–लिनू हिंड्नू मल्–त्याग रतिसुख्ख भो ।
कर्म कर्मेन्द्रियेका हुन् अहङ्कार् मन बुद्धि भो ॥१७॥
अन्तःकरण यै भन्छन् चित्तसाथ् चार चीजको ॥१८॥

सुखं दुःखं च विषयौ विज्ञेयौ मनसः क्रियाः ।
स्मृति भीतिविकल्पाद्या बुद्धिःस्यान्निश्चयात्मिका ॥१९॥

सुख दुःख विषय हुन् यिनका कर्म फेर् सुन ।
स्मृति विकल्प भय हुन् बुद्धि निश्चय नै हुन ॥१९॥

---

१. ज्ञानेन्द्रिय= कान, छाला, आँखा, जिउरो र नाक ।
२. कर्मेन्द्रिय=शब्द, स्पर्श, रूप, रस र गन्ध ।

अहंममेत्यहङ्कारश्चित्तं चेतयते यतः ।
सत्त्वाख्यमन्तःकरणं गुणभेदात्त्रिधा मतम् ।
सत्त्वं रजस्तम इति गुणाः सत्त्वात्तु सात्त्विकाः ॥२०॥

अहङ्कार् ममता जाने चित्त चेतन हो अनि ।
सत्व गुण् छ प्रधान् अन्तःकरण्मा सत्त्वमा पनि ।
छन् तिनै गुण अन्तर्गत् गर्छन् कार्यहरू अनि ॥२०॥

आस्तिक्यशुक्लधर्मैकमतिप्रकृतयो मताः ।
रजसो राजसा भावाः कामक्रोधमदादयः ॥२१॥

हुँदा प्रधान सत्त्वोको धर्म आस्तिक्यमा मति ।
रजप्रधानमा हुन्छ काम क्रोध घमण्ड यी ॥२१॥

निद्रालस्यप्रमादादिवञ्चनाद्यास्तु तामसाः ।
प्रसन्नेन्द्रियतारौग्यानालस्याद्यास्तु सत्त्वजाः ॥२२॥

तमप्रधानमा निद्रा आलस्य हुन्छ उग्पना[१] ।
प्रसन्न इन्द्रिये हुन्छ रोग् आलस्य न सत्त्वमा ॥२२॥

देहो मात्रात्मकस्तस्मादादत्ते तद्गुणानिमान् ।
शब्दश्रोत्रमुखरता वैचित्र्यं सूक्ष्मवाग्धृतिः ॥२३॥

पञ्चभूतादि मात्राले बन्दछ स्थूल देह यो ।
शब्द श्रोत्र[२] कुशलता वाणी इन्द्रिय धैर्य भो ॥२३॥

---

१. उगपना=भ्रम, भ्रान्ति, (छल)।
२. श्रोत्र= कान।

बलं च गगनाद्वायोः स्पर्श च स्पर्शनेन्द्रियम् ।
उत्क्षेपणमवक्षेपाकुञ्चने गमनं तथा ।।
प्रसारणमितीमानि पञ्च कर्माणि वायुतः ।।२४।।

लघुता बल यी सात् गुण् आकाशदेखि सब् हुनू ।
फेक्नू माथि तल हिंड्नू खुम्च्याउनु पसारनू ।
त्वगिन्द्रिय स्पर्श गुण वायुदेखि छ पाँच् हुनू ।।२४।।

प्राणापानौ तथा व्यानसमानोदानसंज्ञकाः ।।२५।।

प्राण् अपान् व्यान् समान् वायु उदान पाँच नाम् भये ।।२५।।

नागः कूर्मश्च कृकलो देवदत्तो धनंजयः ।
दशेति वायुविकृतीस्तथा गृह्णाति लाघवम् ।।२६।।

नाग कूर्म कृकल भो देवदत्त धनञ्जये ।
विकारले एक वायुका दश नाम नै रहे ।।२६।।

तेषां मुख्यतरः प्राणो नाभेः कण्ठादधः स्थितः ।
चरत्यसौ नासिकयोर्नाभौ हृदयपङ्कजे ।।१७।।

तिन्मा मुख्य प्राणवायु नाभिदेखि गलातक ।
चल्छ नाभि नासिकामा हृदये बीच बस्दछ ।।२७।।

शब्दोच्चारणनिश्वासोच्छ्वासादेरपि कारणम् ।।२८।।

शब्दको गर्नु उच्चारण् फेर्नु श्वास् सब गर्दछ ।।२८।।

अपानस्तु गुदे मेढ्रे कटिजङ्घोदरेष्वपि ।
नाभिकण्ठे वृषणयोरूरुजानुषु तिष्ठति ।
तस्य मूत्रपुरीषादिविसर्गः कर्म कीर्तितम् ।।२९।।

गुदा लिङ्ग कटी जङ्घा नाभि उदर अण्डकोश् ।
अधोभाग् रहने वायु अपान भनि जानियोस् ।
यसैको फेक्नु मलमूत्र कर्म यै भनि ज्ञान होस् ।।१९।।

व्यानोऽक्षिश्रोत्रगुल्फेषु जिह्वाघ्राणेषु तिष्ठति ।
प्राणायामधृतित्यागग्रहणाद्यस्य कर्म च ।।३०।।

नेत्रका नासिका जिह्वा गोलिगाँठादिमा रही ।
प्राणायाम् व्यान यै गर्छ धैर्य ली चतुरो भई ।।३०।।

समानो व्याप्त निखिलं शरीरं वह्निना सह ।
द्विसप्ततिसहस्रेषु नाडीरन्ध्रेषु संचरन् ।।३१।।

समान वायु सारा यो देहमा अग्निसाथ् रही ।
हज्जार्बहतर् नाडीमा घुम्छ सारै चतुर् भई ।।३१।।

भुक्तपीतरसान्सम्यगानयन्देहतुष्टिकृत् ।
उदानः पादयोरास्ते हस्तयोरङ्गसन्धिषु ।।३२।।

खाएको अन्नरस् सारा लान्छ अङ्ग प्रत्यङ्गमा ।
उदान वायु पाऊमा हस्तमा बस्छ सन्धिमा ।।३२।।

कर्मास्य देहोन्नयनोत्क्रमणादि प्रकीर्तितम् ।
त्वगादिधातूनाश्रित्य पञ्च नागादयः स्थिताः ।।३३।।

कर्म यस्को उठ्नु हिंड्नु शरीर्को छ विचार झन् ।
त्वगादि पञ्चधातुमा नागादि पञ्चवायु छन् ।।३३।।

उद्गारादि निमेषादि क्षुत्पिपासादिकं क्रमात् ।
तन्द्रीप्रभृति शोकादि तेषां कर्म प्रकीर्तितम् ।।३४।।

डकार्नू चिम्लनू भोक् प्यास् आलस्य हाइ पाँच् करम् ।
नागादि पञ्चवायुका भनिए पाँच नै धरम् ।।३४।।

अग्नेस्तु रोचकं रूपं दीप्तिं पाकं प्रकाशताम् ।
अमषतीक्ष्णसूक्ष्माणामोजस्तेजश्च्छशूरताम् ।।३५।।

अग्निको धर्म हो रूप पचाउनु प्रकाश् हुनु ।
असहन् तीक्ष्णता फेरि तेजश्वी शुरता हुनू ।।३५।।

मेधावितां तथा दत्ते जलात्तु रसनं रसम् ।
शैत्यं स्नेहं द्रवं स्वेदं गात्राणि मृदुतामपि ।।३६।।

तेजदेखि बुद्धि हुन्छ जिह्वा जल्देखि बन्द छन् ।
चीसो चिल्लो रसीलो भो शरीर्को मल हुन्छ झन् ।।३६।।

भूमेर्घ्राणेन्द्रियं गन्धं स्थैर्यं धैर्यं च गौरवम् ।
त्वगसृङ्मांसमेदोऽस्थिमज्जाशुक्राणि धातवः ।।३७।।

पृथ्वीको नासिका गन्ध धैर्य स्थिर् गह्रुका हुनू ।
छाला रगत् मांस गिदी हाड वीर्यादि राखनू ।।३७।।

अन्नं पुंसाशितं त्रेधा जायते जठराग्निना ।
मलःस्थविष्ठो भागःस्यान्मध्यमो मांसतां व्रजेत् ।
मनः कनिष्ठो भागः स्यात्तस्मादन्नमयं मनः ।।३८।।

खाएको अन्न प्राणिले जठराग्नि त्रिभाग् गरी ।
ठूलो भाग् मल भै जान्छ मध्यको मासु नै परि ।।
सानू भाग् मन त्यै बन्छ नाम अन्नमयै धरी ।।३८।।

अपां स्थविष्ठो मूत्रं स्यान्मध्यमो रुधिरं भवेत् ।
प्राणः कनिष्ठो भागःस्यात्तस्मात्प्राणो जलात्मकः ॥३९॥
तेजको स्थूलभाग् मूत्र मध्यभाग् रगतै बनी ।
सानू भाग् प्राण त्यै बन्छ जल् आत्मा प्राणको पनि ॥३९॥
तेजसोऽस्थि स्थविष्ठः स्यान्मज्जा मध्यमसंभवः ।
कनिष्ठा वाङ्मता तस्मात्तेजोऽबन्नात्मकं जगत् ॥४०॥
ठूलो भाग् तेजको हाड बोसो मध्यम भाग् फगत् ।
सानू भाग् वाणी हो जान तेज अन्नमयै जगत् ॥४०॥
लोहिताज्जायते मांसं मेदो मांससमुद्भवम् ।
मेदसोऽस्थीनि जायन्ते मज्जा चास्थिसमुद्भवा ॥४१॥
रगत्देखि बन्छ मांस मासुदेखि गिदी भयो ।
गिदीदेखि हाड़ बन्छन् बोसो हाड्देखि बन्छ यो ॥४१॥
नाड्योऽपि मांससङ्घाताच्छुक्रं मज्जासमुद्भवम् ॥४२॥
मांसदेखि नसा बन्छन् बोसाको हुन्छ वीर्य जो ॥४२॥
वातपित्तकफास्तत्र धातवः परिकीर्तिताः ।
दशाञ्जलिजलं ज्ञेयं रसस्याञ्जलयो नव ॥४३॥
वात पित्त कफ तीन्टा धातु छन् यो शरीरमहाँ ।
अञ्जली दश जल् जान रस नौ अञ्जली जहाँ ॥४३॥
रक्तस्याष्टौ पुरीषस्य सप्त स्युःश्लेष्मणश्च षट् ।
पित्तस्य पञ्च चत्वारो मूत्रस्याञ्जलयस्त्रयः ॥४४॥

आठ् अञ्जलि रगत् विष्ठा सात् कफ् छ अञ्जली रही ।
पित्त पाँच् अञ्जली मूत्र चार अञ्जलि नै भई ।।४४।।

वसाया मेदसो द्वौ तु मज्जा त्वञ्जलिसम्मितः ।
अर्धाञ्जलिस्ततः शुक्रं तदेव बलमुच्यते ।।४५।।

बोसो तीन् गिदि द्वी फेरि मज्जा एक् अञ्जली छ यो ।
आधा अञ्जलि भो वीर्य तेहि नै बलरूप हो ।।४५।।

अस्थ्नां शरीरसंख्या स्यात्षष्टियुक्तं शतत्रयम् ।
जलजानि कपालानि रुचकास्तरणानि च ।
नवकानीति तान्याहुः पञ्चधास्थीनि सूरयः ।।४६।।

तीन् सौ साठी देहमा छन् हाडका टुकुरा यहाँ ।
कपाल जलज रूचक् आस्तरण् नव यिन्महाँ ।
पाँच प्रकारका भन्छन् विद्वान्ले हाड देहमा ।।४६।।

द्वे शते त्वस्थिसन्धीनां स्यातां तत्र दशोत्तरे ।
रौरवाः प्रसराः स्कन्दसेचनाः स्युरुलूखलाः ।।४७।।

दुइ सौ दश् हाडका सन्धि नरदेहविषे रही ।
रौरव सेचन स्कन्द प्रसर उलुखल् भई ।।४७।।

समुद्गा मण्डकाः शङ्खावर्ता वायसतुण्डकाः ।
इत्यष्टधा समुद्दिष्टाः शरीरेस्वस्थिसन्धयः ।।४८।।

शङ्खावर्त मण्डक भो वायस तुण्डकै भनी ।
यस्ता आठ प्रकार्का छन् सन्धिनाम्मा फरक् बनी ।।४८।।

सार्धकोटित्रयं रोम्णां श्मश्रुकेशास्त्रिलक्षकाः ।
देहस्वरूपमेवं ते प्रोक्तं दशरथात्मज ।
तस्मादसारो नास्त्येव पदार्थो भुवनत्रये ॥४९॥

साढ़ेतीन् कोटि छन् रोम दाडि केश त्रिलक्षक ।
तिमीमा देहको रूप भनें दशरथात्मज!
तस्मात् तीन् लोकमा छैन शरीर्जस्तो अकामक ॥४९॥

देहेऽस्मिन्नभिमानेन न महोपायबुद्धयः ।
अहङ्कारेण पापेन क्रियन्ते हन्त सांप्रतम् ॥५०॥

नाशवान् देह धरेर अहङ्कार्मा रहीकन ।
गर्दैनन् मोक्षको इच्छा धिक्कारि हुन् तिनै जन ॥५०॥

तस्मादेतत्स्वरूपं तु बोद्धव्यं तु मुमुक्षुभिः ॥५१॥

मोक्षार्थिले यस्तो देह जान्नूपर्दछ झन्झन ॥५१॥

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे देहस्वरूपनिर्णयो नाम नवमोऽध्यायः ॥९॥

गङ्गाजी महिमा (माहात्म्य)

(नेपाली भाषामा)

यस पुस्तकमा गङ्गाजीको उत्पत्ति, आगमन, स्मरण, दर्शन र स्नानको माहात्म्य, गङ्गाजीको नजिक श्राद्ध, जप, दान र तर्पण गर्दाको महिमाका साथै गङ्गाअष्टोत्तरशतनामस्तोत्र-नामावली, गङ्गासहस्रनामस्तोत्र-नामावली आदि अनेकौं स्तोत्रहरूसहित गङ्गाजीका बारेमा भरपूर जानकारी प्राप्त गर्न चाहना हुनेले अवश्य पढ्नै पर्ने र घरमा समेत राख्नु अति-योग्य रहेको छ ।

मूल्य : रु. १२५/= मात्र

अथ दशमोऽध्यायः

श्रीराम उवाच–

भगवान् ! कुत्र जीवोऽसौ जन्तोर्देहेऽवतिष्ठते ।
जायते वा कुतो जीवः स्वरूपं चास्य किं वद ॥१॥

कहाँ जीव् बस्छ जन्तुका भगवन् ! देहमा रही ।
कहाँदेखि हुन्छ जीव बस्छ कुन् रूपको भई ॥१॥

देहान्ते कुत्र वा याति गत्वा वा कुत्र तिष्ठति ।
कथमायाति वा देहं पुनर्न यदि वा वद ॥२॥

देहान्तमा कहाँ जान्छ गई बस्छ कहाँ अनि ।
फेरि जीव्ले देह अर्को लिन्छ कि वा लिंदैन कि? ॥२॥

श्रीभगवानुवाच–

साधु पृष्टं महाभाग! गुह्याद्गुह्यतरं हि यत् ।
देवैरपि सुदुर्ज्ञेयमिन्द्राद्यैर्वा महर्षिभिः ॥३॥

सोध्यौ असल् महाभाग! गुह्यमा पनि गुह्य यो ।
इन्द्रादि देवऋषिले जान्नलाई कठिन् छ जो ॥३॥

अन्यस्मै नैव वक्तव्यं मयापि रघुनन्दन ! ।
त्वद्भक्ताहं परं प्रीतो वक्ष्याम्यवहितः शृणु ॥४॥

मैले पनि कसैलाई भन्दिन रघुनन्दन !
खुसीसाथ् प्रेमले तिम्रा सुन भन्छु दिई मन ॥४॥

सत्यज्ञानात्मकोऽनन्तः परमानन्दविग्रहः ।
परमात्मा परंज्योतिरव्यक्तोव्यक्तकारणम् ॥५॥
नित्यो विशुद्धः सर्वात्मा निर्लेपोऽहं निरञ्जनः ।
सर्वधर्मविहीनश्च न ग्राह्यो मनसापि च ॥६॥

ज्ञानले जानिने सत्रूप् अनन्त परमात्म हुँ ।
परमानन्द ज्योतिरूप् अदृश्य कारणै म हुँ ॥५॥
सर्वात्मा नित्य मैं शुद्ध निष्कलङ्क निरञ्जन ।
धर्मदेखि पर मन्ले न भेट्ने दूर भैकन ॥६॥

नाहं सर्वेन्द्रियग्राह्यः सर्वेषां ग्राहको ह्यहम् ।
ज्ञाताहं सर्वलोकस्य मम ज्ञाता न विद्यते ॥७॥

न छु इन्द्रियले भेट्ने इन्द्रिय छन् ममा वश ।
जान्दछू सब यी लोक म जान्ने लोक क्वै न छ ॥७॥

दूरः सर्वविकाराणां परिणामोदिकस्य च ।
यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ॥८॥

बाल यौवन वृद्धादि विकार् छन् दूर यी ममा ।
मन्का साथ् वाणि फर्कन्छन् नपाइकन साथमा ॥८॥

आनन्दं ब्रह्म मां ज्ञात्वा न बिभेति कुतश्चन ॥९॥

यस्तो आनन्दको मूर्ति जानु पर्दैन कालमा ॥९॥

यस्तु सर्वाणि भूतानि मय्येवेति प्रपश्यति ।
मां च सर्वेषु भूतेषु ततो न विजुगुप्सते ॥१०॥

जस्ले सारा प्राणिहेरू ममा देख्दछ एक रूप् ।
प्राणिमा देख्छ मैंमात्र हुन्छ प्रशंसनीय खुब् ।।१०।।

यत्र सर्वाणि भूतानि आत्मैवाभूद्विजानतः ।
को मोहस्तत्र कः शोक एकत्वमनुपश्यतः ।।११।।

जस्ले सब् प्राणि आत्मा नै देख्दछन् ज्ञानले गरी ।
कुन् शोक मोह तिन्मा फेर् देख्छन् सब् आत्म नै सरी ।।११।।

एवं सर्वेषु भूतेषु गूढात्मा न प्रकाशते ।
दृश्यते त्वग्र्यया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः ।।१२।।

सम्पूर्ण प्राणिमा व्याप्त गुप्तमै न छु देखिने ।
कुशाग्र बुद्धिमान् देख्छन् ज्ञानि जन् सूक्ष्मदृष्टिले ।।१२।।

अनाद्यविद्यया युक्तस्तथाप्येकोऽहमव्ययः ।
अव्याकृतब्रह्मरूपो जगत्कर्ताहमीश्वरः ।।१३।।

अनादि मायामयवान् तथापि एकलै म छू ।
ब्रह्मरूप् छ त देखिन्छु कर्ता भर्ता म बन्दछू ।।१३।।

ज्ञानमात्रं यथा दृश्यमिदं स्वप्नं जगत्त्रयम् ।
तद्वन्मयि जगत्सर्वं दृश्यतेऽस्ति विलीयते ।।१४।।

अविद्याका कल्पनाले देखिन्छ स्वप्नरूप् जगत् ।
त्यस्तै सृष्टि नाश पालन् मबाटै हुन्छ यो गजब् ।।१४।।

नानाविद्यासमायुक्तो जीवत्वेन वसाम्यहम् ।
पञ्चकर्मेन्द्रियाण्येव पञ्च ज्ञानेन्द्रियाणि च ।
मनो बुद्धिरहङ्कारश्चित्तं चेति चतुष्टयम् ।।१५।।

अनेक् प्रकारको मायाधारी जीव् भै म बस्दछु ।
ज्ञानकर्मेन्द्रिय पाँच् पाँच् अन्तःकरण चार् म छू ।
मन बुद्धि अहंकार चित्त यो भेद बन्दछू ।।१५।।

वायवः पञ्च मिलिता यान्ति लिङ्गशरीरताम् ।
तत्र विद्यासमायुक्तं चैतन्यं प्रतिबिम्बितम् ।।१६।।
व्यावहारिकजीवस्तु क्षेत्रज्ञः पुरुषोऽपि च ।।१७।।

यिन्मा पञ्चवायु मिल्दा हुन्छ लिङ्ग-शरीर यो ।
अविद्यायुक्त चैतन्य प्रतिबिम्बितको भयो ।।१६।।
व्यवहार्मा जीव पुरुष् क्षेत्रज्ञ नाम यो रह्यो ।।१७।।

स एव जगतां भोक्ता नाद्ययोः पुण्यपापयोः ।
इहामुत्र गतिस्तस्य जाग्रत्स्वप्नादिभोक्तृता ।।१८।।

अनादि पुण्य पाप् भोक्ता संसार्मा त्यै बनीकन ।
यो लोक परलोक् भोग्छ जाग्रत्स्वप्नादि तीन् गण ।।१८।।

यथा दर्पणकालिम्ना मलिनं दृश्यते मुखम् ।
तद्वदन्तःकरणगैर्दोषैरात्मापि दृश्यते ।।१९।।

जस्तै दर्पण मैलामा मुख देखिन्न साफ्सँग ।
त्यस्तै अन्तःकरण् मैलो हुँदामा आत्म गुप्त छ ।।१९।।

परम्पराध्यासवशात् स्यादन्तःकरणात्मनोः ।
एकीभावाभिमानेन परात्मा दुःखभागिव ।।२०।।

अन्तःकरण फेर् जीव्को एकै भाव हुँदामहाँ ।
त्यै जीव् दुःखी सुखीजस्तै मानिने हो बुझे यहाँ ।।२०।।

मरुभूमौ जलत्वेन मध्याह्नार्कमरीचिकाः ।
दृश्यन्ते मूढचित्तस्य न ह्यार्द्रास्तापकारकाः ॥२१॥
जस्तै मध्याह्न सूर्येका किरण्मा बालुवा कण ।
देखिन्छन् जलझैं भ्रम्मा जल् हुन्नन् उष्ण छन् झन ॥२१॥
तद्वदात्मापि निर्लेपो दृश्यते मूढचेतसाम् ।
स्वाविद्याध्यात्सदोषेण कर्तृत्वादिकधर्मवान् ॥२२॥
त्यस्तै आत्मा भई शुद्ध अज्ञानि जनमा परी ।
कर्ता भोक्ता मान्छ आफैं जलबिम्ब चले सरी ॥२२॥
तत्र चान्नमये पिण्डे हृदि जीवोऽवतिष्ठते ।
आनखाग्रं व्याप्य देहं तद्ब्रुवेऽवहितः शृणु ।
पुरी तदभिधानेन मांसपिण्डो विराजते ॥२३॥
यो अन्नमय जीवैका हृदये बीचमा रही ।
सब् शरीर्–व्याप्त भै बस्छु सुन भन्दछु मन् दिई ॥
पुरी तब नाम हुन्छ मांसका पिण्डमा रही ॥२३॥
नाभेरुर्ध्वमधःकण्ठाद्व्याप्य तिष्ठति यः सदा ।
तस्य मध्येऽस्ति हृदयं सनालं पद्मकोशवत् ॥२४॥
नाभीमाथि गलासम्म टम्म भै बस्छ देहमा ।
कमल्को दण्डझैं जस्मा सच्छिद्र हृदिपद्ममा ॥२४॥
अधोमुखं च तत्रास्ति सूक्ष्मं सुषिरमुत्तमम् ।
दहराकाशमित्युक्तं तत्र जीवोऽवतिष्ठति ॥२५॥

अधोमुख् छ अती सूक्ष्म सुन्दर् छिद्र परीकन ।
दहराकाश त्यै भन्छन् जीव त्यैं बस्छ रञ्जन ।।२५।।

बालाग्रशतभागस्य शतधा कल्पितस्य च ।
भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ।।२६।।

रोमको शतभाग् एक्को शतभाग् त्यसको गरी ।
जत्रो बन्छ जीव त्यत्रै छ जाने रीत एसरी ।।२६।।

कदम्बकुसुमोद्वद्धकेसरा इव सर्वतः ।
प्रसृता हृदयान्नाड्यो याभिर्व्याप्तं शरीरकम् ।।२७।।

कदम्ब फूलका केसर् जान्छन् ति चारतीरमा ।
हृदयेदेखि निस्केका नाडि छन् व्याप्त देहमा ।।२७।।

हितं बलं प्रयच्छन्ति तस्मात्तेन हिताः स्मृताः ।
द्वासप्ततिसहस्त्रैस्ताः संख्याता योगवित्तमैः ।।२८।।

हित् गर्छन् बल फेर् दिन्छन् नाडी र हित भन्दछन् ।
हज्जार्बहत्तर् योगीले नाडी छन् भनि गन्दछन् ।।२८।।

हृदयात्तास्तु निष्क्रान्ता यथार्करश्मयस्तथा ।
एकोत्तरशतं तासु मुख्या विष्वग्विनिर्गताः ।।२९।।

हृदयेदेखि निस्केका सूर्येका रश्मिझैं भई ।
एक्सय एक नाडीले ढाक्छन् देहभरै भई ।।२९।।

प्रतीन्द्रियं दश दश निर्गता विषयोन्मुखाः ।
नाड्यः कर्मादिहेतूत्थाःस्वप्नादिफलभुक्तये ।।३०।।

एक इन्द्रियमा दश्-दश् विषयभोग् लिनाकन ।
बस्छन् नाडी कर्म हेतु स्वप्नादि फल भोगन ।।३०।।

वहन्त्यम्भो यथा नद्यो नाड्यः कर्मफलं तथा ।
अनन्तैकोर्ध्वगा नाडी मूर्द्धपर्यन्तमञ्जसा ।।३१।।

नदी बगाउँछन् जस्तै जल त्यस्तै यि नाडिले ।
कर्मको फल दी सारा ब्रह्मरन्ध्र पुगी लिने ।।३१।।

सुषुम्णेति समादिष्टा तया गन्छन्विमुच्यते ।
तत्रावस्थितचैतन्यं जीवात्मानं विदुर्बुधाः ।।३२।।

सुषुम्ना नाडिले मुक्ति हुन्छन् पाए यि जीव्हरू ।
तेस्मा चैतन्य रहँदा जीवात्मा भन्दछन् गुरु ।।३२।।

यथा राहुरदृश्यतोऽपि दृश्यते चन्द्र मण्डले ।
तद्वत्सर्वगतोऽप्यात्मा लिङ्गदेहे हि दृश्यते ।।३३।।

जस्तै अदृश्य राहु यो देखिन्छ चन्द्रबिम्बमा ।
त्यस्तै सर्वगामी आत्मा देखिन्छ लिङ्गदेहमा ।।३३।।

यथा घटे नीयमाने घटाकाशोऽपिनीयते ।
तद्वत्सर्वगतोऽप्यात्मालिङ्गदेहे विनिर्गते ।।३४।।

लाँदा घटाकाशजस्तै लगिन्छ उहि रित्सँग ।
सर्वव्यापी आत्म त्यस्तै देहमा यो प्रतीत छ ।।३४।।

निश्चलः परिपूर्णोऽपि गच्छतीत्युपचर्यते ।
जाग्रत्काले यथाज्ञोऽयमभिव्यक्ताविशेषधीः ।।३५।।

निश्चल परिपूर्णात्मा जाग्रत् आदिक कालमा ।
चलेकैसरि देखिन्छ अज्ञानी जनमूढमा ॥३५॥

व्याप्नोति निष्क्रियः सर्वान्भानुर्दश दिशो यथा ।
नाडीभिर्वृत्तयो यान्ति लिङ्गदेहसमुद्भवाः ॥३६॥

जसरी दशदिशा सूर्य व्याप्त गर्छन् उसै गरी ।
देहिका नाडिले प्रकाश् हुन्छन् विषय येसरी ॥३६॥

तत्तत्कर्मानुसारेण जाग्रद्भोगोपलब्धये ।
इदं लिङ्गशरीराख्यमामोक्षान्न निवर्तते ॥३७॥

जाग्रत् आदि अवस्थाका कर्मका फल भोगन ।
यै लिङ्ग-देहले पर्छ न हुँदा मोक्ष साधन ॥३७॥

आत्मज्ञानेन नष्टेऽस्मिन्साविद्ये सशरीरके ।
आत्मस्वरूपावस्थानं मुक्तिरित्यभिधीयते ॥३८॥

ज्ञानले जीव आत्माको भेद मेटी शरीरमा ।
आत्मैमा रमनू येहि मुक्ति साक्षात् छ ज्ञानमा ॥३८॥

उत्पादिते घटे यद्वद्घटाकाशत्वमृच्छति ।
घटे नष्ट यथाकाशः स्वरूपेणावतिष्ठते ॥३९॥

बन्यो घैंटो जसै आकाश् व्याप्त हुन्छ उसै गरी ।
घैंटो नाश हुँदा आकाश् हुन्न जस्तै उसैसरि ॥३९॥

जाग्रत्कर्मक्षयवशात्स्वप्नभोग उपस्थिते ।
बोधावस्थां तिरोधाय देहाद्याश्रयलक्षणम् ॥४०॥

जाग्रत् अवस्था नाश् हुन्छ स्वप्नावस्था हुँदामहाँ ।
देखिंदैनन् यी रुख् पर्वत् देहले देखिने यहाँ ।।४०।।

कर्मोद्भावितसंस्कारस्तत्र स्वप्नरिरंसया ।
अवस्थां च प्रयात्यन्यां मायावीवात्ममायया ।।४१।।

कर्मले भोगिने भोग स्वप्नामा भोगि जीवले ।
माया जान्ने पुरुषजस्तै हुन्छ अर्कै स्वरूपले ।।४१।।

घटादिविषयान्सर्वान्बुद्ध्यादि करणानि च ।
भूतानि कर्मवशतो वासनामात्रसंस्थितान् ।।४२।।

घटपट् विषये सारा बुद्धि मन् इन्द्रिये जति ।
स्वप्नझैं वासनाले नै देखिने भोगिने त्यति ।।४२।।

एतान्पश्यन्स्वयंज्योतिः साक्ष्यात्माप्यवतिष्ठते ।।४३।।

यी सबै देखने आत्मा साक्षि स्वरूपमा बसी ।।४३।।

अत्रान्तःकरणादीनां वसनाद्वासनात्मता ।
वासनामात्रसाक्षित्वं तेन तत्र परात्मनः ।।४४।।

यी अन्तःकरणादिका वासनाले उही बनी ।
वासनाकै मात्र साक्षी बन्छ आत्मा स्वयम् अनि ।।४४।।

वासनाभिः प्रपञ्चोऽत्र दृश्यते कर्मचोदितः ।
जाग्रद्भूमौ यथा तद्वत्कर्तृकर्मक्रियात्मकः ।।४५।।

वासनाले यो प्रपञ्च देखिन्छ कर्म प्रेरित ।
कर्ता कर्म क्रियाद्वारा जाग्रत्मा हुनुरित् सित ।।४५।।

निःशेषबुद्धिसाक्ष्यात्मा स्वयमेव प्रकाशते ।
वासनामात्रसाक्षित्वं साक्षिणः स्वाप उच्यते ॥४६॥

सम्पूर्ण बुद्धिको साक्षी आत्मा आफैं प्रकाश छ ।
वासनाले साक्षी बन्छ साक्षी जो उहि स्वप्न छ ॥४६॥

भूतजन्मनि यद्भूतं कर्म तद्वासनावशात् ।
नेदीयस्त्वाद्वयस्याद्ये स्वप्नं प्रायः प्रपश्यति ॥४७॥

भएको जन्ममा जो भो कर्म त्यै वासना भई ।
बाल्यकाल निकट् हुँदा स्वप्न हुन्छन् उसैसरि ॥४७॥

मध्ये वयसि कार्कश्यात्करणानामिहोर्जितः ।
वीक्षते प्रायशः स्वप्नं वासनाकर्मणोर्वशात् ॥४८॥

इन्द्रिय बलवान् बन्दा यौवन्मा कर्म जो भयो ।
कर्मका वासना वशले स्वप्नामा पनि हुन्छ त्यो ॥४८॥

यियासुः परलोकं तु कर्म विद्यादिसंभृतम् ।
भाविनो जन्मनो रूपं स्वप्न आत्मा प्रपश्यति ॥४९॥

वृद्ध भो परलोक् जाने दान धर्मादि काम् गरे ।
उहि लोक् रूप उस्तै फेर् देख्छ त्यै स्वप्नमा भरे ॥४९॥

यद्वत्प्रपतनाच्छ्येनः श्रान्तो गगनमण्डले ।
आकुञ्च्य पक्षो यतते नीडे निःशयनाशने ॥५०॥

जस्तै बाज् घुमदा आकाश् विश्राम् कोहि न पाउँदा ।
खान सुत्न जान्छ गुँड्मा परिश्रम् विफलै हुँदा ॥५०॥

एवं जाग्रत्स्वप्नभूमौ भ्रान्त आत्माभिसञ्चरन् ।
आपीतकरणग्रामः कारणेनैति चैकताम् ॥५१॥
त्यस्तै जाग्रत् सुषुप्तिमा इन्द्रियका वशै परी ।
थकित् भो जब त्यो बन्छ शून्य निद्रितकै सरि ॥५१॥
नाडी मार्गैरिन्द्रियाणमाकृष्यादाय वासनाम् ।
सर्वं ग्रसित्वा कार्यं च विज्ञानात्मा प्रलीयते ॥५२॥
वासना इन्द्रियादिको खिचेर नाडिले सब ।
जाग्रदादि कर्म रोकी मेल् हुन्छ आत्ममा तब ॥५२॥
ईश्वराख्येऽव्याकृतेऽर्थे यथा सुखमयो भवेत् ।
कृत्स्नप्रपञ्चविलयस्तथा भवति चात्मनः ॥५३॥
मायाऽऽच्छादित चैतन्य विज्ञानात्मा विलीन् भयो ।
कार्यै सब् नाशझैं जान्छन् कारण् फेर् वासना रह्यो ॥५३॥
योषितः काम्यमानायाः सम्भोगान्ते यथा सुखम् ।
स आनन्दमयो बाह्यो नान्तरः केवलं यथा ॥५४॥
इच्छा गर्ने स्त्रीको सङ्ग हुँदामा जति सुख् भयो ।
त्यै वासना पछि पनि रहने हुन जान्छ त्यो ॥५४॥
प्रज्ञात्मतां समासाद्य विज्ञानात्मा तथैव सः ।
विज्ञानात्मा कारणात्मा तथा तिष्ठंस्तथापि सः ॥५५॥
निद्रावस्थामहाँ जीव ईश्वर्मा जब लीन् भयो ।
जाग्रत्मा भिन्न फेर् हुन्छ वासना जबतक् छ यो ॥५५॥

अविद्यासूक्ष्मवृत्त्यानुभवत्येव सुखं यथा ।
अज्ञानमपि साक्ष्यादिवृत्तिभिश्चानुभूयते ।
तथाहं सुखमस्वाप्सं नैव किञ्चिदवेदिषम् ॥५६॥

अविद्याको सूक्ष्म वृत्ति हुँदा सुख् हुन्छ तेसमा ।
अज्ञानको सुख मिल्छ साक्षी जीव हुँदामहाँ ॥
गाढ़ निद्रामहाँ सुखसरि सुख् हुन्छ त्यो बखत् ॥५६॥

इत्येवं प्रत्यभिज्ञापि पश्चात्तस्योपपद्यते ॥५७॥

जाग्रत्मा पछि संझिन्छ साक्षि चैतन्यझैं फगत् ॥५७॥

जाग्रत्स्वप्नसुषुप्त्याख्यमेवेहामुत्र लोकयोः ।
पश्चत्कर्मवशादेव विस्फुलिङ्गा यथानलात् ॥५८॥

जाग्रत् स्वप्न सुषुप्तिमा यो लोक परलोकमा ।
कर्मका फल निस्कन्छन् फिलिङ्गाझैं ति अग्निमा ॥५८॥

जायन्ते कारणादेव मनोबुद्ध्यादिकानि तु ।
पयःपूर्णो घटो यद्वन्निमग्नः सलिलाशये ।
तैरेवोद्धृत आयाति विज्ञानात्मा तथेत्यजात् ॥५९॥

मन् बुद्धि आदि कारणले हुन्छन् मिल्दासरी यहाँ ।
जस्तै जलमा पूर्णघैंटो डुबेको झीकदामहाँ ।
पूर्ण नै आउँछन् तस्तै आऊँछन् सब जीवमा ॥५९॥

विज्ञानकारणात्मानस्तथा तिष्ठंस्तथापि सः ।
दृश्यते सत्सु तेष्वेव नष्टेष्वायात्यदृश्यताम् ॥६०॥

विज्ञानात्मा जीव हुन्छ कारणात्मा छ ईश्वर ।
अज्ञानले दुई बन्छन् ज्ञानमा एक ईश्वर ।।६०।।

एकाकारोऽर्यमा तत्तत्कार्येष्विव परः पुमान् ।
कूटस्थो दृश्यते तद्वद्गच्छत्यागच्छतीव सः ।।६१।।

योटै सूर्य ठुला साना जलका पात्रमा रही ।
चल्छन् त्यस्तै चल्नु घुम्नु आत्मा यो देहवान् भई ।।६१।।

मोहमात्रान्तरायत्वात्सर्वं तस्योपपद्यते ।
देहाद्यतीत आत्मापि स्वयंज्योतिःस्वभावतः ।।६२।।
एवं जीवस्वरूपं ते प्रोक्तं दशरथात्मज ।।६३।।

अज्ञान्ले बढनू घट्नु जन्मनू मरनू सब ।
देह भिन्न स्वयं ज्योति आत्मा यो परिपूर्ण छ ।।६२।।
यस्तो जीव स्वरूप् मैले भनें दशरथात्मज ! ।।६३।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगाशास्त्रे शिवराघवसंवादे जीवस्वरूपकथनं नाम
भवानी टीकायां दशमोऽध्यायः ।।१०।।

अथ एकादशोऽध्यायः

श्रीभगवानुवाच–

देहान्तरगतिं स्वस्य परलोकगतिं तथा ।
वक्ष्यामि नृपशार्दूल! मत्तः शृणु समाहितः ॥१॥

देहान्तर्को गति जीव्को परलोक्को गति पनि ।
हे राम! सुन त्यो भन्छु मदेखि सावधान् बनी ॥१॥

भुक्तं पीतं यदस्त्यत्र तद्रसादामबन्धनम् ।
स्थूलदेहस्य लिङ्गस्य तेनजीवनधारणम् ॥२॥

खाने प्युने जती बस्तु तेसैका रसले गरी ।
सम्बन्ध स्थूलको पाई लिङ्ग बस्छ जिवन् धरी ॥२॥

व्याधिना जरया वापि पीड्यते जाठरोऽनलः ।
श्लेष्मणा तेन भुक्तान्नं पीतं वा न पचत्यलम् ॥३॥

रोगले वृद्धताले वा जाठराग्नि भयो कम ।
कफ् बढी अन्न पच्दैन खानु कम् हुन्छ झन्झन ॥३॥

भुक्तपीतरसाभावादाशु शुष्यन्ति धातवः ।
भुक्तपीतरसेनैव देहं लिम्पन्ति नित्यशः ॥४॥

रस् कम् भो अन्नजल्बाट सुक्छन् धातुहरू सब ।
हुने हो पुष्टता तन्को अन्नरस् भरियो जब ॥४॥

समीकरोति यस्मात्तत्समानो वायुरुच्यतेः ।
इदानीं तद्रसाभावादामबन्धनहानितः ॥५॥

हुन्छ पुष्ट शरीर् अन्नरसले भरियो जब ।
सबै यो देहमा सब् रस् समान् वायु पुऱ्याउँछ ।।५।।
परिपक्वरसत्वेनयथाम्रं वृन्ततः फलम् ।
स्वयमेव पतत्याशु तथा लिङ्गं तनोर्व्रजेत् ।।६।।
न हुँदा रस त्यो बन्धन् शिथिलझैं सब जान्छन ।
पाकेका आँपका फल्ले जसोरी भेट्नु छाड्छन ।।६।।
ततःस्थानादपाकृष्य हृषीकाणां च वासनाः ।
आध्यात्मिकाधिभूतानि हृत्पद्मे चैकतां गताः ।।७।।
वासना इन्द्रियादिको आध्यात्मिक् बुद्धिले सँगै ।
अधिभूत् ज्ञानइन्द्रिय हृदयेमा मिली सबै ।।७।।
तदोर्ध्वगः प्राणवायुः संयुक्तो नववायुभिः ।
उर्ध्वोच्छ्वासो भवत्येष तथा तेनैकतां गतः ।।८।।
त्यस्बेला नव वायुले सही त्यो प्राणवायु जो ।
एकता भो जसै वायु प्राण चल्छ उँभो उँभो ।।८।।
चक्षुषो वाथ मूर्ध्नो वा नाडीमार्गं समाश्रितः ।
विद्याकर्मसमायुक्तो वासनाभिश्च संयुतः ।।९।।
आँखाको तालुको नाडी तेसैको मार्ग जीवले ।
विद्या कर्म वासनासाथ् शरीर छोड्छ खूसिले ।।९।।
प्रज्ञात्मानं समाश्रित्य विज्ञानात्मोपसर्पति ।
यथा कुम्भो नीयमानो देशाद्देशान्तरं प्रति ।।१०।।

जहाँ जान्छ लिङ्गदेह जीव् पनि पुग्छ साथमैं ।
लाँदा जस्तै घटाकाश जान्छ आकाशघट्सँगै ।।१०।।

स्वपूर्ण एव सर्वत्र स आकाशोऽपि तत्र तु ।
घटाकाशाख्यतां याति तद्वल्लिङ्गं परात्मनः ।।११।।

सर्वत्र पूर्ण यो आकाश् छ तापनि उहीँ गई ।
घटाकाश् भनिने हुन्छ तेस्तै जीव् लिङ्गमा रही ।।११।।

पुनर्देहान्तरंयाति यथाकर्मानुसारतः ।
आमोक्षात्संचरत्येव मत्स्यःकूलद्वयं यथा ।।१२।।

फेरि अर्को देह लिन्छ जस्तो कर्म छ त्यैसरी ।
हुँदैन मोक्ष जब् तब्तक् घुम्छ तीर् मत्स्यझैं गरी ।।१२।।

पापभोगाय चेद्च्छेद्ययमदूतैरधिष्ठितः ।
यातनादेहमाश्रित्य नरकानेव केवलम् ।।१३।।

पाप् गरे पाप भोग्ने एक् देह मिल्छ र नर्कमा ।
यातना भोगनू पर्छ यमदूत् रहि साथमा ।।१३।।

इष्टापूर्तादिकर्माणि योऽनुतिष्ठति सर्वदा ।
पितृलोकं व्रजत्येष धूममाश्रित्य बर्हिषः ।।१४।।

यज्ञ कूपादिका कर्म जस्ले गर्छन् ति गैकन ।
धूमाभिमानि लोकद्वारा चन्द्रलोक् गै ति बस्छन ।।१४।।

धूमाद्रात्रिस्ततः कृष्णपक्षस्तस्माच्च दक्षिणम् ।
अयनं च ततो लोकं पितृणां च ततः परम् ।
चन्द्रलोके दिव्यदेहं प्राप्य भुङ्क्ते परां श्रियम् ।।१५।।

धूमाभिमानि लोक् फेरि कृष्णपक्षाभिमानि भै ।
दक्षिणायन मार्गैले पितृलोक उ पुग्र गै ।
दिव्यदेह धरी चन्द्रलोक भोग् भोग्छ बध्न गै ।।१५।।

तत्र चन्द्रमसा सोऽसौ यावत्कर्मफलं वसेत् ।
तथैव कर्मशेषेण यथैतत्पुनराव्रजेत् ।।१६।।

त्यै चन्द्र लोकको भोग कर्ममाफिक भोग् गरी ।
फेरि जन्म यहीं हुन्छ कर्म बन्धनमा परी ।।१६।।

वपुर्विहाय जीवत्वमासाद्याकाशमेति सः ।
आकाशाद्वायुमागत्य वायोरम्भो वज्रत्यथ ।।१७।।

दिव्यदेह शरीर् छाडी आकाशमा जीव भै घुमी ।
घुम्दाघुम्दै वायु बन्छ वायुको जलरूप् बनी ।।१७।।

अद्भ्यो मेघं समासाद्य ततो वृष्टिर्भवेदसौ ।
ततो धान्यानि भक्ष्याणि जायते कर्मचोदितः ।।१८।।

मेघमा जल त्यो जान्छ वर्षन्छ वृष्टिरूप् बनी ।
त्यस्बाट अन्न रूप् बन्छ खाइने वस्तु त्यो अनि ।।१८।।

योनिमन्ये प्रपद्यन्ते शरीरत्वाय देहिनः ।
स्थाणुमन्येऽनुसंयन्ति यथाकर्म यथाश्रुतम् ।।१९।।

भिन्न-भिन्नै योनिमा गै शरीर् बन्छ उसैसरि ।
कैले घाँस् लहरा वृक्ष बन्छ कर्म वशै परी ।।१९।।

ततोऽन्नत्वं समासाद्य पितृभ्यां भुज्यते परम् ।
ततः शुक्रं रजश्चैव भूत्वा गर्भोऽभिधार्यते ।।२०।।

त्यस्पछि अन्न भै आमा-बाबुले खाइँदामहाँ ।
रज्विजमैं मिलिँदा तेही गर्भवासी भई तहाँ ।।२०।।

ततः कर्मानुसारेण भवेत्स्त्रीपुन्नपुंसकम् ।
एवं जीवगतिः प्रोक्ता मुक्तिं तस्य वदामि ते ।।२१।।

कर्मैले हुन्छ फेर् जन्म स्त्री नपुंसक् पुरुष् कछू ।
यै हो जीवगती फेरि सुन मुक्ति म भन्दछू ।।२१।।

यस्तु शान्त्यादियुक्तःसन् सदा विद्यारतो भवेत् ।
स याति देवयानेन ब्रह्मलोकावधिं नरः ।।२२।।

जस्ले वर्ण आश्रमको निष्काम कर्म गर्दछ ।
शम दमादि साधन्वान् ब्रह्मलोक्तिर सर्दछ ।।२२।।

अर्चिर्भूत्वा दिनं प्राप्य शुक्लपक्षमथो व्रजेत् ।
उत्तरायणमासाद्य संवत्सरमथो व्रजेत् ।।२३।।

ज्योतिमा पहिले जान्छ पछि दिन् शुक्लपक्षमा ।
त्यस्पछि उत्तरायण्मैं सम्वत्सर् जान्छ कक्षमा ।।२३।।

आदित्यचन्द्रलोकौ तु विद्युल्लोकमतः परम् ।
अथ दिव्यःपुरान्कश्चिद्ब्रह्मलोकदिहैति न ।।२४।।

सूर्यलोक् चन्द्रलोक्देखि विद्युल्लोक पछी गई ।
दिव्यदेह धरि ताँहि भोग् भोग्छ ब्रह्मलोक् रही ।।२४।।

दिव्ये वपुषि सन्धाय जीवमेवं नयत्यसौ ।
ब्रह्मलोके दिव्यदेहे भुक्त्वाभोगान्यथेप्सितान् ।।२५।।

तत्रोषित्वा चिरं कालं ब्रह्मणा सह मुच्यते ।
शुद्धब्रह्मरतो यस्तु न स यात्येव कुत्रचित् ॥२६॥
यस्तो दिव्य शरीर्धारी ब्रह्मलोक पुगीकन ।
मन इच्छा भोग भोग्छ गराई मनरञ्जन ॥२५॥
धेरै काल बसी ताहीं ब्रह्माका साथ मुक्त भै ।
ब्रह्मज्ञानी उ फिर्दैन संसार्मा पछि गिर्नगै ॥२६॥
तस्य प्राणा विलीयन्ते जले सैन्धवखिल्यवत् ।
स्वप्नदृष्टा यथा सृष्टिः प्रबुद्धस्य विलीयते ॥२७॥
त्यस्का प्राण विलीन् हुन्छन् जलमा नूनकै सरि ।
जस्तै स्वप्न विलीन् हुन्छ जागेका जनमा परी ॥२७॥
ब्रह्मज्ञानवतस्तद्वद्विलीयन्ते तदैव ते ।
विद्याकर्मविहीनो यस्तृतीयं स्थानमेति सः ॥२८॥
तस्तै सृष्टि विलीन् हुन्छ सब नै ज्ञानि जन्महाँ ।
पुण्यकर्मरहित् पापी जान्छन् नरककुण्डमा ॥२८॥
भुक्त्वाऽत्र नरकान्घोरान्महारौरवरौरवान् ।
पश्चात्प्राक्तनशेषेण क्षुद्रजन्तुर्भवेदसौ ॥२९॥
महारौरव घोर् नर्क भोगि क्वै कर्म शेषमा ।
जन्म लिन्छन् क्षुद्रयोनि भइ फेर् यहि लोकमा ॥२९॥
यूकामशकदंशादिजन्मासौ लभते भुवि ।
एवं जीवगतिः प्रोक्ता किमन्यच्छ्रोतुमिच्छसि ॥३०॥

जुम्ल्रा डाँस लामखुट्टे हुन्छ भूलोक भैकन ।
कहियो जीव गति यो के सुन्ने ? अब लौ भन ।।३०।।

श्रीराम उवाच–

भगवन् ! यत्त्वया प्रोक्तं फलं तज्ज्ञानकर्मणोः ।
ब्रह्मलोके चन्द्रलोके भुङ्क्त्ये भोगानिति प्रभो ।।३१।।
भगवन् ! ज्ञान कर्मैको फल भन्नुभयो यहाँ ।
चन्द्रलोक् ब्रह्मलोक्मा गै फल भोग्दछ त्यै तहाँ ।।३१।।

गन्धर्वादिषु लोकेषु कथं भोगः समीरितः ।
देवत्वं प्राप्नुयात्कश्चित्कश्चिदिन्द्रत्वमेति च ।।३२।।
गन्धर्व आदि लोक्को भोग् कसरी हुन्छ त्यो पनि ।
देवता हुन्छ क्वै फेरि इन्द्र बन्दछ क्वै अनि ।।३२।।

एतत्कर्मफलं वास्तु विद्याफलमथापि वा ।
तद्ब्रूहि गिरिजाकान्त तत्र मे संशयो महान् ।।३३।।
यो कर्मफल हो वा क्वै ज्ञानको गिरिजापते ! ।
यो सन्देह उठ्यो मन्मा भन्नुहोस् कारणै छ के ।।३३।।

श्रीभगवानुवाच–

तद्विद्याकर्मणोरेवानुसारेण फलं भवेत् ।
युवा च सुन्दरः शूरो नीरोगी बलवान्भवेत् ।।३४।।
विद्या कर्मानुसारैको फल हो जानिल्यौ सब ।
निरोगी बलवान् सुन्दर् यौवन्को धनि भो जब ।।३४।।

सप्तद्वीपां वसुमतीं भुङ्क्त्ये निष्कण्टकं यदि ।
स प्रोक्तो मानुषानन्दस्तस्माच्छतगुणो मतः ॥३५॥
सातै द्वीप् पृथिवी भोग्छ निष्कण्टक् भूप भै यहाँ ।
मानुषानन्द हो तेहि सबैमा मिल्छ त्यो कहाँ ? ॥३५॥
मनुष्यस्तपसा युक्तो गन्धर्वो जायतेऽस्य तु ।
तस्माच्छतगुणो देवगन्धर्वस्य न संशयः ॥३६॥
मनुष्य तपले युक्त गन्धर्व हुनजान्छ त्यो ।
मनुष्य सुखमा भन्दा सयगुण् बेसि हुन्छ यो ॥३६॥
एवं शतगुणानन्द उत्तरोत्तरतो भवेत् ।
पितृणां चिरलोकानामज्ञातसुरसम्पदाम् ॥३७॥
यस्तै सय गुणानन्द उत्तरोत्तरमा रही ।
पितृलोक् सत्य लोक् भोग्छ ऐश्वर्य जति छन् गई ॥३७॥
देवतानामथेन्द्रस्य गुरोस्तद्वत्प्रजापतेः ।
एवं ब्रह्मण आनन्दः पुरः स्यादुत्तरोत्तरः ॥३८॥
देवताको इन्द्रको भो गुरुको ब्रह्मदेवको।
त्यस्पछि ब्रह्म आनन्द सौ-सौ गुण् अधिकै छ यो ॥३८॥
ज्ञानाधिक्यात्सुखाधिक्यं नान्यदस्ति सुरालये ।
श्रोत्रियोऽवृजिनोऽकामहतो यश्च द्विजो भवेत् ॥३९॥
अधिक् ज्ञान् सुख हो तेही विशेष् क्वै छैन स्वर्गमा ।
वेद वेदान्त जानेर निष्कामी जो छ द्विजमा ॥३९॥

तस्याप्येवं समाख्याता आनन्दाश्चोत्तरोत्तरम् ।
आत्मज्ञानात्परं नास्ति तस्माद्दशरथात्मज ! ॥४०॥

क्रमैसाथ भनीये जो सुखका गणना सब ।
आत्मज्ञान समान् सुख्ख छैन दशरथात्मज! ॥४०॥

ब्राह्मणः कर्मभिर्नैव वर्धते नैव हीयते ।
न लिप्यते पापकेन कर्मणा ज्ञानवान्यदि ॥४१॥

ब्रह्मवेत्ता ब्राह्मणमा छैन कर्म प्रयोजन ।
लिप्त हुन्न कुकर्मैले जस्को छ ज्ञानमा मन ॥४१॥

तस्मात्सर्वाधिको विप्रो ज्ञानवानेव जायते ।
ज्ञात्वा यः कुरुते कर्म तस्याक्षय्यफलं भवेत् ॥४२॥

सर्वश्रेष्ठ छ त्यो विप्र ज्ञानवान् जो छ लोकमा ।
अक्षय्य फल पाउँछ जानी कर्म गरेमहाँ ॥४२॥

यत्फलं लभते मर्त्यः कोटिब्राह्मणभोजनैः ।
तत्फलं समवाप्नोति ज्ञानिनं यस्तु भोजयेत् ॥४३॥

कोटि ब्राह्मण भोजन्ले हुन्छ फल् जो जती यहाँ ।
त्यो फल् सबै प्राप्त हुन्छ ज्ञानी एक द्विभोजमा ॥४३॥

ज्ञानिभ्यो दीयते यच्च तत्कोटिगुणितं भवेत् ।
ज्ञानवन्तं द्विजं यस्तु द्विषते च नराधमः ।
स शुष्यमाणो म्रियते यस्मादीश्वर एव सः ॥४४॥

ज्ञानिमा दान जो देला कोटि गुण् फल पाउला ।
विरोधी ज्ञानि ब्राह्मण्को नराधम् कहलाउला ।
क्षयरोग्ले सुकी मर्ला ज्ञानिमा दोष लाउँदा ।।४४।।

उपासको न यात्येव यस्मात्पुनरधोगतिम् ।
उपासनरतो भूत्वा तस्मादास्व सुखी नृप ! ।।४५।।

संझनू छ कठिन् निर्गुण् सगुण्कै गर भावना ।
उपासक् बन ईश्वर्का सुखी भै जाउ धाममा ।।४५।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूषनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे जीवगत्यादि निरूपणं नाम भवानीटीकायामेकादशोऽध्यायः ।।११।।

स्तोत्र पुष्पाञ्जली

(नेपाली तथा संस्कृतका अति उपयोगी स्तोत्रहरूको सङ्ग्रह)

यस पुस्तकमा दैनिक पाठ गर्न योग्य नेपाली तथा संस्कृतका अत्यन्त उपयोगी, सुरुचीपूर्ण, सद्यःसिद्धिप्रद र महत्त्वपूर्ण सुन्दर स्तोत्रहरू चयन गरी राखिएको छ । पहिलेको संस्करणमा भन्दा धेरै राम्रा र श्रवणमधुर स्तोत्रहरू यस संस्करणमा समावेश गरिएकोले सबैका लागि उपयोगी रहेको छ । कम्प्यूटर टाइप, ग्लेज (चिल्लो र राम्रो) कागज र आकर्षक कभरमा प्रस्तुत छ ।

पृष्ठ सङ्ख्याः १६० मूल्य : भा. रु. ६०/= मात्र

अथ द्वादशोऽध्यायः

श्रीराम उवाच–

भगवान् ! देवदेवेश नमस्तेऽस्तु महेश्वर ! ।
उपासनविधिं ब्रूहि देशं कालं च तस्य तु ॥१॥
अङ्गानि नियमांश्चैव मयि तेऽनुग्रहो यदि ॥

भगवान् देव देवेश ! नमस्कार् हे महेश्वर ! ।
उपासन विधि देश्–काल् आज्ञा होस् परमेश्वर ! ॥१॥
अङ्ग त्यस्का नियम् फेरि दया होस प्रभो ! ममा ।

ईश्वर उवाच–

शृणु राम ! प्रवक्ष्यामि देशं कालमुपासनम् ॥२॥

भन्छन् शिव् सुन हे राम! देश–काल उपासना ॥२

सर्वाकारोऽहमेवैकः सच्चिदानन्दविग्रहः ।
मदंशेन परिच्छिन्न देहाः सर्वदिवौकसाम् ॥३॥

आकार् जति सबै मैं हुँ सच्चित् आनन्द विग्रह ।
छन् मेरै अंशले व्याप्त देवता यक्ष किन्नर ॥३॥

ये त्वन्यदेवताभक्ता यतन्ते श्रद्धयान्विताः।
तेऽपि मामेव राजेन्द्र ! यजन्त्यविधिपूर्वकम् ॥४॥

जस्ले अरू देवताको श्रद्धापूर्वक पूजन ।
गर्छन् तिन्ले विधि छाडी मेरै हो सब पूजन ॥४॥

यस्मात्सर्वमिदं विश्वं मत्तो न व्यतिरिच्यते ।
सर्वक्रियाणां भोक्ताहं सर्वस्याहं फलप्रदः ॥५॥
मदेखि भिन्न क्वै छैन विश्व-स्थावर जङ्गम ।
कर्मको फलभोगी हुँ फलदाता सनातन ॥५॥
येनाकारेण ये मर्त्या मामेवैकमुपासते ।
तेनाकारेण तेभ्योऽहं प्रसन्नो वाञ्छितं ददे ॥६॥
जुन् आकार्को उपासक् भै गर्छन् मेरै उपासन ।
उही आकारले तिन्को गर्दछु आस पूरण ॥६॥
विधिनाऽविधिना वापि भक्त्या ये मामुपासते ।
तेभ्यः फलं प्रयच्छामि प्रसन्नोऽहं न संशयः ॥७॥
विधि निर्विधिले मेरो भक्तिसाथ उपासन ।
गर्छन् प्रसन्न छू तिन्मा दिन्छु फल् आसपूरण ॥७॥
अपिचेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥८॥
दुराचारी हवोस् मेरै भक्ति गर्छ भने सदा ।
त्यो साधु नै माननीय मैंमा छ बुद्धि सर्वदा॥८॥
स्वजीवत्वेन यो वेत्ति मामेवैकमनन्यधीः ।
तं न स्पृशन्ति पापानि ब्रह्महत्यादिकान्यपि ॥९॥
अनन्य बुद्धिले मैंमा जीवात्मा एक देखने ।
त्यस्लाई ब्रह्महत्यादि पापले कसरी छुने ॥९॥

उपासाविधयस्तत्र चत्वारः परिकीर्तिताः ।
सम्पदारोपसंवर्गाध्यासा इति मनीषिभिः ॥१०॥
उपासन विधि चार भन्दछन् बुद्धिमान् जन ।
सम्पत् आरोप संवर्ग अभ्यास चार यी गण ॥१०॥
अल्पस्य चाधिकत्वेन गुणयोगाद्विचिन्तनम् ।
अनन्तं वै मन इति सम्पद्विधिरुदीरितः ॥११॥
गुणका योगले सानू चिजको स्थूल रूप् धरी ।
ध्यान् गर्नू मनवृत्तिले सम्पत्को विधि येसरी ॥११॥
विधावारोप्य योपासा सारोपः परिकीर्तितः ।
यद्वदोङ्कारमुद्गीथमुपासीतेत्युदाहृतः ॥१२॥
उपास्यवस्तुको ध्यान हृदये बीचमा धरी ।
जप्नू ॐकार साम्रूपले आरोप् विधि छ येसरी ॥१२॥
आरोपो बुद्धिपूर्वेण य उपासाविधिश्च सः ।
योषित्यग्नि मतिर्यत्तदध्यासः स उदाहृतः ॥१३॥
बुद्धिपूर्वक आरोपले उपासन् गर्नू मन् धरी ।
भन्छन् अध्यास योजस्तै स्त्री मान्नू अग्निकै सरी ॥१३॥
क्रियायोगेन चोपासाविधिः संवर्ग उच्यते ।
संहृत्य वायुः प्रलये भूतान्येकोऽवसीदति ॥१४॥
उपासन् कर्मयोग्बाट गर्नु संवर्ग भन्दछन् ।
जस्तै प्रलयमा प्राणी खिची एक् वायु शेष छन् ॥१४॥

उपसङ्गम्य बुद्ध्या यदासनं देवतात्मना ।
तदुपासनमन्तः स्यात्तद्बहिः सम्पदादयः ॥१५॥
गुरुदेखि ज्ञान पाई रहनू देवातात्म भै ।
अन्तरङ्ग उपासन् यो साकार् हो बहिरङ्ग नै ॥१५॥
ज्ञानान्तरानन्तरतसजातिज्ञानसंहतेः ।
सम्पन्नदेवतात्मत्वमुपासनमुदीरितम् ॥१६॥
ज्ञानको नाशवान् विघ्न निदिध्यासनले हरी ।
देखनू पूर्ण ईश्वर् नै उपासन् हुन्छ येसरी ॥१६॥
सम्पदादिषु बाह्येषु दृढबुद्धिरुपासनम् ।
कर्मकाले तदङ्गेषु दृष्टिमात्रमुपासनम् ॥
उपासनमिति प्रोक्तं तदङ्गानि ब्रुवे शृणु ॥१७॥
सम्पदादि उपासन् पार् लगाइ बुद्धिपूर्वक ।
गर्नु ध्यान् परमेश्वरको अङ्ग प्रत्यंगको सब ।
उपासन् भनियो फेरी त्यस्को अङ्ग सुने अब ॥१७॥
तीर्थं क्षेत्रादिगमनं श्रद्धां तत्र परित्यजेत् ।
सचित्तैकाग्रता यत्र तत्रासीत सुखं द्विजः ॥१८॥
तीर्थक्षेत्रादिको श्रद्धा हटाई एकलै बसी ।
चित्त एकाग्र पारेर ध्यान् गर्नू आसनै कसी ॥१८॥
कम्बले मृदुतल्पे वा व्याघ्रचर्मणि वा स्थितः ।
विविक्तदेशे नियतः समग्रीवशिरस्तनुः ॥१९॥

कम्बल् बाघाम्बर कोमल् आसन्मा रहि सर्वदा ।
एकान्तमा गर्नु योग शिर सोझो शरीर् गला ।।१९।।

अन्त्याश्रमस्थः सकलानीन्द्रियाणि निरुध्य च।
भक्त्याथ स्वगुरुं नत्वा योगं विद्वान्प्रयोजयेत् ।।२०।।

अन्तिमाश्रम ली सारा रोकी इन्द्रियगण् सब ।
नमस्कार् गुरुको गर्दै योगारम्भ गरोस् तब ।।२०।।

यस्त्वविज्ञानवान्भवत्ययुक्तमनसा सह ।
तस्येन्द्रियाण्यवश्यानि दुष्टाश्वा इव सारथेः ।।२१।।

न खिच्ने मन अज्ञानी जनका इन्द्रियेगण ।
रथिका दुष्ट घोडाझैं वश्मा हुन्नन् कदाचन ।।२१।।

विज्ञानी यस्तु भवति युक्तेन मनसा सदा ।
तस्येन्द्रियाणि वश्यानि सदश्वा इव सारथेः ।।२२।।

लाउने मन ईश्वर्मा ज्ञानिका इन्द्रिये सब ।
हुन्छन् वश्मा सारथीका शिक्षित् घोडा सरी तब ।।२२।।

यस्त्वविज्ञानवान्भवत्यमनस्क सदाऽशुचिः ।
न स तत्पदमाप्नोति संसारमधिगच्छति ।।२३।।

चञ्चल् मन् अशुची देह ज्ञान शून्य पुरुष्महाँ ।
मिल्दैन पद त्यो घुम्छ संसार्का खाडलैमहाँ।।२३।।

विज्ञानी यस्तु भवति समनस्कः सदा शुचिः ।
स तत्पदमवाप्नोति यस्माद्भूयो न जायते ।।२४।।

शुद्ध मन् देह जस्को छ चित्त स्थिर् ज्ञानि जन् उहाँ ।
जान्छ त्यो धाममा फेरी जन्मदैन अनी यहाँ ।।२४।।

विज्ञानसारथिर्यस्तु मनःप्रग्रह एव च ।
सोऽध्वनः परमाप्नोति ममैव परमं पदम् ।।२५।।

ज्ञानरूप् सारथी मन्को लगाम् खिचेर चल्दछ ।
संसारी मार्ग काटेर मेरै त्यो धाम पुग्दछ ।।२५।।

हृत्पुण्डरीकं विरजं विशुद्धं विशदं तथा ।
विशोकं च विचिन्त्यात्र ध्यायेन्मां परमेश्वरम् ।।२६।।

गुणहीन् शुद्ध फेर् स्वच्छ हृदयकमलैमहाँ ।
शोक छाडी ध्यान गर्नु मैं नै ईश्वर छू तहाँ ।।२६।।

अचिन्त्यरूपमव्यक्तमनन्तममृतं शिवम् ।
आदिमध्यान्तरहितं प्रशान्तं ब्रह्म कारणम् ।।२७।।

अचिन्त्य रूप अव्यक्त अविनाशी सदाशिव ।
आदिमध्यान्तले हीन शान्त कारण मालिक ।।२७।।

एकं विभुं चिदानन्दमरूपमजमद्भुतम् ।
शुद्धस्फटिकसङ्काशमुमादेहार्धधारिणम् ।।२८।।

व्यापक् यौटै चिदानन्द अजन्मा परमेश्वर ।
शुद्धस्फटिक झैं स्वच्छ उमा साथै महेश्वर ।।२८।।

व्याघ्रचर्माम्बरधरं नीलकण्ठं त्रिलोचनम् ।
जटाधरं चन्द्रमौलिं नागयज्ञोपवीतिनम् ।।२९।।

लाउने बाघको छाला नीलकण्ठ त्रिलोचन ।
जटामाथी अर्धचन्द्र जनै सर्प छ शोभन ।।२९।।

व्याघ्रचर्मोत्तरीयं च वरेण्यमभयप्रदम् ।
पराभ्यामूर्ध्वहस्ताभ्यां बिभ्राणं परशुं मृगम् ।
भूतिभूषितसर्वाङ्गं सर्वाभरणभूषितम् ।।३०।।

ओढने बाघको छाला अभय वरदान् दिने ।
पछिल्ला दुइ हातैमा बञ्चरो मृग फेर् लिने ।
सुशोभित् भूतिले देह गहना पूर्ण देखिने ।।३०।।

एवमात्मारणिं कृत्वा प्रणवं चोत्तरारणिम् ।
ज्ञाननिर्मथनाभ्यासात्साक्षात्पश्यति मां जनः ।।३१।।

आत्माको अरणि तल्लो ओंकाररणि माथिको ।
मधानि ज्ञानको मथ्नु मिल्ला दर्शन खुब् छिटो ।।३१।।

वेदवाक्यैरलभ्योऽहं न शास्त्रैर्नापि चेतसा ।
ध्यानेन वृणुते यो मां सर्वदाहं वृणोमि तम् ।।३२।।

न मिल्छू वेदवाणीले शास्त्रले चित्तले पनि ।
ध्यान्ले प्राप्त गर्‍यो जस्ले त्यो छुट्दैन ममा अनि ।।३२।।

न विरतो दुश्चरितान्नाशान्तो नासमाहितः ।
नाशान्तमानसो वापि प्रज्ञानेन लभेत माम् ।।३३।।

न तृष्णा पाप छोडेको शंयमादि पनी नभै ।
हुँदैन मुक्ति चञ्चल्मा शास्त्र मात्र पढेर नै ।।३३।।

जाग्रत्स्वप्नसुषुप्त्यादिप्रपञ्चो यः प्रकाशते ।
तद्ब्रह्माहमिति ज्ञात्वा सर्वबन्धैः प्रमुच्यते ।।३४।।

जाग्रत्स्वप्नसुषुप्तिको प्रकाश् जस्बाट हुन्छ त्यै ।
मै ब्रह्म हुँ भनी जाने जान्छ त्यो धाम मुक्त भै ।।३४।।

त्रिषु धामसु यद्भोग्यं भोक्ता भोगश्च यद्भवेत् ।
तेभ्यो विलक्षणः साक्षी चिन्मात्रोऽहं सदाशिवः ।।३५।।

जाग्रत् स्वप्न सुषुप्तिमा भोक्ता भोग्य र भोग् सब ।
त्यस्को विलक्षण साक्षी मै हुँ शिव् कारणात्मक ।।३५।।

कोटिमध्याह्नसूर्याभं चन्द्रकोटिसुशीतलम् ।
चन्द्रसूर्याग्निनयनं स्मरेद्वक्त्रसरोरुहम् ।।३६।।

प्रकाश्मा कोटि सूर्यैझैं शीतल्मा चन्द्रकोटिझैं ।
चन्द्र सूर्याग्नि तीन् नेत्र मुख् कमल् संझनू उनै ।।३६।।

एको देवः सर्वभूतेषु गूढः
सर्वव्यापी सर्वभूतान्तरात्मा।
सर्वाध्यक्षः सर्वभूताधिवासः
साक्षी चेता केवलो निर्गुणश्च ।।३७।।

ईश्वर् यौटै गुप्त सब् प्राणि साथ्मा
सर्वव्यापी प्राणिका अन्तरात्मा ।
मालिक् सब्का सर्व चैतन्यवासी
चेतन्कर्ता निर्गुणी एक साक्षी ।।३७।।

एको वशी सर्वभूतान्तरात्मा-
प्येकं बीजं नित्यदा यः करोति।
तं मां नित्यं येऽनुपर्शन्त धीरा-
स्तेषां शान्तिः शाश्वती नेतरेषाम् ॥३८॥

सारा जीवमा एक आत्मा ठहर्ने
माया बीजले सृष्टि सम्पूर्ण गर्ने ।
यस्तो मेरो रूप जान्ने सुधीर
होला मोक्ष ज्ञानले मेटि पीर ॥३८॥

अग्निर्यथैको भुवनं प्रविष्टो
रूपंरूपं प्रतिरूपो वभूव।
एकस्तथा सर्वभूतान्तरात्मा
न लिप्यते लोकदुःखेन बाह्यः ॥३९॥

काष्ठादिको योग भएर जस्तै
रूपान्तरै अग्नि हुनू छ तस्तै ।
आत्मा छ एकै प्रतिबिम्ब त्यो भै
बस्दोछ निर्लिप्त सुखादिको भै ॥३९॥

वेदेह यो मां पुरुषं महान्त-
मादित्यवर्णं तमसः परस्तात् ।
स एव विद्वानमृतोऽत्र भूयो
नान्यस्तु पन्था अयनाय विद्यते ॥४०॥

जो जान्दछ व्यापक सर्वगामी
मायारहित् आत्म निराभिमानी ।
त्यै जान्छ संसार तरेर पार
क्वै छैन अर्को पथ मोक्षसार ।।४०।।

हिरण्यगर्भं विदधामि पूर्वं
वेदांश्च तस्मैप्रहिणोमि योऽहम् ।
तं देवमीड्यं पुरुषं पुराणं
निश्चित्य मां मृत्युमुखात्प्रमुच्यते ।।४१।।

ब्रह्मा गरी सृष्टि निमित्त पैले
दिन्छू तिनैमा रचि वेद मैले ।
ब्रह्माजिको मान्य मलाइ जान्ने
तेस्को छु मैं काल् मुखबाट तान्ने ।।४१।।

एवं शान्त्यादियुक्तः सन् वेत्ति मां तत्त्वतस्तु यः ।
निर्मुक्तदुःखसन्तानः सोऽन्ते मय्येव लीयते ।।४२।।

शान्ति गुण्मा रही जान्ने मलाई जो छ ज्ञानले ।
दुःखदेखि छुटी मैंमा अन्त्यमा पुग्छ ध्यानले ।।४२।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे शिवराघवसंवादे उपासनाज्ञानफलं नाम
भवानी टीकायां द्वादशोऽध्यायः ।।१२।।

अथ त्रयोदशोऽध्यायः

सूत उवाच–

एवं श्रुत्वा कौसलेयस्तुष्टा मतिमतां वरः ।
प्रयच्छ गिरिजाकान्तं सुभगं मुक्तिलक्षणम् ॥१॥

यस्तो सुनेर सन्तोष भै बुद्धिमान् रामले अनि ।
गिरिजापतिमा सोधे मुक्तिलक्षण के भनी ॥१॥

श्रीराम उवाच–

भगवान् ! करुणाविष्टहृदय त्वं प्रसीद मे ।
स्वरूपं लक्षणं मुक्तेः प्रब्रूहि परमेश्वर ! ॥२॥

दयासागर हे शम्भो ! ममा प्रसन्न भैकन ।
मुक्तिको रूप लक्षण् सब् आज्ञा होस् जो जती छन ॥२॥

श्रीभगवानुवाच–

सालोक्यमपि सारूप्यं सार्ष्ट्यं सायुज्यमेव च ।
कैवल्यं चेति तां विद्धि मुक्ति राघव ! पञ्चधा ॥३॥

सालोक्य सार्ष्टि सारूप्य सायुज्य अनि राघव! ।
कैवल्य मुक्ति छन् पाँच भेदका गुणले सब ॥३॥

मां पूजयति निष्कामः सर्वदाऽज्ञानवर्जितः।
स मे लोकं समासाद्य भुङक्ते भोगान्यथेप्सितान् ॥४॥

निष्काम ज्ञानवान् मेरो नित्य पूजा गर्‍यो भने ।
सालोक्य मुक्ति पाएर मैंसरी भोग्छ भोगने ॥४॥

ज्ञात्वा मां पूजयेद्यस्तु सर्वकामविवर्जितः ।
मया समानरूपः सन्मम लोके महीयते ॥५॥
इच्छा प्यागी स्वरूप् मेरो ज्ञानि पूजा गरेमहाँ ।
मेरै समान रुप् धारी बस्छ सारुप्य भै वहाँ ॥५॥
इष्टापूर्तादिकर्माणि मत्प्रीत्यै कुरुते तु यः ।
सोऽपि तत्फलमाप्नोति नात्र कार्या विचारणा ॥६॥
मेरो प्रसन्नता खातिर् यज्ञ कूपादिका करम् ।
गर्ने त्यै फल पाऊँछ निःसन्देह छ यो धरम् ॥६॥
यत्करोति यदश्नाति यज्जुहोति ददाति यत् ।
यत्तपस्यति तत्सर्वं यः करोति मदर्पणम् ॥७॥
खानू दान दिनू होम्नू तपस्या जति गर्दछन् ।
त्यो अर्पण् मइँमा गर्दा संसार्-सागर तर्दछन् ॥७॥
मल्लोके स श्रियं भुङ्क्ते मत्तुल्यं प्राभवं भजेत् ।
वस्तु शान्त्यादियुक्तः सन्मामात्मत्वेन पश्यति ॥८॥
सार्ष्टि या मुक्ति पाएर मैंसमान् कर्म गर्दछन् ।
शान्त्यादि गुणले युक्त सारा मैंमात्र देख्दछन् ॥८॥
स जायते परं ज्योतिरद्वैतं ब्रह्म केवलम् ।
आत्मस्वरूपावस्थानं मुक्तिरित्यभिधीयते ॥९॥
त्यै ब्रह्म परमं ज्योति अद्वैत पूर्ण रूप छ ।
सायुज्य मुक्ति हो येही आत्मा रूप् भइ बस्दछ ॥९॥

सत्यं ज्ञानमनन्तं सदानन्दं ब्रह्म केवलम् ।
सर्वधर्मविहीनं च मनोवाचामगोचरम् ॥१०॥

सर्वज्ञ सत्य रूप् ब्रह्म सदानन्द अनन्त एक् ।
सर्व धर्मरहित् स्वच्छ न मन वाणिको छ भेट् ॥१०॥

सजातीयविजातीयपदार्थानामसम्भवात् ।
अतस्तद्व्यतिरिक्तानामद्वैतमिति संज्ञितम् ॥११॥

आफ्नू पराइको भेद छैन जस्मा निरन्तर ।
अभेदले नै अद्वैत नाम यो छ परात्पर ॥११॥

मत्वा रूपमिदं राम! शुद्धं यदभिधीयते ।
मय्येव दृश्यते सर्वं जगत्स्थावरजङ्गमम् ॥१२॥

भनियो शुद्ध रूप् मेरो राम ! यो ज्ञान भो जहाँ ।
स्थावर्जङ्गम जो यो छ देखिन्छ सब मैंमहाँ ॥१२॥

व्योम्नि गन्धर्वनगरं यथा दृष्टं न दृश्यते ।
अनाद्यविद्यया विश्वं सर्वं मय्येव कल्प्यते ॥१३॥

जस्तै गन्धर्वपुर् आकाश् बीचमा छैन तापनि ।
देखिन्छ त्यस्तै मायाले ममा देखिन्छ सब् अनि ॥१३॥

मम स्वरूपज्ञानेन यदाऽविद्या प्रणश्यति ।
तदैक एव वर्तेऽहं मनोवाचामगोचरः ॥१४॥

मेरा स्वरूपका ज्ञान्ले अविद्या नाश भो जहाँ ।
मन् वचन्देखि परको एकमात्र म छू तहाँ ॥१४॥

सदैव परमानन्दः स्वप्रकाशश्चिदात्मकः ।
न कालः पञ्चभूतानि न दिशो विदिशश्च न ।
मदन्यन्नास्ति यत्किञ्चित्तदा वर्त्तेऽहमेकलः ॥१५॥

सर्वदा परमानन्द आफैं प्रकाश चिन्मय ।
न दिशा विदिशा पाँच भूतात्मा कालको भय ।
म भिन्न छैन क्वै केहि मैंमात्र छू निरामय ॥१५॥

न संदृशे तिष्ठति मे स्वरूपं
न चक्षुषा पश्यति मां तु कश्चित् ।
हृदा मनीषा मनसाभिक्लृप्तं
ये मां विदुस्ते ह्यमृता भवन्ति ॥१६॥

रहन्छ देखिन्न इ नेत्रले जो
न रङ्गिलो निर्गुण भै रहेको ।
धरेर जस्ले हृदये कमल्मा
म संझने पुग्दछ मुक्तिस्थल्मा ॥१६॥

कथं भगवतो ज्ञानं शुद्धं मर्त्यस्य जायते ।
तत्रोपायं हर ! ब्रूहि मयि तेऽनुग्रहो यदि ॥१७॥

शुद्ध ज्ञान् भगवान्! तिम्रो कसोरी मर्त्यरूपमा ।
हुन्छ त्यस्को उपाय सब् आज्ञा होस् सब त्यो ममा ॥१७॥

श्रीभगवानुवाच–

विरज्य सर्वभूतेभ्य अविरिञ्चपदादपि ।
घृणां वितत्य सर्वत्र पुत्रमित्रादिकेष्वपि ॥१८॥

ब्रह्मलोक्तक यो भोग नाशवान् जानि मन्महाँ ।
पुत्रमित्रादि आशक्ति छुटोस् वैराग्यले यहाँ ।।१८।।

श्रद्धालुर्मुक्तिमार्गेषु वेदान्तज्ञनलिप्सया ।
उपायनकरो भूत्वा गुरुं ब्रह्मविदं ब्रजेत् ।।१९।।

श्रद्धा मुक्तिविषे धारि वेदान्त शास्त्र जानन ।
सौगात् लिएर ब्रह्मज्ञ जावोस् गुरु जहाँ छन ।।१९।।

तमर्थं पुरतः कृत्वा दण्डवत्प्रणमेद्गुरुम् ।
उत्थाय चाञ्जलिं कृत्वा वाञ्छितार्थान्निवेदयेत् ।।२०।।

सौगात् राखेर साम्नेमा गुरुको दण्डवत् गरी ।
उठेर अञ्जली बाँधी मन्को भाव् सोध्नु येसरी ।।२०।।

सेवाभिः परितोष्यैनं चिरकालं समाहितः ।
सर्ववेदान्तवाक्यार्थं शृणुयात्सुसमाहितः ।।२१।।

सेवाले गुरु सन्तोष राखेर सावधान् भई ।
वेदान्त वाक्यको अर्थ सुनोस् एकान्तमा रही ।।२१।।

सर्ववेदान्तवाक्यानां मयि तात्पर्यनिश्चयम् ।
श्रवणं नाम तत्प्राहुः सर्वे ते ब्रह्मवादिनः ।।२२।।

वेदान्त वाक्यको मैंमा तात्पर्य बुझि बेसरी ।
सुन्नू 'श्रवण' यै भन्छन् ब्रह्मज्ञहरु येसरी ।।२२।।

लोहमण्यादिदृष्टान्तयुक्तिभिर्यद्विचिन्तनम् ।
तदेव मननं प्राहुर्वाक्यार्थस्योपबृंहणनम् ।।२३।।

फलाम् चुम्बकमा घुम्नु-सरि संसार ब्रह्ममा ।
घुम्ने जान्नू विचारद्वारा 'मनन्' हो येहि शास्त्रमा ।।२३।।

निर्मोही निरहङ्कारः समः सङ्गविवर्जितः ।
सदा शान्त्यादियुक्तः सन्नात्मन्यात्मानमीक्षते ।
यत्सदा ध्यानयोगेन तन्निदिध्यासनं स्मृतम् ।।२४।।

मायासङ्ग अहङ्कार त्यागी सब् तुल्य माननू ।
शान्त्यादि गुण ली सारा आत्माले आत्म देखनू ।
नित्य यै ध्यानको नाम 'निदिध्यासन' जाननू ।।२४।।

सर्वकर्मक्षयवशात्साक्षात्कारोऽपि चात्मनः ।
कस्यचिज्जायते शीघ्रं चिरकालेन कस्यचित् ।।२५।।

सम्पूर्ण कर्मको त्याग जब भो अनि आत्मको ।
साक्षात्कार् झट्ट नै हुन्छ कसैमा पछि हुन्छ त्यो ।।२५।।

कूटस्थानीह कर्माणि चिरकालार्जितान्यपि ।
ज्ञानेनैव विनश्यन्ति न तु कर्मायुतैरपि ।।२६।।

करोडौं जन्ममा जीवले गरेका कर्म जो जति ।
ज्ञानैले नष्ट ती हुन्छन् हुँदैनन् कर्मले रती ।।२६।।

ज्ञानादूर्ध्वं तु यत्किञ्चित्पुण्यं वा पापमेव वा ।
क्रियते बहु वाल्पं वा न तेनायं विलिप्यते ।।२७।।

भयो ज्ञान् त्यस्पछी धर्म पाप जो कर्म गर्दछ ।
पर्दैन भोगनु थोरै धेरै होस् सब हर्दछ ।।२७।।

शरीरारम्भकं यत्तु प्रारब्धं कर्म तन्मतम् ।
तद्भोगेनैव नष्टं स्यान्न तु ज्ञानेन नश्यति ॥२८॥

कर्मका हेतुले देह बन्दछन् सब जीवका ।
भोगले कर्म नाश् हुन्छ हुन्न ज्ञान् भये मात्र ता ॥२८॥

निर्मोहो निरहङ्कारो निर्लेपः सङ्गवर्जितः ।
सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।
यः पश्यन्सञ्चरत्येष जीवन्मुक्तोऽभिधीयते ॥२९॥

माया अहङ्कार् संगत् सब् त्यागेर प्राणि सब्महाँ ।
देख्छन् आफैसरी जस्ले एकै आत्मा सबै यहाँ ।
ती जीवन्मुक्त भै घुम्छन् देहको बाँकी भोगमा ॥२९॥

अहिनिर्मोचनी यद्वद्द्रष्टुः पूर्वं भयप्रदा ।
ततोऽस्य न भयं किञ्चत्तद्वद्द्रष्टुरयं जनः ॥३०॥

सर्पसाथ् काँचुली डर्छ छोडेकोमा छ के डर ।
माया हो सुख दुःख् सारा न हुँदा डर के छ र ॥३०॥

यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य वशं गताः ।
अथ मर्त्योऽमृतो भवत्येतावदनुशासनम् ॥३१॥

वश भै कामना छुट्छन् जस्देखि मर्त्यलोकमा ।
अमर्त्यै हुन्छ त्यै मुक्ति शिक्षा यहि छ वेदमा ॥३१॥

मोक्षस्य नहि वासोऽस्ति न ग्रामान्तरमेव वा ।
अज्ञानहृदयग्रन्थिनाशो मोक्ष इति स्मृतः ॥३२॥

वासस्थान् मोक्षको छैन छैन गाऊँ कहीं पनि ।
अज्ञान् हृदयको ग्रन्थी नाश भै मोक्ष भो अनि ।।३२।।

वृक्षाग्रच्युतपादो यः स तदैव पतत्यधः ।
तद्वज्ज्ञानवतो मुक्तिर्जायते निश्चितापि तु ।।३३।।

वृक्षका सिरदेखि जब् छुट्यो पाऊ त खन्दछ ।
त्यस्तै माया छुटे मुक्ति संसार्मा किन बद्ध छ ।।३३।।

तीर्थे चण्डालगेहे वा यदि वा नष्टचेतनः ।
परित्यजन्देहमिमं ज्ञानादेव विमुच्यते ।।३४।।

तीर्थ, चाण्डालको घर्मा विचेत् भै प्राण् छुटे पनि ।
ज्ञानवान् सहजै मुक्ति पाऊँछ ब्रह्म रूप् बनी।।३४।।

संवीतो येन केनाश्नन्भक्ष्यं वाऽभक्ष्यमेव वा ।
शयानो यत्र कुत्रापि सर्वात्मा मुच्यतेऽत्र सः ।।३५।।

भक्ष्याभक्ष्य जो सुकै होस् दियोस् जो कोहिले जहाँ ।
सुतोस् जहाँतहाँ ज्ञानी हुन्छ मुक्ति सहज्महाँ ।।३५।।

क्षीरादुद्धृतमाज्यं यत्क्षिप्तं पयसि तत्पुनः ।
न तेनैवैकतां याति संसारे ज्ञानवांस्तथा ।।३६।।

दुधदेखि निकालेको घीऊ मिल्दैन दूधमा ।
त्यस्तै संसारमा ज्ञानी मिसिन्न जो गरोस् यहाँ ।।३६।।

नित्यं पठति योऽध्यायमिमं राम! शृणोति वा ।
स मुच्यते देहबन्धादनायासेन राघव ! ।।३७।।

अध्याय सब यो जस्ले गर्छ पाठ कि सुन्दछ ।
हे राम! देहको बन्धन् छुटाई शिव बन्दछ ।।३७।।

अतः संयतचित्तस्त्वं नित्यं पठ महीपते! ।
अनायासेन तेनैव सर्वथा मोक्षमाप्स्यसि ।।३८।।

तस्मात् हे राम! तिमिले यो अध्याय निरन्तर ।
गर पाठ् चित्त लायेर मुक्ति मिल्नेछ आखिर ।।३८।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे मोक्षनिरूपणं नाम भवानीटीकायां त्रयोदशोऽध्यायः ।।१३।।

गीताका निम्न पुस्तकहरू खोजी खोजी पढ्नुहोस् !!

१. **अर्जुन गीता** (नेपाली भाषामा)
२. **अवधूत गीता** (हि.भा.टी. सहित)
(भगवान् कृष्णले अर्जुनलाई दिनुभएको उपदेश-रत्न)
३. **अष्टावक्र गीता** (नेपाली भाषा श्लोक-सहित)
४. **कोमल गीता** (मूल, नेपाली श्लोक र अर्थ सहित)
(बुवाआमा, दाजुभाइ, दिदीबहिनीहरूमा सर्वाधिक लोकप्रीय र अरू गीताको पुस्तकभन्दा बढी बिक्री हुँदै आएको पुस्तक)
५. **गुरु गीता** (हि.भा.टी. सहित)
६. **जीवनमुक्ति गीता** (ने.भा.टी. सहित) (प्रकाशोन्मुख)
७. **देवी गीता** (हि.भा.टी. सहित)
८. **पाण्डव गीता** (नेपालीमा अर्थसहित)
९. **रामगीता** (नेपालीमा अर्थसहित)
१०. **श्रीमद्भगवद्गीता** (साथमा विष्णुसहस्रनाम, गजेन्द्रमोक्ष, अनुस्मृति, भीस्मस्तवराज सहित) (पाकेट साइजमा)
११. **श्रीशिवगीता** (नेपाली भाषा श्लोक-सहित)

अथ चतुर्दशोऽध्यायः

श्रीराम उवाच–

भगवन् ! यदि ते रूपं सच्चिदानन्दविग्रहम् ।
निश्चलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम् ।।१।।

हे शम्भो! यदि तिम्रो रूप् सच्चिदानन्द निर्गुण ।
अङ्गहीन् दोषहीन् शान्त कर्महीन निरञ्जन ।।१।।

सर्वधर्मविहीनं च मनोवाचामगोचरम् ।
सर्वव्यापिनमात्मानमीक्षते सर्वतः स्थितम् ।।२।।

धर्मदेखि फरक् वाणी मनदेखि पनी पर ।
सर्व व्यापक आत्मा नै देख्छन् जीव निरन्तर ।।२।।

आत्मविद्यातपोमूलं तद्ब्रह्मोपनिषत्परम् ।
अमूर्त्तं सर्वभूतात्माकारं कारणकारणम् ।।३।।

आत्म विद्या उपनिषत् तपस्याको छ मूल जो ।
मूर्तिहीन् सबको कारण् आत्मा नै प्राणिको छ जो ।।३।।

यत्तददृश्यमग्राह्यं वा तद्ग्राह्यं कथं भवेत् ।
अत्रोपायमजानानस्तेन खिन्नोऽस्मि शङ्कर ! ।।४।।

देखिंदैन जउन् आत्मा अग्राह्य वस्तु भो र त्यो ।
न पाउँदा उपाये क्यै हे शिव ! मन खिन्न भो ।।४।।

श्रीभगवानुवाच–

शृणु राजन् ! प्रवक्ष्यामि तत्रोपायं महाभुज ! ।
सगुणोपासनाभिस्तु चित्तैकाग्र्यं विधाय च ।
स्थूलसौराम्भिकान्न्यायात्तत्र चित्तं प्रवर्तयेत् ॥५॥

उपाय सुन हे राम! भन्दछू त्यो सबै अब ।
सगुण्को गरदै ध्यान चित्त एकाग्र भो जब ।
मृगतृष्णाम्बु न्यायैले हुन्छ स्थिर् चित्त यो तब ॥५॥

तस्मिन्नन्नमये पिण्डे स्थूलदेहे तनूभृताम् ।
जन्मव्याधिजरामृत्युर्निर्लये वर्तते दृढा ॥६॥

यो स्थूल प्राणिको देह कोष अन्नमय छ जो ।
जन्म रोग् वृद्धता मर्नु सारा दिन्-दिन हुन्छ यो ॥६॥

आत्मबुद्धिरहंमानात्कदाचिन्नैव हीयते ।
आत्मा न जायते नित्यो म्रियते वा कथंचन ॥७॥

अहङ्कार्ले आत्मबुद्धि देहमा भो मिटिन्न त्यो ।
अजराऽमर आत्मा हो न मर्छ जन्म हुन्छ त्यो ॥७॥

सञ्जायतेऽस्ति विपरिणमते वर्धते तथा ।
क्षीयते नश्यतीत्येते षड्भावा वपुषः स्मृताः ॥८॥

छ भाव् छन् देहका जन्म रहनू बदला हुनू ।
बढ्नू घट्नू नाश हुनू स्थूलमा यहि हो हुनू ॥८॥

आत्मनो न विकारित्वं घटस्थनभसो यथा ।
एवमात्मा वपुस्तस्मादिति सञ्चिन्तयेद्बुधः ॥९॥

विकार छैन आत्माको आकाशघट् भिन्नको सरी ।
देहमा छैन सम्बन्ध आत्माको बुझ बेसरी ।।९।।

मूषानिक्षिप्तहेमाम्भः कोशः प्राणमयेऽत्र तु ।
वर्ततेऽन्तरतो देहे बुद्धः प्राणादिवायुभिः ।।१०।।
कर्मेन्द्रियैः समायुक्तश्चलनादिक्रियात्मकः ।
क्षुत्पिपासापराभूतो नायमात्मा जडो यतः ।।११।।

सुन्को झोल सरी 'प्राणमय' कोश[१] यहीं रही ।
प्राणादि वायुको बोधी देह भिन्न निवास् भई ।।१०।।
कर्मेन्द्रिय लिई साथ्मा बोल्नू चल्नू करम् गरी ।
क्षुधा तिर्खासहित् यो छ ह्वैन आत्मा छ जड्सरि ।।११।।

चिद्रूप आत्मा येनैव स्वदेहमनुपश्यति ।
आत्मैवाहं परं ब्रह्म निर्लेपः सुखनीरधिः ।।१२।।

चैतन्यरूप आत्मा नै जो जीव् देख्दछ देहमैं ।
त्यै आत्मा हुँ परब्रह्म निर्लेप सुखसागरै ।।१२।।

न तदश्नाति कं चैनं न तदश्नाति कञ्चन ।
ततः प्राणमये कोशे कोशोऽस्त्येव मनामयः ।
स सङ्कल्पविकल्पात्मा बुद्धीन्द्रियसमाहितः ।।१३।।

अज्ञान्ले ब्रह्मनाश् हुन्न अज्ञान् नाश् हुन्न ब्रह्मले ।

---

१. पृथ्वी, जल, तेज, वायु र आकाश ।
यी पाँच तत्त्वलाई पञ्चमहाभूत भनिन्छ।

यो 'प्राणमय' कोशभित्र 'मनोमय' छ नामले ।
बुद्धीन्द्रियसहित्को छ छ सङ्कल्प विकल्पले ।।१३।।

कामः क्रोधस्तथा लोभो मोहो मात्सर्यमेव च ।
मदश्चेत्यरिषड्वर्गो ममतेच्छादयोऽपि च ।
मनोमयस्य कोशस्य धर्मा एतस्य तत्र तु ।।१४।।

काम क्रोध लोभ मोह मद मात्सर्यका गण ।
शत्रु हुन् ज्ञानिका सारा इच्छा फेर् ममता झन ।
यी सबै धर्म हुन् एहि मनका कोशमा छन ।।१४।।

या कर्मविषया बुद्धिर्वेदशास्त्रार्थनिश्चिता ।
सा तु ज्ञानेन्द्रियै सार्धं विज्ञानमयकोशतः ।।१५।।

जुन् कर्म विषया बुद्धि वेद शास्त्रादि निर्णित ।
विज्ञानमय कोश् बन्छ बुद्धि ज्ञानेन्द्रियैसित ।।१५।।

इह कर्तृत्वाभिमानी स एव तु न संशयः ।
इहामुत्र गतिस्तस्य स जीवो व्यावहारिकः ।।१६।।

यसै कोशमा बस्छ जीव कर्तृत्व अभिमानि भै ।
इहलोक् परलोक् सारा घुम्छ त्यै व्यवहारि भै ।।१६।।

व्योमादिसात्त्विकांशेभ्यो जायन्ते धीन्द्रियाणि तु ।
व्योम्नः श्रोत्रं भुवो घ्राणं जलाज्जिह्वाथ तेजसः ।।१७।।
चक्षुर्वायोस्त्वगुत्पन्ना तेषां भौतिकता ततः ।
व्योमादीनां समस्तानां सात्त्विकांशेभ्य एव तु ।।१८।।

आकाशादि पाँच भूत्का सात्त्विकांशमहाँ बनी ।
श्रोत्र त्वक् चक्षु जिह्वा घ्राण् ज्ञानेन्द्रिय यिनै भनी ।।१७।।
पाँचभूत्बाट उत्पन्न हुँदा भौतिक भन्दछन् ।
पाँचभूत् पनि सत्त्वांशबाट नै सब बन्दछन् ।।१८।।

जायेते बुद्धिमनसी बुद्धिः स्यान्निश्चयात्मिका ।
वाक्पाणिपादपायूपस्थानि कर्मेन्द्रियाणि तु ।
व्योमादीनां रजोंऽशेभ्यो व्यस्तेभ्यस्तान्यनुक्रमात् ।।१९।।

पाँचभूत्का सत्त्व अंशबाट मन् बुद्धि बन्दछन् ।
पाँचभूत्कै रजो गुण्ले कर्मइन्द्रिय बन्दछन् ।
वाक् पाणि पाद पायू भो लिङ्ग पाँच् क्रमसाथ छन् ।।१९।।

समस्तेभ्यो रजोंऽशेभ्यः पञ्च प्राणादिवायवः ।
जायन्ते सप्तदशकमेवं लिङ्गशरीरकम् ।।२०।।

समष्टी पाँचभूत्बाट प्राणादि पाँच वायु भै ।
मन् बुद्धिले सत्र चिज्को लिङ्गदेह बनीन गै ।।२०।।

एवं लिङ्गशरीरं तु तप्तायःपिण्डवद्यतः ।
परस्पराध्यासयोगात्साक्षी चैतन्यसंयुतः ।।२१।।

यस्तो लिङ्गशरीर् तातो फलाम्को पिण्डझैं बनी ।
परस्पर्को भइ संयोग् साक्षी चैतन्यसाथ् अनि ।।२१।।

तदानन्दमयः कोशो भोक्तृत्वं प्रतिपद्यते ।
विद्याकर्मफलादीनां भोक्तेहामुत्र स स्मृतः ।।२२।।

'आनन्दमय' भो कोश भोक्ता त्यही बनी यहाँ ।
अभिमान्साथ भोग् गर्छ कर्मफल् लोक् दुवैमहाँ ।।२२।।

यदाध्यासं विहायैष स्वस्वरूपेण तिष्ठति ।
अविद्यामात्रसंयुक्तः साक्ष्यात्मा जायते तदा ।।२३।।

निद्रामा व्यवहार् छाडी स्वरूप्मा जब त्यो रह्यो ।
अज्ञान्मात्र हुँदा बाँकी साक्षी आत्मा उही भयो ।।२३।।

द्रष्टान्तःकरणादीनामनुभूतस्मृतेरपि ।
अतोऽन्तःकरणाध्यासादन्यस्तत्त्वेन चात्मनि ।
भोक्तृत्वं साक्षिता चेति द्वैधं तस्योपपद्यते ।।२४।।

अन्तरिन्द्रियको वृत्ति गरेका स्मृतिको पनि ।
तत्त्वपूर्वक आत्मामा रहेर देखने बनी ।
हुन्छ जब् अनि साक्षि र भोक्ति बन्दछ त्यै अनि ।।२४।।

आतपश्चापि तच्छाया तत्प्रकाशे विराजते ।
एको भोजयिता तत्र भुङ्क्तेऽन्यः कर्मणः फलम् ।।२५।।

प्रकाश्ले सूर्यको जस्तै छायावृत्त प्रकाश छन् ।
त्यस्तै जीवेश्वर ब्रह्मबाट भोगि र साक्षि छन् ।।२५।।

क्षेत्रज्ञं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि प्रग्रहं तु मनस्तथा ।।२६।।

जीवात्मा रथि जानिल्यौ रथ हो देह नै यहाँ ।
बुद्धि हो सारथी हाँक्ने लगाम् मन् हो सबैमहाँ ।।२६।।

इन्द्रियाणि हयान्विद्धि विषयाँस्तेषु गोचरान् ।
इन्द्रियैर्मनसा युक्तं भोक्तारं विद्धि पूरुषम् ॥२७॥

घोडा हुन् इन्द्रियै सारा विषये देश जाननू ।
मन इन्द्रियले साथ भोक्ता जीवात्म माननू ॥२७॥

एवं शान्त्यादियुक्तः सन्नुपास्ते यःसदा द्विजः ।
उद्घाट्योद्घाट्य चैकैकं यथैव कदलीतरोः ॥२८॥
वल्कलानि ततः पश्चाल्लभते सारमुत्तमम् ।
तथैव पञ्चभूतेषु मनः सङ्क्रमते क्रमात् ।
तेषां मध्ये ततः सारमात्मानमपि विन्दति ॥२९॥

यस्तो शान्ति उपासक् भै उपासन् गर्दछन् जउन् ।
एक् एक् गरेर केराको बोक्रो झिके पछी जउन् ॥२८॥
पछाडि सार जो मिल्छ त्यस्तै यो मनले पनि ।
पञ्चकोश विचारेर छोड्छ सब् जड हुन् भनी ।
सबको सार एक् आत्मा मात्र देख्दछ त्यो अनि ॥२९॥

एवं मनः समाधाय संयतो मनसि द्विजः ।
अथ प्रवर्तयेच्चित्तं निराकारे परात्मनि ॥३०॥

यस्ता प्रकारले मन्मा मन लायेर योगमा ।
रहँदा चित्त यो जान्छ निराकार् परमात्ममा ॥३०॥

ततो मनः प्रगृह्णाति परमात्मानमव्ययम् ।
यत्तददृश्यमग्राह्यमस्थूलाद्युक्तिगोचरम् ॥३१॥

त्यस्पछि मनले लिन्छ अविनाशि परेश्वर ।
देखिने भेटिने सानू ठूलो छैन छ जो पर ।।३१।।

श्रीराम उवाच–

भगवञ्छ्रवणेनैव प्रवर्तन्ते जनाः कथम् ।
वेदशास्त्रार्थसंपन्ना यज्वानः सत्यवादिनः ।।३२।।

भगवन्! शास्त्र जानेका कर्मिष्ठ सत्यवादिले ।
श्रवणमा किन प्रवृत्ति हुँदैनन् शुद्ध भक्तिले ? ।।३२।।

शृण्वन्तोऽपि तथात्मानं जानते नैव केचन ।
ज्ञात्वापि मन्यते मिथ्या किमेतत्तव मायया ।।३३।।

सुन्दासुन्दै पनि ब्रह्मज्ञान हुन्न कसैमहाँ ।
जाने पनि झुठै ठान्नु माया तिम्रै छ की यहाँ ।।३३।।

श्रीभगवानुवाच–

एवमेव महाबाहो! नात्र कार्या विचारणा ।
दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।।३४।।

हे महाबाहु ! साँचै हो छैन कोहि विचार्महाँ ।
माया मेरी त्रिगुणी छन् न कोटि सकिने यहाँ ।।३४।।

मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।
अभक्ता ये महाबाहो! मम श्रद्धाविवर्जिताः ।।३५।।

मेरा शरण जो पर्छन् मायादेखि ति तर्दछन् ।
श्रद्धा भक्ति नभै मेरो संसार्मैं फेरि पर्दछन् ।।३५।।

फलं कामयमानास्ते चैहिकामुष्मिकादिकम् ।
क्षयिष्णवल्पं सातिशयं ततः कर्मफलं मतम् ॥३६॥
फलको कामना गर्ने संसारमा परलोकमा ।
थोरै फल् कर्मको भोगी पर्छन् फेर् दुःख भोगमा ॥३६॥
तदविज्ञाय कर्माणि ये कुर्वन्ति नराधमाः ।
मातुः पतन्ति ते गर्भे मृत्योर्वक्त्रे पुनः पुनः ॥३७॥
यो न जानेर फल् खोजी जतिले कर्म गर्दछन् ।
गर्भमा नर्कमा बारंबार गैकन पर्दछन् ॥३७॥
नानायोनिषु जातस्य देहिनो यस्य कस्यचित् ।
कोटिजन्मार्जितैः पुण्यैर्मयि भक्तिः प्रजायते ॥३८॥
चौरासी लाख योनीमा जन्मने जीवको यहाँ ।
कोटि जन्म हुँदा पुण्य हुन्छ भक्ति अनी ममा ॥३८॥
स एव लभते ज्ञानं मद्भक्तः श्रद्धयान्वितः ।
नान्यकर्माणि कुर्वाणो जन्मकोटिशतैरपि ॥३९॥
श्रद्धावान् जो छ मद्भक्त उसैले ज्ञान पाउँछ ।
अरू कर्म गरोस् कोटि जन्मभर् किन पाउँछ ॥३९॥
ततः सर्वं परित्यज्य मद्भक्तिं समुदाहर ।
सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥४०॥

त्यसैले सब छाडेर मेरै भक्ति तिमी गर ।
अरू धर्म सर्व त्यागी मैंमा नित्य शरण् पर ।
म तिम्रो पाप नासेर गर्छू मोक्ष न शोक् गर ।।४०।।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।।४१।।
यत्तपस्यसि राम! त्वं तत्कुरुष्व मदर्पणम् ।
ततः परतरा नास्ति भक्तिर्मयि रघूत्तम! ।।४२।।

दान् गर्नू होमनू खानू तपस्या जति गर्दछौ ।।४१।।
अर्पण् त्यो गर सब् मैंमा संसार् सहज तर्दछौ ।
यस्भन्दा छैन क्वै भक्ति मेरो हे राम! जानि ल्यौ ।।४२।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे भवानीटीकायां पञ्चकोशोपपादनं नाम

चतुर्दशोऽध्यायः ।।१४।।

कश्यप/काश्यप गोत्रीय अधिकारी :
एक संक्षिप्त परिचय

ओमप्रकाश अधिकारीद्वारा लिखित तथा सम्पादित यस पुस्तकमा कश्यप/काश्यप गोत्रीय अधिकारीहरूको संक्षिप्त जानकारी, कश्यप/काश्यप गोत्रीय अधिकारीहरूका प्रवरहरूको चर्चा, कुल पूजा विधि आदि विविध विषयहरू समावेशित छन् । मूल्य: रु. १२०/- मात्र

अथ पञ्चदशोऽध्यायः

श्रीराम उवाच–

भक्तिस्ते कीदृशी देव! जायते वा कथञ्चन ।
यया निर्वाणरूपत्वं लभते मोक्षमुत्तमम् ।
तद्ब्रूहि गिरिजाकान्त ! मयि तेऽनुग्रहो यदि ।।१।।

हजुर्को भक्ति कस्तो छ ? कसोरी हुन्छ हे शिव! ।
जस्ले निर्वाण रूप् उत्तम् मोक्ष मिल्छ सहज्सित ।
गिरिजापति ! भन्नूहोस् भए कृपा ममा हित ।।१।।

श्रीभगवानुवाच–

यो वेदाध्ययनं यज्ञं दानानि विविधानि च ।
मदर्पणधिया कुर्यात्स मे भक्तः स मे प्रियः ।।२।।

जस्ले दान् वेदको पाठ यज्ञ गर्छ अनेक् यहाँ ।
ममा अर्पण बुद्धिले त्यै प्यारो भक्त हो ममा ।।२।।

नर्यभस्म समादाय विशुद्धं श्रोत्रियालयात् ।
अग्निरित्यादिभिर्मन्त्रैरभिमन्त्र्य यथाविधि ।।३।।

अग्निहोत्रको ली भस्म या वैदिक् घरको लिई ।
'अग्नि' [१]रित्यादिले मन्त्री विधिसाथ् भक्ति खुब् दिई ।।३।।

---

१. ॐ अग्निरिति भस्म । वायुरिति भस्म । जलमिति भस्म । स्थलमिति भस्म । व्योमेति भस्म । सर्वं ह वा इदं भस्म । मन एतानि चक्षूंषि भस्मानीति ।।

उद्धूलयति गात्राणि तेन चार्चति मामपि ।
तस्मात्परतरा भक्तिर्मम राम! न विद्यते ॥४॥
शरीरमा घसि त्यो भस्म पूजा मेरो गरेपछि ।
मेरो भक्ति अरू छैन हे राम ! यस् उपर्रति ॥४॥
सर्वदा शिरसा कण्ठे रुद्राक्षान्धारयेत्तु यः ।
पञ्चाक्षरीजपरतः स मे भक्तः स मे प्रियः ॥५॥
गलामा शिरमा जस्ले रुद्राक्ष नित्य धर्दछ ।
पञ्चाक्षरी मन्त्र जप्ने त्यै मेरो प्रिय भक्त छ ॥५॥
भस्मच्छन्नो भस्मशायी सर्वदा विजितेन्द्रियः ।
यस्तु रुद्रं जपेन्नित्यं चिन्तयेन्नामनन्यधीः ॥६॥
भस्मशायी भस्मधारी जिती इन्द्रियका गण ।
रुद्रसूक्त[१] जपी मेरै नान्य बुद्धि भईकन ॥६॥
स तेनैव च देहेन शिवः सञ्जायते स्वयम् ।
जपेद्यो रुद्रसूक्तानि तथाथर्वशिरः परम् ॥७॥
त्यो तेहि देहले बन्छ शिवरूप सनातन ।
जपोस् जस्ले रुद्रसूक्त कि अथर्वश्रुतिकन ॥७॥
कैवल्योपनिषत्सूक्तं श्वेताश्वतरमेव च ।
ततः परतरो भक्तो मम लोके न विद्यते ॥८॥
कैवल्योपनिषत् होस् वा श्वेताश्वतर जो हवोस् ।
तेस्भन्दा छैन यो लोकमा भक्त मेरो विचार होस् ॥८॥

---

१. रुद्रीको पाँचौं अध्यायको पहिलो ऋचा 'ॐनमस्ते.... देखि सोह्रौं मन्त्र ....सदसित्त्वाहवामहे सम्मका मन्त्रहरूलाई रुद्र (शिव) सूक्त भनिन्छ ।

अन्यत्र धर्मादन्यस्मादन्यत्रास्मात्कृताकृतात् ।
अन्यत्र भूताद्भव्याच्च यत्प्रवक्ष्यामि तच्छृणु ॥९॥
विलक्षणपुण्य पापदेखी कार्यकारणदेखि भो ।
भै सकेको हुनेभन्दा विलक्षण् सुन एही हो ॥९॥
वदन्ति यत्पदं वेदाः शास्त्राणि विविधानि च ।
सर्वोपनिषदां सारं दध्नो घृतमिवोद्धृतम् ॥१०॥
वर्णन् गर्छन् जउन् पद्को वेदशास्त्रहरू सबै ।
सारा उपनिषद्-सार दहिमा घ्युसमान भै ॥१०॥
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति मुनयः सदा ।
तत्ते पदं संग्रहेण ब्रवीम्योमिति तत्पदम् ॥११॥
इच्छा जुन् पदको गर्छन् ब्रह्मचारी ठुला मुनि ।
हो ॐ कार्पद त्यै भन्छू शब्द ब्रह्म स्वरूप् भनी ॥११॥
एतदेवाक्षरं ब्रह्माचैतदेवाक्षरं परम् ।
एतदेवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ॥१२॥
अविनाशी ब्रह्म यै हो सगुण् निर्गुणको सब ।
यै शब्द ब्रह्म जान्नाले हुन्छ इच्छा पुरा तब ॥१२॥
एतदालम्बनं श्रेष्ठमेतदालम्बनं परम् ।
एतदालम्बनं ज्ञात्वा ब्रह्मलोके महीयते ॥१३॥
उत्तम् आधार हो येहि लिने उत्तम एहि हो ।
जाने आधार यो संसार् तरने यहि मुक्ति हो ॥१३॥

छन्दमां यस्तु धेनूनामृषभत्वेन चोदितः ।
इदमेवावधिः सेतुरमृतस्य च धारणात् ॥१४॥
गाईरूप् वेदमा जस्तै वृषभ भनि मानिने ।
यहि एकाक्षरी पुल् हो संसार् सागर-पार् हुने ॥१४॥
मेदसा पिहितं कोशं ब्रह्मणो यत्परं मतम् ।
चतस्त्रस्तस्य मात्राः स्युरकारोकारकौ तथा ॥१५॥
ढाकिएको हृदयाकाश् भित्र जुन् ब्रह्म भन्दछन् ।
अकार्ऊकार तेसैमा मात्रा जस्मा यि चार छन् ॥१५॥
मकारश्चावसानेऽर्धमात्रेति परिकीर्तिता ।
पूर्वत्र भूश्च ऋग्वेदोब्रह्माऽष्टवसवस्तथा ।
गार्हपत्यश्च गायत्री गङ्गा प्रातःसवस्तथा ॥१६॥
मकार अर्धमात्राले पूरा चार भनिन्छन ।
पैलामा पृथिवी ऋग्वेद् ब्रह्मा अष्ट वसुकन ।
गार्हपत्याग्नि गायत्री गङ्गा प्रातः सबै छन ॥१६॥
द्वितीया च भुवो विष्णु रुद्रोऽनुष्टुब्यजुस्तथा ।
यमुना दक्षिणाग्निश्च माध्यन्दिनसवस्तथा ॥१७॥
दोस्रामा छन् भुवर्लोक विष्णु रुद्र अनुष्टुभै ।
यमुना दक्षिणाग्नि र माध्येन्दिनिय सब् यिनै ॥१७॥
तृतीया च स्वःसामान्यादित्यश्चैव महेश्वरः ।
अग्निराहवनीयश्च जगती च सरस्वती ॥१८॥

तेस्रामा स्वर्गलोक् सामवेद आदित्य शङ्कर ।
होमाग्नि जगती छन्द नदी सरस्वती पर ।।१८।।
तृतीयं सवनं प्रोक्तमथर्वत्वेन यन्मतम् ।
चतुर्थी यावससानेऽर्धमात्रा सा सोमलोकगा ।।१९।।
तृतीय सवन भन्छन् अथर्ववेदको मन ।
चौथो मात्रा सो भूर्लोक्मा नित्य यो वायु साथ छ ।।१९।।
अथर्वाङ्गिरसः संवर्तकोऽग्निर्नरुतस्तथा ।
विराट् सभ्यावसथ्यौ च शुतुद्रिर्यज्ञपुच्छकम् ।।२०।।
अथर्वाङ्गिर संवर्त सभ्याग्नि अवसथ्यक ।
विराट् शतद्रुति गङ्गा देवता यज्ञपुच्छक ।।२०।।
प्रथमा रक्तवर्णा स्याद्द्वितीया भास्वरा मता ।
तृतीया विद्युदाभा स्याच्चतुर्थी शुक्लवर्णिनी ।।२१।।
पैलो मात्रा रक्तवर्ण दोस्रो सूर्यसरी भयो ।
तेस्रो विजुलिझैं चौथो शुक्लवर्ण भनिन्छ यो ।।२१।।
सर्वं जातं जायमानं तदोङ्कारे प्रतिष्ठितम् ।
विश्वं भूतं च भुवनं विचित्रं बहुधा तथा ।।२२।।
हुने भो भै सकेको भो विश्वस्थावर जङ्गम ।
सारा ॐकारमैं यो छ वेद शास्त्रादि भन्छन ।।२२।।
जातं च जायमानं च तत्सर्वं रुद्र उच्यते ।
तस्मिन्नेव पुनः प्राणाः सर्वमोङ्कार उच्यते ।।२३।।

भैसकेको हुने सारा देखिने सब रुद्र हो ।
रुद्रमा प्राण छन् प्राण्मा व्याप्त एकाक्षरी छ यो ।।२३।।

प्रविलीनं तदोङ्कारे परं ब्रह्म सनातनम् ।
तस्मादोङ्कारजापी यः स मुक्तोनात्र संशयः ।।२४।।

लीन हुन्छ सबै ॐ मा परंब्रह्म सनातन ।
तस्माद्ॐकार जप्नाले मुक्ति निश्चय हुन्छन ।।२४।।

श्रोताग्नेः स्मार्तवह्नेर्वा शैवाग्नेर्वा समाहृतम् ।
अस्माभिमन्त्र्य यो मां तु प्रणवेन प्रपूजयेत् ।
तस्मात्परतरो भक्त इह लोके न विद्यते ।।२५।।

श्रौतस्मार्त शिवाग्निको लिइ मन्त्रेर भस्म त्यो ।
मेरो पूजा गरोस् ॐ ले भक्तिपूर्वक नित्य जो ।
त्यस्देखि लोकमा छैन मेरो त्यै प्रिय भक्त हो ।।२५।।

शालाग्नेर्दाववह्नेर्वा भस्मादायाभिमन्त्रितम् ।
यो विलिम्पति गात्राणि स शूद्रोऽपि विमुच्यते ।।२६।।

वनाग्नि यज्ञशालाको लिई भस्म शरीरमा ।
मन्त्रेको भस्म घस्नाले शूद्र पुग्दछ मोक्षमा ।।२६।।

कुशपुष्पैर्बिल्वदलैः पुष्पैर्वा गिरिसम्भवैः ।
यो मामर्चयते नित्यं प्रणवेन प्रियो हि सः ।।२७।।

कुशले फूलले बिल्वपत्रले वन्यफूलले ।
ॐकार् जप्नै नित्य पूजा गर्दा प्रिय छ भक्तिले ।।२७।।

पुष्पं फलं समूलं वा पत्रं सलिलमेव वा ।
यो दद्यात्प्रणवे मह्यं तत्कोटिगुणितं भवेत् ॥२८॥

फल जल् पत्र पुष्पादि प्रणव्साथ् दिन्छ जो ममा ।
एकको कोटि गुण् हुन्छ सारै प्रिय छ त्यो ममा ॥२८॥

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः ।
यस्यास्त्यध्ययनं नित्यं स मे भक्तः स मे प्रियः ॥२९॥

अहिंसा सत्यको वाणी शौच इन्द्रिय रोकने ।
न चोर्ने नित्य पाठ् गर्ने त्यै प्रेमी भक्त हो लिने ॥२९॥

प्रदोषे यो मम स्थानं गत्वा पूजयते तु माम् ।
स परां श्रियमाप्नोति पश्चान्मयि विलीयते ॥३०॥

शिवालय गई पूजा गर्छ मेरो प्रदोषमा ।
त्यो ठूलो धनवान् बन्दै पछि मोक्ष हुने ममा ॥३०॥

अष्टम्यां च चतुर्दश्यां पर्वणोरुभयोरपि ।
भूतिभूषितसर्वाङ्गो यः पूजयति मां निशि ।
कृष्णपक्षे विशेषेण स मे भक्तः स मे प्रियः ॥३१॥

पूर्णिमा अष्टमी औंसी चतुर्दशी तिथीमहाँ ।
सिंगारी भस्मले देह रात्मा पूजा गरेमहाँ ।
विशेष्ले कृष्ण पक्षेमा प्रिय हो भक्त त्यै यहाँ ॥३१॥

एकादश्यामुपोष्यैव यः पूजयति मां निशि ।
सोमवारे विशेषेण स भे भक्तो न नश्यति ॥३२॥

एकादशी उपासेर गरोस् पूजा निशीमहाँ ।
मेरो विशेष्ले सोम्वार्मा त्यै मेरो भक्त हो यहाँ ।।३२।।

पञ्चामृतैः स्नापयेद्यः पञ्चगव्येन वा पुनः ।
पुष्पोदकैः कुशजलैस्तस्मान्नान्यः प्रियो मम: ।।३३।।

पञ्चामृत्ले पुष्प जल्ले कुशजल् पञ्चगव्यले ।
गरायो जसले स्नान त्यै मेरो प्रिय स्नानले ।।३३।।

प्रयसा सर्पिषा वापि मधुनेक्षुरसेन वा ।
एकाग्रफलजेनापि नारिकेलजलेन वा ।।३४।।

दुधले घिउले गुण्ले नरिवल् जलले अनि ।
पाकेका आँपका रस्ले स्नान फेर् महले पनि ।।३४।।

गन्धोदकेन वा मां यो रुद्रमन्त्रमनुस्मरम् ।
अभिषिञ्चेत्ततो नान्यः कश्चित्प्रियतरो मम ।।३५।।

सुगन्धि जलले स्नान गरावोस् रुद्रि पाठले ।
तेस्भन्दा छैन क्वै मेरो प्रिय भक्त यि कर्मले ।।३५।।

आदित्याभिमुखो भूत्वा ऊर्ध्वबाहुर्जल स्थितः ।
मां ध्यायन् रविबिम्बस्थमथर्वाङ्गिरसं जपेत् ।।३६।।
प्रविशेन्मे शरीरेऽसौ गृहं गृहपतिर्यथा ।
बृहद्रथन्तरं वामदेव्यं देवव्रतानि च ।।३७।।

सूर्यका बिम्बमा मेरो ध्यान गर्दै नजर् दिई ।
ऊर्ध्वबाहु जपोस् मन्त्र अथर्वाङ्गिरसै लिई ।।३६।।

अथवा वामदेव् देवव्रत बृहद्रथान्तर ।
लीन् मैंमा हुन्छ त्यो जस्तै घर्भेटी आफनू घर ।।३७।।

तद्योगानाज्यदोहांश्च यो गायति ममाग्रतः ।
इह श्रियं परां भुक्त्वा मम सायुज्यमाप्नुयात् ।।३८।।

योगसाथ् आज्य दोहादि मेरा सन्मुख गाउने ।
यस् लोक्मा सुख भोगेर हुन्छ त्यो मुक्ति पाउने ।।३८।।

ईशावास्यादिमन्त्रान्यो जपेन्नित्यं ममाग्रतः ।
मत्सायुज्यमवाप्नोति मम लोके महीयते ।।३९।।

ईशावास्यादिका मन्त्र जप्छ मेरा अघीमहाँ ।
त्यो मेरा धाममा पुग्छ मुक्ति हुन्छ सहज्महाँ ।।३९।।

भक्तियोगो मया प्रोक्त एवं रघुकुलोद्भव ! ।
सर्वकामप्रदो मत्तः किमन्यच्छ्रोतु मिच्छसि ।।४०।।

रघुनाथ्! भक्ति योग् मैलै कामना पूर्ण पारने ।
भनि यो तिमिमा अर्को सोध इच्छा छ क्यै भने ? ।।४०।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे शिवराघवसंवादे भक्तियोगो नाम पञ्चदशोऽध्यायः ।।१५।।

अथ षष्ठदशोऽध्यायः

श्रीराम उवाच–

भगवन् मोक्षमार्गो यस्त्वया सम्यगुदाहृतः ।
तत्राधिकारिणं ब्रूहि तत्र मे संशयो महान् ॥१॥

भगवन् मोक्षको मार्ग सबै नै भनिबक्सियो ।
अधिकारी हुन्छ कस्तो आज्ञा होस् संशये छ यो ॥१॥

श्रीभगवानुवाच–

ब्रह्मक्षत्रविशः शूद्राः स्त्रियश्चात्राधिकारिणः ।
ब्रह्मचारी गृहस्थो वाऽनुपनीतोऽथवा द्विजः ॥२॥

ब्राह्मण् क्षेत्रि वैश्य शूद्र स्त्रीसमेत् अधिकारी छन् ।
संस्कार् न भयका ब्राह्मण् ब्रह्मचारी गृहस्थ झन् ॥२॥

वनस्थो वाऽवनस्थो वा यतिः पाशुपतव्रती ।
बहुनाऽत्र किमुक्तेन यस्य भक्तिः शिवार्चने ॥३॥

वन्मा घर्मा जहाँ होस् वा पाशुपत् ब्रतका यति ।
अधिकारी छन् ति सारा शिवका भक्त छन् जति ॥३॥

स एवात्राधिकारी स्यान्नान्यचित्तः कथञ्चन ।
जडोऽन्धो बधिरो मूको निःशौचः कर्मवर्जितः ॥४॥

अनन्य चित्तका जो छन् तिनै छन् अधिकारवान् ।
हुँदैनन् बहिरा लाटा जड आचारका अजान् ॥४॥

अज्ञोपहासका भक्ता भूतिरुद्राक्षधारिणः ।
लिङ्गिनो यश्च वा द्वेष्टि ते नैवात्राधिकारिणः ॥५॥
रुद्राक्ष भस्मधारीको भक्तको हिस्सि गर्दछन् ।
साधु संन्यासिका द्वेषि यिनै अनधिकारि छन् ॥५॥
यो मां गुरुं पाशुपतव्रतं द्वेष्टि धराधिप ।
विष्णुं वा न स मुच्येत जन्मकोटिशतैरपि ॥६॥
अनेककर्मसक्तोऽपि शिवज्ञानविवर्जितः ।
शिवभक्तिविहीनश्च संसारी नैव मुच्यते ॥७॥
पाशुपत् व्रतमा मैंमा गुरुमा विष्णुमा भयो ।
द्वेष गर्ने हुन्न मुक्ति कोटि जन्म बितेर त्यो ॥६॥
अनेक कर्म गर्ने होस् शिवज्ञान् भक्तिहीन् छ जो ।
त्यो मुक्त हुन्न संसार्मैं कर्म भोगि रहन्छ त्यो ॥७॥
आसक्ताः फलरागेण ये त्ववैदिककर्मणि ।
दृष्टमात्रफलास्ते तु न भक्ता विधिकारिणः ॥८॥
फलका प्रेमले जस्ले अवैदिक् कर्म गर्दछन् ।
प्रत्यक्ष फल भोग्ने हुन् कसोरी भव तर्दछन् ॥८॥
अविमुक्ते द्वारकायां श्रीशैले पुण्डरीकके ।
देहान्ते तारकं ब्रह्म लभते मदनुग्रहात् ॥९॥
श्रीशैल द्वारका काशी व्याघ्रपुर् क्षेत्रमा रही ।
एकाक्षरी अन्त्यकाल्मा मिल्छ मेरो दया भई ॥९॥

यस्य हस्तौ च पादौ च मनश्चैव सुसंयतम् ।
विद्या तपश्च कीर्तिश्च स तीर्थफलमश्नुते ॥१०॥

हात् पाऊ मन वश्मा छन् जसका तीर्थमा बसी ।
विद्या कीर्ति तपोयुक्त तिन्मा छन् तीर्थ फल् जति ॥१०॥

विप्रस्यानुपनीतस्य विधिरेवमुदाहृतः ।
नाभिव्याहारयेद्ब्रह्म स्वधानिनयनादृते ॥११॥

व्रतबन्ध न हुञ्जेल विधि यो गर्नुपर्दछ ।
स्वधाकार् वेद छाडेर नामले मात्र तर्दछ ॥११॥

स शूद्रेण समस्तावद्यावद्वेदान्न जायते ।
नामसङ्कीर्तने ध्याने सर्व एवाधिकारिणः ॥१२॥

शूद्रले तुल्य ती हुन्छन् व्रतबन्ध न होस् जब ।
ध्यानमा नाम कीर्तन्मा पाउँछन् अधिकार् सब ॥१२॥

संसारान्मुच्यते जन्तुः शिवतादात्म्यभावनात् ।
तथा दानं तपो वेदाध्ययनं चान्यकर्म वा ।
सहस्त्रांशं तु नार्हन्ति सर्वदा ध्यानकर्मणः ॥१३॥

शिवोऽहं भन्ने यो भाव छ जस्मा भव तर्दछ ।
तप दान् वेदको पाठ कर्म जो जति गर्दछ ।
ध्यान्को हज्जार एक् अंश जति हो तेत्ति पर्दछ ॥१३॥

जातिमाश्रममङ्गानि देशं कालमथापि वा ।
आसनादीनिकर्माणि ध्यानं नापेक्षते क्वचित् ॥१४॥

जाति आश्रम देश्कालको आसनादि यि कर्मको ।
ध्यान योगमा यि चाहिन्नन् अटूट् मन् जब लाग्न गो ।।१४।।

गच्छंस्तिष्ठञ्जपन्वापि शयानो वान्यकर्मणि ।
पातकेनापि वा युक्ते ध्यानादेव विमुच्यते ।।१५।।

चल्दा बस्दा सुतेमा भो जपमा अरु कर्ममा ।
गरेको होस पाप् सारा मुक्त हुन्छ उ ध्यानमा ।।१५।।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ।।१५।।

यो ध्यान योगमा नाश न प्रायश्चित्त कोहि छ ।
थोरै अनुष्ठान गर्दा ठूलो भय हटाउँछ ।।१६।।

आश्चर्ये वा भये शोके क्षुते वा मम नाम यः ।
व्याजेन वा स्मरेद्यस्तु स याति परमां गतिम् ।।१७।।

आश्चर्य भयमा शोक्मा हाच्छ्यूँमा शिव नाम यो ।
झुक्किई संझना गर्दा परम गति जान्छ त्यो ।।१७।।

महापापैरपि स्पृष्टो देहान्ते यस्तु मां स्मरेत् ।
पञ्चाक्षरीं वोच्चरति स मुक्तो नात्र संशयः ।।१८।।

महापातकि होस् मर्ने बेलामा संझी नामको ।
गर्दै पञ्चाक्षरी जप्ने संदेह छैन मुक्त भो ।।१८।।

विश्वं शिवमयं यस्तु पश्यत्यात्मानमात्मना ।
तस्य क्षेत्रेषु तीर्थेषु किं कार्यं वान्यकर्मसु ।।१९।।

संसारै शिवरूप् ब्रह्म यौटे देख्दछ आत्मले ।
तेस्लाई तीर्थ कर्मादि आवश्यक् छैन ज्ञानले ।।१९।।

सर्वेण सर्वदा कार्यं भूतिरुद्राक्षधारणम् ।
नित्यं शिवं शिवोक्तेन शिवभक्तिमभीप्सता ।।२०।।

शिवको भक्तिको इच्छा गर्ने मानिसले यहाँ ।
भस्म रुद्राक्ष लायेर गरोस् चिन्ता शिवैमहाँ ।।२०।।

नर्यभस्मसमायुक्तो रुद्राक्षान् यस्तु धारयेत् ।
महापापैरपि स्पृष्टो मुच्यते नात्र संशयः ।।२१।।

विभूति अग्नि होत्रैको रुद्राक्ष धारणा गरे ।
महापापी पनि होउन् सन्देह छैन ती तरे ।।२१।।

अन्यानि शैवकर्माणि करोतु न करोतु वा ।
शिवनाम जपेद्यस्तु सर्वदा मुच्यते तु सः ।।२२।।

अरू शिवजिका कर्म गरोस् वा न गरे पनि ।
शिवनाम जपे मात्र मुक्ति पाउँछ त्यो अनि ।।२२।।

अन्तकाले तु रुद्राक्षान्विभूतिं धारयेत्तु यः ।
महापापोपपापोघैरपि स्पृष्टो नराधमः ।।२३।।
सर्वथा नोपसर्पन्ति तं जनं यमकिङ्कराः ।।२४।।

रुद्राक्ष भस्मको धारण् अन्त्यकाल्मा गरेमहाँ ।
महापाप् उपपाप्कारी नराधम् जो छ लोकमा ।।२३।।
त्यस्लाई छुन सक्दैनन् यमका गणले तहाँ ।।२४।।

बिल्वमूलमृदा यस्तु शरीरमुपलिम्पति ।
अन्तकालेऽन्तकजनैः स सदूरीक्रियते नरः ॥२५॥
बेलका फेदको माटो जस्ले लाउँछ देहमा ।
त्यस्लाई पनि यमदुत्ले लाँदैनन् यमपूरमा ॥२५॥

श्रीराम उवाच–

भगवन् ! पूजितः कुत्र कुत्र वा त्वं प्रसीदसि ।
तद्ब्रूहि मम जिज्ञासा वर्तते महती विभो ! ॥२६॥
प्रसन्न कसरी केमा कहाँ पुज्दा हजूर् हुने ।
हे विभो ! सुन्न यो इच्छा बाँकि भो अरू सब् सुनैं ॥२६॥

ईश्वर उवाच–

मृदा वा गोमयेनापि भस्मना चन्दनेन वा ।
सिकताभिर्दारुणा वा पाषाणेनापि निर्मिता ।
लोहेन वाथ रङ्गेण कांस्यखर्परपित्तलैः ॥२७॥
माटो गोबर श्रीखण्ड बालुवा भस्मको पनि ।
शिला काष्ठ राङ्ग काँसो खप्पड् पित्तल भो अनि ।
शिवलिङ्ग बनाएर साक्षात् शङ्कर नै भनी ॥२७॥
ताम्ररौप्यसुवर्णैर्वारत्नैर्नानाविधैरपि ।
अथवापारदेनैव कर्पूरेणाथवा कृता ॥२८॥
सकेमा तामु सुन् चाँदि रत्नहेरू चुनी चुनी ।
पाराको अथवा खास कप्पुरैको भए पनि ॥२८॥

प्रतिमा शिवलिङ्गं वा द्रव्यैरेतैःकृतं तु यत् ।
तत्र मां पूजयेत्तेषु फलं कोटिगुणोत्तरम् ॥२९॥

यिनैबाट लिङ्ग मूर्ति बनाईकन पूजनू ।
कोटि गुण् फल यस्मा छ अरू के तिमिमा भनूँ ॥२९॥

मृद्दारूकांस्यलोहैश्च पाषाणेनापि निर्मिता ।
गृहिणां प्रतिमा कार्या शिवं शश्वदभीप्सता ॥३०॥

माटो काठ काँस लोहा शीलादेखि बनायको ।
पूजदा हुन्छ सब् पूरा मनोरथ गृहस्थको ॥३०॥

आयुः श्रियं कुलं धर्मं पुत्रानाप्नोति तैः क्रमात् ।
बिल्ववृक्षे तत्फले वा यो मां पूजयते नरः ॥३१॥

आयु धन् कुल फेर् धर्म पुत्रहेरू क्रमैमहाँ ।
बेलका रूखमा फल्मा मेरो पूजा गरे तहाँ ॥३१॥

परां श्रियमिह प्राप्य मम लोके महीयते ।
बिल्ववृक्षं समाश्रित्य यो मन्त्रान्विधिना जपेत् ॥३२॥

यहाँ ऐश्वर्य भोगेर मेरै लोक् पुग्छ अन्त्यमा ।
बेल्का रूख मुनि मन्त्र विधिले जप् गरेमहाँ ॥३२॥

एकेन दिवसेनैव तत्पुरश्चरणं भवेत् ।
यस्तु बिल्ववने नित्यं कुटिं कृत्वा वसेन्नरः ॥३३॥

एकै दिन्मात्रले हुन्छ पुरश्चरणको फल ।
बनाई बेलका वन्मा कुटी बस्दछ एकल ॥३३॥

सर्वे मन्त्राः प्रसिद्ध्यन्ति जपमात्रेण केवलम् ।
पर्वताग्रे नदीतीरे बिल्वमूले शिवालये ॥३४॥
सबै मन्त्र सिद्ध हुन्छन् जपले मात्र आखिर ।
पर्वत्मा बेलका फेद्मा नदी तीर् शिवमन्दिर ॥३४॥
अग्निहोत्रे केशवस्य सन्निधौ वा जपेत्तु यः ।
नैवास्य विघ्नं कुर्वन्ति दानवा यक्षराक्षसाः ॥३५॥
नजिकै विष्णुका होम्का जस्ले गर्दछ जप् तहाँ ।
गर्दैनन् विघ्न दान्वले यक्ष राक्षसले वहाँ ॥३५॥
तं न स्पृशंति पापानि शिवसायुज्यमृच्छति ।
स्थण्डिले वा जले वह्नौ वायावाकाश एव वा ॥३६॥
तेस्लाई पापले छुन्नन् शिवमा मिल्छ त्यो पनि ।
स्थण्डिल्मा जल अग्निमा वायु आकाशमा अनि ॥३६॥
गुरौ स्वात्मति वा यो मां पूजयेत्प्रयतो नरः ।
स कृत्स्नं फलमाप्नोति लवमात्रेण राघव ! ॥३७॥
गुरुमा आत्ममा मेरो पूजा जुन् जन गर्दछ ।
त्यस्मा समग्र फल् प्राप्ति निमष्मैं राम पर्दछ ॥३७॥
आत्मपूजासमा नास्ति पूजा रघुकुलोद्भव ! ।
मत्सायुज्यमवाप्नोति चाण्डालोऽप्यात्मपूजया ॥३८॥
आत्म पूजा समान् पूजा अरू क्वै छैन राघव ! ।
आत्मपूजनले राम! चाण्डालै पनि मुक्त छ ॥३८॥

सर्वान्कामानवाप्नोति मनुष्यः कम्बलासने ।
कृष्णाजिने भवेन्मुक्तिर्मोक्षश्रीर्व्याघ्रचर्मणि ।।३९।।

मन इच्छा सबै पूर्ण गर्छ कम्बल आसन ।
मृगाचर्म मुक्ति दिन्छ बाघाम्बर् पूर्ण धन् जन ।।३९।।

कुशासने भवेज्ज्ञानमारोग्यं पत्रनिर्मिते ।
पाषाणे दुःखमाप्नोति काष्ठे नानाविधान् गदान् ।।४०।।

कुशासन्मा ज्ञान हुन्छ पत्राशन्मा निरोगता ।
दुःख पर्छ शिलासन्मा दिन्छ रोग् काष्ठ सर्वदा ।।४०।।

वस्त्रेण श्रियमाप्नोति भूमौ मन्त्रो न सिद्ध्यति ।
प्राङ्मुखोदङ्मुखो वापि जपं पूजां समारभेत् ।।४१।।

वस्त्रमा हुन्छ सम्पत्ति सिद्ध हुन्न जमीनमा ।
फर्कनू पूर्व उत्तर् मुख् जप पूजादि कर्ममा ।।४१।।

अथ मालाविधिं वक्ष्ये शृणुष्वावहितो नृप ! ।
साम्राज्यं स्फटिके स्यात्तु पुत्रजीवे परां श्रियम् ।।४२।।

हे राजन् ! सुन, मालाको विधि एकाग्र भैकन ।
राज्य स्फटिक मालाले फेर् पुत्र जीवले धन ।।४२।।

आत्मज्ञानं कुशग्रन्थौ रुद्राक्षाः सर्वकामदाः ।
प्रवालैश्च कृता माला सर्वलोकवशप्रदा ।।४३।।

आत्मज्ञान् कुशग्रन्थिले रुद्राक्ष सर्वपूरण ।
सबै लोक् वशमा हुन्छन् मुगाको गरि धारणा ।।४३।।

मोक्षप्रदा च माला स्यादामलक्याः फलैः कृता ।
मुक्ताफलैः कृता माला सर्वविद्याप्रदायिनी ।।४४।।

अमलाको छ जो माला दिन्छ मोक्ष सरासरी ।
मणिमाला जपेदेखि दिन्छ विद्या सबैथरी ।।४४।।

माणिक्यरचिता माला त्रैलोक्यस्त्रीवशङ्करी ।
नीलैर्मरकतैर्वापि कृता शत्रुभयप्रदा ।।४५।।

स्त्री हुन्छन् वशमा माला मणिका जपदा सदा ।
माला नीलमणि जप्दा डर्दछन् शत्रु सर्वदा ।।४५।।

सुवर्णरचिता माला ददाद्वै महतीं श्रियम् ।
तथा रौप्यमयी माला कन्यां यच्छति कामिताम् ।।४६।।

सुवर्णले बनाएको माला ऐश्वर्य भर्दछ ।
रोजेकी कन्या पाइन्छे चाँदिको यदि धर्दछ ।।४६।।

उक्तानां सर्वकामानां दायिनी पारदैः कृता ।
अष्टोत्तरशता माला तत्र स्यादुत्तमोत्तमा ।।४७।।

पाराको यदि होस् माला एक्सय आठको झन ।
भने जति दिन्छ फल उत्तम् तापनि उत्तम ।।४७।।

शत संख्योत्तमा माला पञ्चाशन्मध्यमा मता ।
चतुःपञ्चाशती यद्वा अधमा सप्तविंशतिः ।।४८।।

अष्टोत्तरसय माला उत्तम् फेर चउन्नको ।
मध्यम् हो जपिने माला अधम् सत्ताइसै छ जो ।।४८।।

अधमा पञ्चविंशत्या यदि स्याच्छतनिर्मिता ।
पञ्चाशदक्षराण्यत्रानुलोमप्रतिलोमतः ॥४९॥

अधम् पच्चिसको माला उत्तम् जो शत संख्यको ।
अ बाट ल समन् वर्ण ल बाट अ समन् छ त्यो ॥४९॥

इत्येवं स्थापयेत्स्पष्टं न कस्मैचित्प्रदर्शयेत् ॥५०॥

यी अक्षरमयी माला न देखाई गरोस् जप ॥५०॥

वर्णैर्विन्यस्तया यस्तु क्रियते मालया जपः ।
एकवारेण तस्यैव पुरश्चर्या कृता भवेत् ॥५१॥

अक्षर्को भावना राखी जस्ले गर्छ नियम् जप ।
एकैबार जपे मात्र पुरश्चर्ण भयो तब ॥५१॥

सव्यपार्ष्णिं गुदे स्थाप्य दक्षिणं च ध्वजोपरि ।
योनिमुद्राबन्ध एष भवेदासनमुत्तमम् ॥५२॥

वामपाऊ गुदद्वार्मा दाहिनू लिङ्ग ऊपरी ।
योनिबन्ध आसन यो मुद्रा बन्दछ येसरी ॥५२॥

योनिमुद्रासने स्थित्वा प्रजपेद्यः समाहितः ।
यं कंचिदपि वा मन्त्रं तस्य स्युः सर्व सिद्धयः ॥५३॥

योनिबन्धन आसन्मा बसेर दृढ भै जब ।
जुन्सुकै मन्त्र हुन् त्यस्का सिद्ध हुन्छन् सहज्सँग ॥५३॥

छिन्ना रुद्धाः स्तम्भिताश्च मिलिता मूर्च्छितास्तथा ।
सुप्ता मत्ता हीनवीर्या दग्धाः प्रत्यर्थिपक्षगाः ॥५४॥

छिन्न रुद्ध स्तम्भित भो मिलित मूर्छितै भयो ।
सुप्त मत्त हीनवीर्य दग्ध भो शत्रुपक्षको ।।५४।।
बाला यौवनमन्त्राश्च वृद्धा मत्ताश्च ये मताः ।
योनिमुद्रासने स्थित्वा मन्त्रानेवं विधाञ्जपेत् ।।५५।।
बाल यौवन फेर् बृद्ध मत्त यी मन्त्र छन् जति ।
योनिमुद्रामहाँ जप्नू सिद्ध हुन्छन् जपे जति ।।५५।।
तस्य सिद्ध्यन्ति ते मन्त्रा नान्यस्य तु कथंचन ।
ब्राह्मं मुहूर्तमारभ्यामध्याह्नं प्रजपेन्मनुम् ।।५६।।
यै हो मुद्रा सिद्ध गर्ने यो समान् छैन क्वै अरू ।
गर्नू ब्रह्ममुहूर्तैमा मध्याह्नतक जप्हरू ।।५६।।
अत ऊर्ध्वं कृते जाप्ये विनाशाय भवेद्ध्रुवम् ।
पुरश्चर्याविधावेवं सर्वकाम्यफलेष्वपि ।।५७।।
मध्याह्नदेखि माथिको जपले नाश गर्दछ ।
पुरश्चर्ण काम्य फल्मा यै विधि गर्नु पर्दछ ।।५७।।
नित्ये नैमित्तिके वापि तपश्चर्यासु वा पुनः ।
सर्वदैव जपः कार्यो न दोषस्तत्र कश्चन ।।५८।।
नित्य नैमित्त तपमा छैन काल् नियम जति ।
सर्वदा हुन्छ जप् गर्न छैन दोष् तेसमा रती ।।५८।।
यस्तु रुद्रं जपेन्नित्यं ध्यायमानो ममाकृतिम् ।
षडक्षरं वा प्रणवं निष्कामो विजितेन्द्रियः ।।५९।।

जस्ले रुद्रि गर्छ पाठ संझदै मूर्ति यो 'म' को ।
जपौं ॐ वा षडक्षर्को मन्त्र निष्कामले त यो ।।५९।।

तथाथर्वशिरोमन्त्रं कैवल्यं वा रघूत्तम ! ।
स तेनैव च देहेन शिवः सञ्जायते स्वयम् ।।६०।।

अथर्वशिर कैवल्योपनिषद् होस् रघूत्तम ! ।
त्यै देहले बन्छ शिव हो मुक्तिसार उत्तम ।।६०।।

अधीते शिवगीतां यो नित्यमेतां जितेन्द्रियः ।
शृणुयाद्वा स मुक्तः स्यात्संसारान्नात्र संशयः ।।६१।।

इन्द्रियै वशमा राखी शिवगीता पढोस यो ।
संसार्देखि हुन्छ मुक्ति सुन्नाले पनि मात्र त्यो ।।६१।।

इति श्रीपद्मपुराणे उपरिभागे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे शिवराघवसंवादे भवानीटीकायां
गीताधिकारिनिरूपणं नाम षोडशोऽध्यायः ।।१६।।

सुदामाको कनिका (कविता सङ्ग्रह)

(ओमप्रकाश अधिकारीद्वारा सम्पादित यस पुस्तकमा सुदामाको चरित्र र अश्वत्थामा चरित्रका साथै अन्य समसामयिक एवं धार्मिक कविताहरू सङ्ग्रहित छन्)। कृपया प्राप्त गर्नुहोला !

अथ सप्तदशोऽध्यायः

श्रीभगवानुवाच–

अव्यक्तादभवत्कालः प्रधानपुरुषः परः ।
तेभ्यः सर्वमिदं जातं तस्माद्ब्रह्ममयं जगत् ॥१॥

अव्यक्तदेखि भो काल कालदेखि विराट छ ।
त्यस्देखि सब संसार तस्माद् ब्रह्ममयं सब ॥१॥

सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।
सर्वतः पाणिपादं तत्सर्वतोक्षिशिरोमुखम् ॥२॥

नेत्र कान् हात पाऊ मुख् शिर चारौं तरफ् धरी ।
रहने सर्व व्यापक्भै उनै एक थरी-थरी ॥२॥

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
सर्वाधारं सदानन्दमव्यक्तं द्वैतवर्जितम् ॥३॥

जस्देखि इन्द्रिये जो वश् छन् इन्द्रिय रहीत छन् ।
सर्वाधार सदानन्द अदृश्य द्वैत हीन छन् ॥३॥

सर्वौपम्यं परं नित्यं प्रमाणं चाप्यगोचरम् ।
निर्विकल्पं निराभासं सर्वावासं परामृतम् ॥४॥

सबैको उपमा योग्य कारण् एक अगोचर ।
निर्विकारी निराभासी सर्वाधार अजम्बर ॥४॥

अभिन्नं भिन्नसंस्थानं शाश्वतं ध्रुवमव्ययम् ।
निर्गुणं परमं ज्योतिस्तत्स्थानं सूरयो विदुः ॥५॥

सबैमा व्याप्त भै भित्र निश्चल अविनाशि छन् ।
निर्गुणी परमज्योति त्यहि स्थान् सन्त भन्दछन् ।।५।।

सर्वात्मा सर्वभूतानां सबाह्याभ्यन्तरः परः ।
सोऽहं सर्वगतः शान्तो ज्ञानात्मा परमेश्वरः ।।६।।

सम्पूर्ण प्राणिको आत्मा न भित्र न छ बाहिर ।
सर्व व्यापक् म तेहि हुँ ज्ञानात्मा परमेश्वर ।।६।।

मया ततमिदं विश्वं जगत्स्थावरजङ्गमम् ।
मत्स्थानि सर्वभूतानि इत्थं वेदविदो विदुः ।।७।।

स्थावर् जङ्गम संसार सबै यो मयिबाट भो ।
रहन्छ मयिमा सारा वेदज्ञ भन्दछन् यसो ।।७।।

प्रधान पुरुषश्चैव तत्र द्वयमुदाहृतम् ।
तयोरनादिरुद्दिष्टः कालः संयोजकः परः ।।८।।
त्रयमेतदनाद्यन्तमव्यक्ते समवस्थितम् ।
तदात्मकं तदन्यत्स्यात्तद्रूपं मामकं विदुः ।।९।।

प्रधान र पुरुष् भन्छन् दुइटा शास्त्रमा लिने ।
अनादिकाल तिन्मा छ दुवैको भेट् गराउने ।।८।।
अनादि यी तिनै भन्छन् अव्यक्तमा रहन्छन ।
यी तिन्को एकता जो हो जान्दछन् त्यै म सज्जन ।।९।।

महदाद्यं विशेषान्तं सम्प्रसूतेऽखिलं जगत् ।
या सा प्रकृतिरुद्दिष्टा मोहिनी सर्वदेहिनाम् ।।१०।।

महत्तत्त्वदेखि सारा संसार्कै सृष्टि गर्दछिन् ।
यिनै हुन् प्रकृती माया प्राणिमा मोह भर्दछिन् ।।१०।।

पुरुषः प्रकृतिस्थो वै भुंक्ते यः प्राकृतान्गुणान् ।
अहंकारविविक्तत्वात्प्रोच्यते पञ्चविंशकः ।।११।।

पुरुष्ले प्रकृतीसाथ गुणको भोग गर्दछन् ।
अहङ्कारसहित् पच्चीस् तत्वको देह भन्दछन् ।।११।।

आद्यो विकारः प्रकृतेर्ममहानात्मेति कथ्यते ।
विज्ञानशक्तिविज्ञाता ह्यहंकारस्तदुत्थितः ।।१२।।

प्रकृतिको विकार् पैलो महान् आत्मा भनिन्छ जो ।
विज्ञान शक्तिले युक्त त्यस्देखि ममता छ यो ।।१२।।

एक एव महानात्मा सोऽहंकारोभिधीयते ।
स जीवः सोऽन्तरात्मेति गीयते तत्त्वचिन्तकैः ।।१३।।

जो महान् आत्म हो तेही अहंकार भनिन्छ यो ।
त्यही जीव् अन्तरात्मा हो भन्दछन् तत्त्वज्ञानि यो ।।१३।।

तेन वेदयते सर्वं सुखं दुःखं च जन्मसु ।
स विज्ञानात्मकस्तस्य मनः स्यादुपकारकम् ।।१४।।

तेसैले सुख दुःख् सारा भोग्छ जन्म लिई यहाँ ।
विज्ञानात्मा जीवको मन् उपकारी छ साथमा ।।१४।।

तेनाविवेकजस्तस्मात्संसारः पुरुषस्य तु ।
स चाविवेकः प्रकृतेः संगात्कालेन सोभवत् ।।१५।।

प्रकृतिका सङ्गतले पुरुष् संसारी यै भयो ।
प्रकृतिकै संगतले अज्ञानी बनिंदै गयो ।।१५।।

कालः सृजति भूतानि कालः संहरते प्रजाः ।
सर्वे कालस्य वशगा न कालः कस्यचिद्वशे ।।१६।।

कालैले गर्छ सृष्टि यो कालैले लय गर्दछ ।
कालैका वश छन् सारा काल् कस्का वश पर्दछ ।।१६।।

सोऽन्तरा सर्वमेवेदं नियच्छति सनातनः ।
प्रोच्यते भगवान् प्राणः सर्वज्ञः पुरुषोत्तमः ।।१७।।

अन्तरात्मा पुरुष् यौटै हृदयेघटमा ति छन् ।
सर्वज्ञ प्राणले साथ पुरुषोत्तम भन्दछन् ।।१७।।

सर्वेन्द्रियेभ्यः परमं मन आहुर्मनीषिणः ।
मनसश्चाप्यहङ्कारस्त्वहङ्कारान्महत्परम् ।।१८।।

सबै इन्द्रियभन्दा मन् बुद्धिमान् भन्दछन् पर ।
अहङ्कार् मनदेखि फेर् महत्तत्त्व छ झन् पर ।।१८।।

महतः परमव्यक्तमव्यक्तात्पुरुषः परः ।
पुरुषाद्भगवान्प्राणस्तस्मात्सर्वमिदं जगत् ।।१९।।

महत्देखि छ अव्यक्त त्यस्देखि पुरुष पर ।
पुरुष्देखि प्राण पर प्राणैमा छ जगत् भर ।।१९।।

प्राणात्परतरं व्योम व्योमातीतोऽग्रिरीश्वरः ।
सहं सर्वगतः शान्तो मया ततमिदं जगत् ।।२०।।

प्राणदेखि पर आकाश् त्यस्देखि अग्नि ईश्वर ।
ती सबैमा म छू व्याप्त मैंदेखि सब विस्तर ।।२०।।

नास्ति मत्तः परं भूतं मां विज्ञाय विमुच्यते ।
नित्यं हि नास्ति जगति भूतं स्थावरजङ्गमम् ।।२१।।

मदेखि पर क्वै छैनन् जाने मैंमात्र तर्दछन् ।
स्थावर् जङ्गम हो नाश्वान उसैमा भूल पर्दछन् ।।२१।।

ऋते मामेकमव्यक्तं व्योमरूपं महेश्वरम् ।
सोऽहं सृजामि सकलं संहराम्यखिलं जगत् ।।२२।।

केवल् मैंमात्र छू गुप्त आकाशरूप महेश्वर ।
सारा संसारको सृष्टि गर्छू प्रलय आखिर ।।२२।।

मयि मायामये देवः कालेन सह सङ्गतः ।
मत्सन्निधावेष कालः करोति सकलं जगत् ।।२३।।

मायामय ममा सङ्गत् हुँदा काल सबै यहाँ ।
गर्छ संसारको सृष्टि मेरै साहस ली तहाँ ।।२३।।

नियोजयत्यनन्तात्मा ह्येतद्वेदानुशासनम् ।
महादेवेति कालात्मा कालान्तो दैत्यसूदनः ।।२४।।

अनन्तात्मा यही काल् हो भन्दछन् वेदले पनि ।
महादेव् कालको काल नियामक् दैत्य मारनि ।।२४।।

वक्ष्ये समाहिता यूयं शृणुध्वं ब्रह्मवादिनः ।
माहात्म्यं देवदेवस्य येन सर्वं प्रवर्तते ।।२५।।

सुन एकाग्र भै भन्छू हे ब्रह्मवादि हो! अब ।
माहात्म्य परमेश्वरको जस्‌देखि बन्छ यो सब ।।२५।।

नाहं तपोभिर्विविधैर्न दानैर्नापि चेज्यया ।
शक्यो हि पुरुषैर्ज्ञातुमृते भक्तिमनुत्तमाम् ।।२६।।

तपले दानले जान्न सकिन्न यज्ञले पनि ।
मलाई भक्तिले मात्र जान्दछ कारणै भनी ।।२६।।

अहं हि सर्वभूतानामन्तस्तिष्ठामि सर्वगः ।
मां सर्वसाक्षिणं लोको न जानाति मुनीश्वराः ।।२७।।

मैं छू सारा प्राणिभित्र मैं छू बाहिरमा पनि ।
हे मुनीश्वर! यो लोक जान्दैनन् साक्षि हुन् भनी ।।२७।।

तस्यान्तरा सर्वमिदं यो हि सर्वान्तरः परः ।
सोऽहं धाता विधाता च कालाग्निर्विश्वतोमुखः ।।२८।।

मैं हुँ त्यो हृदयेवासी मैंदेखि सब बन्दछन् ।
धाता विधाता कालाग्नि जति ईश्वर भन्दछन् ।।२८।।

न मां पश्यन्ति मुनयः सर्वेऽपि त्रिदिवौकसः ।
ब्रह्माद्या मनवः शक्रा ये चान्ये प्रथितौजसः ।।२९।।

त्यस्ता मलाइ देख्दैनन् मुनिले देवतादिले ।
ब्रह्माले मनुले सारा इन्द्र आदि प्रतापिले ।।२९।।

गृणन्ति सततं वेदा मामेकं परमेश्वरम् ।
यजन्ति विविधैर्यज्ञैर्ब्राह्मणा वैदिकैर्मखैः ।।३०।।

मेरै गर्छन् स्तुति सारा चारवेद निरन्तर ।
गर्छन् ब्राह्मणले वैदिक् यज्ञ मेरै परी भर ।।३०।।

सर्वे लोका नमस्यन्ति ब्रह्मा लोकपितामहः ।
ध्यायन्ति योगिनो देवं भूताधिपतिमीश्वरम् ।।३१।।

सारा लोक नमस्कार गर्छन् ब्रह्माजिले पनि ।
ध्यान् गर्छन् योगिजन् मेरै भूताधिपति ह्वौ भनि ।।३१।।

अहं हि सर्वहविषां भोक्ता चैव फलप्रदः ।
अहं सर्वतनुर्भूत्वा सर्वात्मा सर्वसंस्थितः ।।३२।।

मैं हुँ सारा हवि खाने फलदाता पनी म हुँ ।
मैं हुँ सारा तनुर्धारी सबमा मैं अभिन्न हुँ ।।३२।।

मां हि पश्यन्ति विद्वांसो धार्मिका वेदवादिनः ।
तेषां सन्निहितो नित्यं ये मां नित्यमुपासते ।।३३।।

धार्मिक् विद्वान् वेदवादी मलाई देख्दछन् तिनै ।
तिनैका साथमा बस्छू जस्ले गर्छन् उपासनै ।।३३।।

ब्राह्मणाः क्षत्रिया वैश्या धार्मिका मामुपासते ।
तेषां ददामि तत्स्थानमानन्दं परमं पदम् ।।३४।।

ब्राह्मण् क्षेत्रि वैश्य धार्मिक् गर्छन् मेरो उपासन ।
तिनैमा दिन्छु त्यो स्थान परमानन्द भन्छन ।।३४।।

अन्येऽपि ये स्वधर्मस्थाः शूद्राद्या नीचजातयः ।
भक्तिमन्तः प्रमुच्यन्ते कालेनापि हि सङ्गताः ।।३५।।

स्वधर्म फालने शूद्र अरू नीचादि जो छन ।
भक्तिले मात्र हुन्छन् ती मुक्त मैंमा दिंदा मन ।।३५।।

न मद्भक्ता विनश्यन्ति मद्भक्त्या वीतकल्मषाः ।
आदावेतत्प्रतिज्ञातं न मे भक्तः प्रणश्यति ।।३६।।

मेरा भक्त नासिंदैनन् भक्तले पाप नास्दछन् ।
प्रतिज्ञा पहिलो यो छ मेरा भक्त अनाशी छन् ।।३६।।

यो वै निन्दति तं मूढो देवदेवं स निन्दति ।
यो हि तं पूजयेद्भक्त्या स पूजयति मां सदा ।।३७।।

ति मेरा भक्तको निन्दा गर्दा निन्दा 'म' को गरे ।
भक्तको गरदा पूजा मेरै पूजा सदा गरे ।।३७।।

शिवस्य परिपूर्णस्य किं नाम क्रियते शुभम् ।
यत्कृतं शिवभक्ताय तत्कृतं स्याच्छिवे मयि ।।३८।।

परिपूर्ण मैं छु शिव मेरो के शुभ गर्दछन् ।
जो गर्छन् शिवभक्तैमा तिनै मेरा हितैषि छन् ।।३८।।

पत्रं पुष्पं फलं तोयं मदाराधनकारणात् ।
यो मे ददाति नियतं स मे भक्तः प्रियो मम ।।३९।।

अहं हि जगतामादौ ब्रह्माणं परमेष्ठिनम् ।
उत्तमः पुरुषस्त्वन्यः परमात्मा हि गीयते ।।४०।।

सृष्टिका समये ब्रह्मा परमेष्ठि मयि बनैं ।
पालन्मा पुरुष विष्णु परमात्मा म नै बनैं ।।४०।।

अहमेव हि सर्वेषां योगिनां गुरुरव्ययः ।
धार्मिकाणां च गोप्ताहं निहन्ता वेदविद्विषाम् ।।४१।।
अविनाशी गुरु मैं हुँ योगिको ज्ञान यो पनि ।
धार्मिक्को पालनाकारी वेदद्रोहि विनाशनी ।।४१।।
अहं हि सर्वसंसारान्मोचको योगिनामिह ।
संसारहेतुरेवाहं सर्वसंसारवर्जितः ।।४२।।
संसार्देखि मुक्त गर्ने मैं हुँ योगीहरूमहाँ ।
संसार्को कारणै मै हुँ छ संसार् फरकै जहाँ ।।४२।।
अहमेव हि संहर्ता स्त्रष्टाऽहं परिपालकः ।
माया वै मामिका शक्तिर्माया लोकविमोहिनी ।।४३।।
सृष्टि पालन संहार्को कर्ताभर्ता मई बनी ।
माया छन् प्रकृति मेरी सबै लोक् मोह पारनी ।।४३।।
ममैव च परा शक्तिर्या सा विद्येति गीयते ।
नाशयामि च तां मायां योगिनां हृदि संस्थितः ।।४४।।
मेरी यी परमाशक्ति विद्या जस्लाइ भन्दछन् ।
म हुँदा योगिका घट्मा परभन्दा परै ति छन् ।।४४।।
अहं हि सर्वशक्तीनां प्रवर्तकनिवर्तकः ।
आधारःसर्वभूतानां निधानममृतस्य च ।।४५।।
सबै यी शक्तिको प्रेरक् निवृत्ति गरने पनि ।
संपूर्ण प्राणिको आधार् मुक्तिको कारणै अनि ।।४५।।

अहमेव जगत्सर्वं मय्येव सकलं जगत् ।
मत्त उत्पद्यते विश्वं मय्येव च विलीयते ।।४६।।
मै हुँ सारा जगत् फेरि मैंमा छ जगतै सब ।
उत्पत्ति हुन्छ मैंबाट मैंमा छ सब यो लय ।।४६।।
अहं हि भगवानीशः स्वयं ज्योतिः सनातनः ।
परमात्मा परं ब्रह्म मत्तो ह्यन्यन्न विद्यते ।।४७।।
ईश्वर् हुँ भगवान् मै हुँ दीव्यज्योति सनातन ।
परमात्मा परब्रह्म मदेखि छैन किञ्चन ।।४७।।
एका सर्वाऽन्तरा शक्तिः करोति विविधं जगत् ।
आस्थाय ब्रह्मणो रूपं मन्मयी मदधिष्ठिता ।।४८।।
सबैमा व्यापिका शक्ति गर्छिन् सृष्टि अनेकन ।
म समान् भै ब्रह्मा रूपले रहेकी मइमा छन ।।४८।।
अन्या च शक्तिर्विपुला संस्थापयति या जगत् ।
भूत्वा नारायणो देवो जगन्नाथो जगन्मयः ।।४९।।
द्वितीया वैष्णवी शक्ति जगत्को पालना गरी ।
नारायण जगन्नाथ जगदाधार रूप् धरी ।।४९।।
तृतीया महती शक्तिर्निहन्ति सकलं जगत् ।
तामसी मे समाख्याता कालाख्या रौद्ररूपिणी ।।५०।।
तृतीया तामसी शक्ति कालरुद्र बनीकन ।
गर्दछिन् सब संहार ब्रह्मा विष्णु लिईकन ।।५०।।
ध्यानेन मां प्रपश्यन्ति केचिज्ज्ञानेन चापरे ।
अपरे भक्तियोगेन कर्मयोगेन चापरे ।।५१।।

मलाई ध्यानले देख्छन् कसैले ज्ञानले अनि ।
कसैले भक्तियोग्बाट कोहि कर्मेष्ठि नै बनी ।।५१।।

सर्वेषामेव भक्तानामिष्टः प्रियतरो मम ।
यो हि ज्ञानेन मां नित्यमाराधयति नान्यथा ।।५२।।

सबभन्दा ठुलो प्यारो भक्त त्यो छ ममा अति ।
ज्ञानले सदसत् जानी विचार्मैं लाउने मती ।।५२।।

अन्ये च येऽत्र भक्ता मे मदाराधनकाङ्क्षिणः ।
तेऽपि मां प्राप्नुवन्त्येव नावर्तन्ते च वै पुनः ।।५३।।

जुन्सुकै भक्त हुन् मेरा मेरो आराधना गरी ।
ती सबै मइमा पुग्छन् घोर संसार यो तरी ।।५३।।

मया ततमिदं कृत्स्नं प्रधानपुरुषात्मकम् ।
मय्येव संस्थितं सर्वं मया संप्रेर्यते जगत् ।।५४।।

विस्तार् मैले गरें सारा जगत् यो पुरुषात्मक ।
रहन्छ मयिमा सारा एकैमात्र छु प्रेरक ।।५४।।

नाहं प्रेरयिता विप्राः परमं योगमाश्रितः ।
प्रेरयामि जगत्कृत्स्नमेतद्यो वेद सोऽमृतः ।।५५।।

परंयोगी म छू ब्रह्म ह्वैन प्रेरयिता शिव ।
उपाधिले प्रेरकझैं देखिने मात्र हुँ ठीक ।।५५।।

पश्याम्यशेषमेवेदं वर्तमानं स्वभावतः ।
करोति कालो भगवान्महायोगेश्वरःस्वयम् ।।५६।।

सारा जगत् देख्छु मात्र स्वभाव्ले रहने यहाँ ।
महायोगेश्वर काल्ले प्रेरणा गर्छ सब्महाँ ।।५६।।

योगात्संप्रोच्यते योगी मया शास्त्रेऽपि सूरिभिः ।
योगेश्वरोऽसौ भगवान्महादेवो महान्प्रभुः ।।५७।।

भन्दछन् योगले योगी विद्वान्ले सब शास्त्रमा ।
त्यो योग्को मालिकै मै हुँ महादेव छु लोकमा ।।५७।।

महत्त्वात्सर्वसत्त्वानां परत्वात्परमेष्ठिनः ।
प्रोच्यते भगवान्ब्रह्मा महादेवो महेश्वरः ।।५८।।

ठूलाभन्दा ठुलो मैं छू ब्रह्मादेखि परै म छू ।
यसैले नाम भो ब्रह्म महेश्वर् अरू जो कछू ।।५८।।

यो मामेवं विजानाति महायोगेश्वरेश्वरम् ।
सोऽविकल्पेन योगेन युज्यते नात्र संशयः ।।५९।।

महायोगेश्वर व्यापक् मलाई जान्दछन् जउन् ।
निर्विकल्प समाधिमा पुग्दछन् संशयै नहुन् ।।५९।।

अहं प्रेरयिता देवः परमानन्दमाश्रितः ।
नृत्यामि योगी सततं यस्तं वेद स वेदवित् ।।६०।।

परमानन्दमा बस्ने प्रेरक सबको यहाँ ।
योगमा नाचने त्यै हो म जान्ने जाननेमहाँ ।।६०।।

इति श्रीपद्मपुराणे शिवगीतासूपनिषत्सु ब्रह्मविद्यायां शिवराघवसंवादे ब्रह्मनिरूपणं नाम सप्तदशोऽध्यायः ।।१७।।

अथ अष्टादशोऽध्यायः

श्रीराम उवाच–

देवदेव महादेव सृष्टिसंहारकारक ।
करुणा क्रियतां नाथ! वद मे मुक्तिसाधनम् ॥१॥

देवदेव! महादेव! सृष्टिसंहारका पिता ।
करुणा गरि भन्नूहोस् मुक्तिको साधना ठीक ॥१॥

श्रीशिव उवाच–

शृणु राम! महाप्राज्ञ! एकाग्रकृतमानसः ।
तथेदं कथयिष्यामि महानन्दकरं परम् ॥२॥

सुन राम महाबुद्धे ! एकाग्र मन भैकन ।
मुक्तिका साधना भन्छू परमानन्द जो छन ॥२॥

सर्वज्ञं सर्वमाश्रित्य सर्वेशं सर्वलक्षणम् ।
भावाभावविनिर्मुक्तमुदयास्तविवर्जितम् ॥३॥

सर्वज्ञ सबका मालिक् सर्व लक्षणवान् उनै ।
उदयास्त छैन जस्मा भावाभाव पनी कुनै ॥३॥

स्वभावेनोदितं शान्तं यन्नो पश्यति नाव्ययम् ।
निरालम्बं परं सूक्ष्मं सर्वाधारं परात्परम् ॥४॥

स्वभावैले प्रकाश् आफै अविनाशी न देखिने ।
अति सानू निरालम्बी सर्वथा श्रेष्ठ मानिने ॥४॥

विलक्षण ब्रह्म (शिवतत्त्व) को वर्णन :

"नो ध्यानं ध्येयसंपन्नं न लक्ष्यं न च भावना ।
नाबद्धकरणं नैव नाभ्यासाच्चालनेन च ॥५॥

न ध्यान ध्येय सम्पन्न न लक्ष न च भावना ।
न अबद्ध करण्मा क्वै न छ अभ्यास चालमा ॥५॥

न इडा पिंगला चैव सुषुम्ना नागमागमौ ।
अनाहते न कण्ठे च नैव नादे च बिन्दुके ॥६॥

इडामा पिंगलामा भो सुषुम्ना कण्ठ नादमा ।
अनाहद्विन्दुमा नाद्मा जस्को छैन गमागम ॥६॥

हृदये नैव शीर्षे च चक्षुरुन्मीलने न च ।
ललाटे नैव नासाग्रे प्रवेशे निर्गमे न च ॥७॥

हृदये शिरमा आँखा खोलेमा नासिकाऽग्रमा ।
निधार्मा निस्कदा पस्दा भेटिन्न अविचारमा ॥७॥

न बिन्दुमालिनी हंसो नाकाशो नैव तारका ।
न निरोधो न च ज्ञानं मुद्रायां नैव चासने ॥८॥

न छ बिन्दुमालिनीमा न तारा हंसमा कहीं ।
न समाधि न ता ज्ञान्मा मुद्रा आसनमा नहीं ॥८॥

रेचके पूरके नैव कुम्भके न च सम्पुटे ।
न चिन्ता न च शून्यञ्च न स्थानन्न च कल्पना ॥९॥

पूर कुम्भक रेचक्मा सम्पुट्मा न छ त्यो अनि ।
न चिन्ता शून्यको स्थान छैन क्वै कल्पना पनि ॥९॥